# नारायण ढकालका उपन्यासमा प्रगतिवाद

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्काय, नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित

दर्शनाचार्य-विद्यावारिधि तह, तेस्रो सत्रको

पाठ्यांश सङ्केत ७२० को

प्रयोजनका लागि

प्रस्तुत

**शोधप्रबन्ध**


**शोधार्थी**

**सरोज धिताल**

दर्शनाचार्य-विद्यावारिधि तह, तेस्रो सत्र

त्रिभुवन विश्वविद्यालय,

नेपाली केन्द्रीय विभाग,

कीर्तिपुर, काठमाडौं


२०८१

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य-विद्यावारिधि तह, तेस्रो सत्रका विद्यार्थी श्री सरोज धितालले *नारायण ढकालका उपन्यासमा प्रगतिवाद* शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार गर्नुभएको हो । म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल
शोधनिर्देशक

मिति : २०८१/११/०४

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि, तहका विद्यार्थी श्री सरोज धितालले दर्शनाचार्य - विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत ७२० को प्रयोजनार्थ तयार पार्नुभएकाको *नारायण ढकालका उपन्यासमा प्रगतिवाद* शीर्षकको शोधप्रबन्धको आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## शोधप्रबन्ध मूल्याङ्कन समिति

**नाम** **हस्ताक्षर**

१. **प्रा.डा. कृष्णप्रसाद न्यौपाने** ............................

(विभागीय प्रमुख)

२. **प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल** ................................

(शोधनिर्देशक)

**३.सह प्रा.डा. दुर्गाबहादुर घर्ती** ................................

(आन्तरिक परीक्षक)

४. **प्रा. डा. षडानन्द पौड्याल** .................................

(बाह्य परीक्षक)

मिति : २०८१/११/१२

# कृतज्ञताज्ञापन

*नारायण ढकालका उपन्यासमा प्रगतिवाद* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको निर्धारित पाठ्यांश ७२० को प्रयोजनार्थ आदरणीय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधप्रबन्ध तयार गर्ने क्रममा आदरणीय गुरुबाट प्राज्ञिक सल्लाह तथा कुशल निर्देशन प्राप्त भएको छ । उहाँले यो शोधप्रबन्ध तयार पार्ने क्रममा आइपरेका विभिन्न समस्याहरूको समाधान गर्दै मार्गदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी कुशल एवम् समुचित दिग्दर्शन गराउनु भएकाले उहाँप्रति म हार्दिक आभारसहित कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार गर्न स्वीकृति प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागका प्रमुख आदरणीय गुरु प्रा.डा.कृष्णप्रसाद न्यौपानेप्रति म आभारी छु । यो शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा आवश्यक सरसल्लाह दिएर तथा सामग्री देखाइदिएर समयसमयमा सल्लाह प्रदान गर्ने आदरणीय गुरु सहप्रा.डा. दुर्गाबहादुर घर्तीलगायत विभागका सम्पूर्ण गुरुहरूप्रति म कृतज्ञ छु ।

प्रस्तुत दर्शनाचार्य-विद्यावारिधि अध्ययन तथा शोधप्रबन्धको तयारीका क्रममा कागेश्वरी मनोहरा नगरपालिका काठमाडौँबाट आंशिक विद्वत्वृत्ति उपलब्ध भएकाले यसबाट मेरो अनुसन्धानलाई आर्थिक रूपमा पनि सहयोग प्राप्त भएको छ । यसर्थ मेरो अनुसन्धानलाई सफल बनाउन नगरपालिकाको प्रोत्साहनमूलक भूमिका पनि मेरा लागि अविस्मरणीय छ । अतः कागेश्वरी मनोहरा नगरपाललिका र यसका पदाधिकारी तथा सम्बद्ध कर्मचारी सबैप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मेरो जीवनका हरेक क्षेत्रमा सफलताको कामना गर्दै उच्च शिक्षा अध्ययनमा लाग्न सधैं प्रेरित गरिरहने मेरा बुबा नारायणप्रसाद धिताल, आमा नन्दकुमारी धिताल, दिदी कविता धिताल, दाइहरू शङ्कर धिताल, भोला धिताल, मेरी जीवनसँगिनी सपना घिमिरे, मेरी छोरी तेजस्वी धिताल, ससुरा बुबा डिल्लीप्रसाद घिमिरे र सासुआमा सीता घिमिरे तथा आफन्तजनप्रति म सदा आभारी छु । यस शोधप्रबन्ध लेखनका क्रममा सहयोगी भूमिका खेल्ने मित्र मालती डाँगी, रोशन अधिकारी, दुर्गाप्रसाद अधिकारी, टङ्कनका क्रममा कम्प्युटरसम्बद्ध ज्ञान दिई सहयोग गर्ने उमेश अर्याल तथा लेखनकार्यमा प्रतिदिन झकझकाउने मित्र तथा आफन्तहरू दामोदर सापकोटा, वीरेन्द्रबहादुर चन्द, अमर सुवेदी,

सञ्जीव कार्की, भानुभक्त नेपाल, सुजता थापा, प्रकाश ढुङ्गाना, गणेश सापकोटालगायत दर्शनाचार्य-विद्यावारिधि तहका सम्पूर्ण साथीहरूप्रति म आभारी छु । त्यस्तै यस लेखनका क्रममा हौसला तथा समय व्यवस्थापनमा सहयोग गर्ने कार्यरत श्री सिद्धि गणेश माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार थापा र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसहित र त्यहाँ कार्यरत सम्पूर्ण सहकर्मी साथीहरूलाई पनि विशेष धन्यवाद दिन चाहन्छु । त्यस्तै शोधप्रबन्ध तयार पार्ने क्रममा सामग्री सङ्कलनका लागि त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाली विभागीय पुस्तकालय, नेपाल प्रज्ञाप्रतिष्ठानको पुस्तकालयबाट पनि पर्याप्त सहयोग प्राप्त भएको छ । त्यसका लागि यी सम्बद्ध संस्थाहरूप्रति म आभारी छु ।

अन्तमा, यो शोधप्रबन्ध मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेश गर्दछु ।

........................

शैक्षिक सत्र २०७७/०७८
त्रि.वि. दर्ता नं : ९-२-६१९-५-२०११
क्रमाङ्क : ३२
मितिः २०८१/११/१२

दर्शनाचार्य-विद्यावारिधि तह
तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ

# विषयसूची

शोधनिर्देशकको सिफारिस ख
स्वीकृतिपत्र ग
कृतज्ञताज्ञापन घ-ङ

## पहिलो परिच्छेद
## शोधपरिचय

१.१ विषयपरिचय १
१.२ समस्याकथन ३
१.३ शोधकार्यको उद्देश्य ३
१.४ पूर्वकार्यको समीक्षा ३
१.५ शोधकार्यको औचित्य र महत्त्व ९
१.६ शोधकार्यको सीमाङ्कन ९
१.७ शोधविधि १०
१.७.१ सामग्री सङ्कलनविधि १०
१.७.२ विश्लेषणको विधि १०
१.८. शोधप्रबन्धको रूपरेखा ११

दोस्रो परिच्छेद
## नारायण ढकालका उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद

२.१ विषयप्रवेश १२
२.२ द्वन्द्वात्मक भौतिकवादको सैद्धान्तिक परिचय १२
२.३ *दुर्भिक्ष* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद १५
२.४ *प्रेतकल्प* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद २०
२.५ *वृषभ वध* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद २३
२.६ *हजार माइलको बाटो* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद २८
२.७ निष्कर्ष ३४

**तेस्रो परिच्छेद**

## नारायण ढकालका उपन्यासमा वर्गविभेद


३.१ विषयप्रवेश ३६

३.२ वर्गविभेदको सैद्धान्तिक परिचय ३७

३.३ *दुर्भिक्ष* उपन्यासमा वर्गविभेद ३९

३.४ *प्रेतकल्प* उपन्यासमा वर्गविभेद ४७

३.५ *वृषभ वध* उपन्यासमा वर्गविभेद ५२

३.६ *हजार माइलको बाटो* उपन्यासमा वर्गविभेद ५५

३.७ निष्कर्ष ६४


चौथो परिच्छेद

## नारायण ढकालका उपन्यासमा वर्गसङ्घर्ष


४.१ विषयप्रवेश ६६

४.२ वर्गसङ्घर्षको सैद्धान्तिक परिचय ६६

४.३ *दुर्भिक्ष* उपन्यासमा वर्गसङ्घर्ष ६८

४.४ *प्रेतकल्प* उपन्यासमा वर्गसङ्घर्ष ७५

४.५ *वृषभ वध* उपन्यासमा वर्गसङ्घर्ष ८२

४.६ *हजार माइलको बाटो* उपन्यासमा वर्गसङ्घर्ष ८७

४.७ निष्कर्ष ९५


**पाँचौं परिच्छेद**

## सारांश तथा निष्कर्ष


५.१ सारांश ९७

५.२ निष्कर्ष ९८

सन्दर्भ सामग्रीसूची १०२

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

नारायण ढकालको जन्म २०१० जेठ २४ गते शनिवार काठमाडौँको मूलपानीमा भयो । नेपाली साहित्यका निबन्ध, आख्यान र कविता तीनै विधामा कलम चलाउने नारायण ढकालका कलम अन्य विधाको तुलनामा आख्यान विधामा अधिक चलेको देखिन्छ । नारायण ढकालले २०३० को *दमना* पत्रिकामा प्रकाशित 'विस्थापन' शीर्षकको कथाबाट आख्यान क्षेत्रमा प्रवेश गरेका हुन् । उनका *सहर यन्त्र* (२०५०), *इरफान अलि* (२०५१), *बहिर्गमन* (२०५१), *आत्महन्ता* (२०६१), *इन्द्रजाल* (२०७१), *तमस* (२०७६) कथासङ्ग्रह, *मुसे कान्छाको करामत* (२०५९), *गोमाको यार्लिङ्* (२०५८) बालकथासङ्ग्रह प्रकाशित रहेका छन् । त्यसैगरी उनका *पीत संवाद* (२०५५), *दुर्भिक्ष* (२०६१), *प्रेतकल्प* (२०६५), *वृषभ वध* (२०७१) र *हजार माइलको बाटो* (२०७४) गरी पाँचवटा उपन्यास प्रकाशित छन् ।

नारायण ढकाल काँठक्षेत्रकै भएकाले उनका उपन्यासका विषयवस्तुहरू पनि त्यस क्षेत्रकै अधिक छन् । काँठक्षेत्रका विषयवस्तु उठाए पनि देशका समग्र जनताका बोलीहरू प्रतिबिम्बित गर्न उनका रचनाहरू सक्षम देखिन्छन् । कुनै इतिहासमा नलेखिएका नेपाली गरिबहरूको जीवन भोगाइ, शोषित पीडित नेपाली समाजको चर्चा उनका उपन्यासका विषयवस्तु हुन् । उनका उपन्यासहरूमा किनारमा परेका कमजोर, महिला, दलित, श्रमजीवी, गरिब, सत्ताबाट प्रताडित जनताका वास्तविक यथार्थ र उनीहरूका पीडा देखाएर सत्तापक्षप्रति विरोधको स्वर र वर्गसङ्घर्षका घटनाहरू देखाइएको हुन्छ । पुँजीपति र शोषक वर्गप्रति चर्को विरोध गर्दै सर्वसाधारण निमुखा वर्गका पक्षमा वकालत गर्ने ढकालका उपन्यासहरूमा क्रुर व्यवस्थाले आक्रान्त नेपाली समाज र सर्वसाधारण जनताको कष्टकर जीवनयापनलाई समेत प्रस्तुत गरिएको हुन्छ । उनका उपन्यासका घटनाहरूले राणाकालीन इतिहासदेखि माओवादी द्वन्द्व र त्यसको अवसानसम्मका अवस्थाहरू क्रमिक रूपमा अङ्गालेका छन् । उनको *प्रेतकल्प* उपन्यास राणाकालीन नेपाली समाज र नेपाली जनताको यथार्थ रूप, *वृषभ वध* उपन्यासमा २०१६ पछिको राजनैतिक घटनाक्रमदेखि माओवादी द्वन्द्व सुरु हुनुअघिको घटनाक्रम र उनको *हजार*

*माइलको बाटो* उपन्यासमा माओवादी द्वन्द्वदेखि माओवादी द्वन्द्वको अन्त्यसम्मका घटनाक्रलाई देखाएर नेपाली समाजको वर्गविभाजन त्यसबाट निर्माण भएको असमानताको खाडल र ती असमानताको विरोधमा भएका क्रान्तिका घटनाक्रमले उनका उपन्यासलाई प्रगतिवादी उपन्यासतर्फ उन्मुख गरेको छ ।

राज्यसत्तामा अधिकार कमाएको वर्ग समुदाय र त्यसको वरिपरि रहेर आफ्नो वर्चश्वशाली राज्य बनाएको उच्च तथा सामन्त वर्गको अन्याय, अत्याचार, शोषण र दमनमा परेका निम्न वर्गको पक्षपोषण गर्दै वर्गीय हितका पक्षमा लेखिएको साहित्य नै प्रगतिवाद हो । अन्यायको विरोध, पूजीँपतिहरूप्रतिको आक्रोश, सर्वहारा वर्गको पक्षमा उभिएको, नागरिकलाई आफ्ना अधिकारका लागि उठ, जाग र आवाज उठाऊ भन्ने सन्देश बोकेका साहित्यिक कृतिहरू नै प्रगतिवादी साहित्यको कोटीमा पर्दछन् । प्रगतिवादले धार्मिक अन्धविश्वास, आडम्बर, पाखण्ड, भाग्यवाद, ईश्वर र रीतिरिवाजमा विश्वास नगरी श्रम, चेतना तथा भौतिक जगत्प्रति विश्वास राख्दछ । यस वादले मानिसमाथि मानिसले गर्ने सबै प्रकारका शोषणहरूको विरोध गर्दै स्वस्थ्य र सुन्दर समाजको निर्माणका निम्ति सचेत हुन जोड दिन्छ । वर्गीय संरचनायुक्त समाजमा रहेका सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि सबैखाले विकृति र विसङ्गतिविरुद्ध कला साहित्यरूपी हतियारले लडेर समतामूलक समाज निर्माण गर्ने चाहना प्रगतिवादले राखेको हुन्छ । मार्क्सवाद अर्थात् द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दर्शन समाजको आमूल, गुणात्मक परिवर्तनका लागि मार्गदर्शन गर्ने क्रान्तिकारी दर्शन भएकाले मार्क्सवादी दर्शनसँग प्रगतिवादको साइनो अभिन्न रूपले गाँसिएको छ । प्रगतिवाद मार्क्सवादको साहित्य र कलासम्बन्धी मान्यता हो । नारायण ढकालका कथा तथा उपन्यासमा पूर्ववर्ती अध्येताहरूले अध्ययन अनुसन्धान नगरेका होइनन् तर नारायण ढकालका उपन्यासहरूका प्रगतिवादी दृष्टिकोणबाट हालसम्म अध्ययन अनुसन्धान नभएकाले यस शोधमा नारायण ढकालका उपन्यासहरूमा प्रयोग भएका प्रगतिवादी मान्यताको अध्ययन विश्लेषण गरिएको छ । नारायण ढकालका उपन्यासमा प्रयुक्त प्रगतिवादी चेतनाको खोजी गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य हो ।

## १.२ समस्याकथन

प्रगतिवादी चेतनाको अध्ययनलाई मूल शोध्य विषय बनाई नारायण ढकालका उपन्यासको विश्लेषण गर्नु प्रस्तुत शोधको मुख्य समस्या रहेको छ । नारायण ढकालका उपन्यासमा प्रगतिवादी चेतनाको उपस्थिति पाइन्छ । त्यसैले *नारायण ढकालका उपन्यासमा प्रगतिवादी* चेतनालाई नै मूल समस्याको रूपमा लिइएको छ । यही मूल शोध्य विषयसँग सम्बन्धित तथ्यहरूको वस्तुगत एवम् व्यवस्थित विश्लेषण गरी ठोस निष्कर्षमा पुग्नका लागि निम्नलिखित शोधप्रश्न निर्धारण गरिएका छन् :

(१) नारायण ढकालका उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण केकसरी प्रस्तुत भएको छ ?

(२) नारायण ढकालका उपन्यासमा वर्गविभेदको अवस्था केकस्तो रहेको छ ?

(३) नारायण ढकालका उपन्यासमा वर्गसङ्घर्षको प्रस्तुति केकसरी भएको छ ?

## १.३ शोध कार्यका उद्देश्यहरू

प्रगतिवादी चेतना अध्ययनको अवधारणात्मक ढाँचा बनाई नारायण ढकालका उपन्यासको अध्ययन गरी मूल शोध समस्याको वस्तुगत, प्रामाणिक र प्राज्ञिक समाधान पहिल्याउने उद्देश्य लिइएको छ र त्यस उद्देश्यलाई यी बुँदाहरूबाट विशिष्टीकृत गरिएको छ :

(१) नारायण ढकालका उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणको व्याख्या गर्नु ।

(२) नारायण ढकालका उपन्यासमा चित्रित वर्गविभेदको विवेचना गर्नु,

(३) नारायण ढकालका उपन्यासमा प्रयुक्त वर्गसङ्घर्षको विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

आख्यानकार नारायण ढकालका *पीत संवाद, दुर्भिक्ष, प्रेतकल्प, वृषभ वध र हजार माइलको बाटो* उपन्यासहरू प्रकाशित छन् । नारायण ढकालसँग सम्बन्धित भई धेरै अनुसन्धाताले अध्ययन अनुसन्धान गरेका छन् । उनका उपन्यासहरूका बारेमा विभिन्न पुस्तक, समालोचना, लेखहरू प्रकाशित छन् । नारायण ढकालका उपन्यासका बारेमा पुस्तक तथा पत्रपत्रिकामा प्रकाशन भएका सामग्रीहरू तथा प्रगतिवादी साहित्य र प्रगतिवादी आख्यान

सिद्धान्तलाई यस शोधमा पूर्वकार्यका रूपमा प्रयोग गरिने छ । जसलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

राजेन्द्र सुवेदी (२०५३) ले *नेपाली उपन्यास : परम्परा प्रवृत्ति* पुस्तकमा 'समाजवादी यथार्थको सचेत संयोजन : नारायण ढकालको उपन्यास सिर्जना' शीर्षकमा, लेखनमा अत्यन्त तीक्ष्ण र सन्दर्भित सामग्रीमाथि दृष्टि प्रक्षेपण गर्ने ढकालका सिर्जनाले समसामायिक वस्तु र चिन्तनलाई सबल रूपमा प्रस्तुत गरेको देख्न पाइन्छ भनेका छन् । सुवेदीले सूचना र सम्प्रेषणलाई पनि विषयवस्तु बनाउन सक्ने ढकाल राजनीति, अर्थ र राष्ट्रिय दृष्टिकोणमा आएका विचलन, अवसरवादिताजस्ता अनाचारका पक्ष उपन्यासमा ल्याउन प्रयत्नरत सर्जकका रूपमा ढकाललाई चिनाएका छन् । यो पूर्वकार्य नारायण ढकालका औपन्यासिक विशेषता जानकारीका लागि उपयोगी रहेको छ ।

निनु चापागाईं (२०६७) ले *मार्क्सवादी साहित्य चिन्तन* पुस्तकमा प्रगतिवादले साहित्यलाई खालि जीवन र समाजको व्याख्या एवम् आलोचनाका रूपमा हेर्ने दृष्टिकोणलाई अपर्याप्त ठान्छ । यसले साहित्यलाई यथार्थ र चेतनाको सम्बन्धलाई बोध गराउने साधनका अतिरिक्त सामाजिक चेतनाको निर्माण र सामाजिक जीवनको परिवर्तनको माध्यम पनि मान्दछ भन्दै प्रगतिवादको परिचय दिएका छन् । उनको यो लेख शोधकार्यको सैद्धान्तिक खण्डका लागि सहयोगी छ ।

सम्झना ढकाल (२०६८) ले 'नारायण ढकालको उपन्यासकारिता' शीर्षकको शोधपत्रको 'सारांश र निष्कर्ष' शीर्षकमा *पीत संवाद* उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो भन्दै प्रजातन्त्रको आगमन (२०४६) पछिको समयमा घटेका घटनाहरूलाई यस उपन्यासको मूल विषय बनाइएको छ । उनले आफ्ना उपन्यासमा धनी वर्गका पात्रहरू चारित्रिक रूपले भ्रष्ट र पतीत देखाएका छन् भने गरिब पात्रहरूलाई सङ्घर्षशील देखाएका छन् । साथै पत्रकारिता क्षेत्रभित्र रहेको भ्रष्टपन, नीचता र माथिल्ला तहमा रहेका व्यक्तिहरूको दुष्चरित्रको उद्घाटन गर्नुसमेत उनको औपन्यासिक विषेशता हो भन्दै नारायण ढकालको उपन्यासकारिताबारे चर्चा गरेकी छिन् । सम्झना ढकालको यस पूर्वकार्य नारायण ढकालका लेखनको रुचिक्षेत्र र औपन्यासिक प्रवृत्तिको जानकारीका लागि उपयोगी छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले *नेपाली उपन्यासको इतिहास* पुस्तकमा 'नेपाली उपन्यासको आधुनिक काल' शीर्षक दिएर नेपाली सामाजिक राजनैतिक सन्दर्भसँग गाँसिएका विषयवस्तुलाई सोहीअनुरूपका उपयुक्त सहभागी र परिवेशको निर्माण गरी तिनका माध्यमबाट सोद्देश्यमूलक ढङ्गले स्पष्ट विचारका साथ सरल र सुबोध भाषशैलीय विन्यासमा उपन्यास सिर्जना गर्ने नारायण ढकालका उपन्यासमा विभिन्न ऐतिहासिक एवम् राजनैतिक सन्दर्भहरूको वर्णन सामाजिक चित्रणकै सन्दर्भमा आएका छन् भन्दै उनको उपन्यासलाई आलोचनात्मक यर्थार्थवादी कित्ताका उपन्यास भनी व्याख्या गरेकाले  उनका औपन्यासिक विशेषता जानकारीका लागि यो पूर्वकार्य उपयोगी छ । लुइटेलको यसै पुस्तकमा 'समाजवादी यथार्थवादी / प्रगतिवादी धारा' शीर्षक दिएर मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादमा आधारित भएर लेखिएका कृतिलाई समाजवादी यथार्थवादी धाराअन्तर्गत राखिन्छ । यसरी लेखिएका कृतिलाई प्रगतिवादी पनि भनिन्छ । मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादलाई आधार मानी शोषणका विरुद्ध सङ्घर्ष गर्नु र निम्नवर्गको उत्थानको चाहना राख्नु यस धाराका उपन्यासको खास पहिचान र विशेषता हो भन्दै प्रगतिवादी उपन्यासको विशेषताको चर्चा गरेका छन् । उनको यो विचार शोधकार्यको सैद्धान्तिक खण्डका लागि सहयोगी छ ।

गुरूप्रसाद पोखरेल (२०६९) ले *भृकुटी* प्रगतिवादी विशेषाङ्कमा 'परिचयात्मक सन्दर्भमा प्रगतिवाद' शीर्षकका प्रगतिवादले मार्क्सवादलाई आदर्शका रूपमा ग्रहण गर्दछ । प्रगतिवादले आफ्नो विश्व दृष्टिकोणका रूपमा समस्त सृष्टिजगत्, मानव समाजका विकास प्रक्रिया र घटनाहरूको व्याख्याका सन्दर्भमा मार्क्सवादलाई हुबहु अवलम्बन गर्दछ भन्दै प्रगतिवादी साहित्यको परिचय दिएका छन् । यस लेखले प्रगतिवादको परिचय दिएकाले यस शोधको सैद्धान्तिक खण्डका निम्ति यो पूर्वकार्य सहयोगी रहेको छ ।

कुमारप्रसाद कोइराला (२०७२) ले नेपाल प्रज्ञा प्रतिष्ठान र महाकाली साहित्य सङ्गमद्वारा आयोजित गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्दै 'समकालीन नेपाली उपन्यासका प्रवृत्तिहरू' शीर्षकको लेखको 'ग' मा समकालीन उपन्यासका प्रवृतिमा समाजवादी यथार्थवादी उपन्यासलेखन बुँदालाई समेटेर मार्क्सवादी दृष्टिले समाजको अध्ययन गर्नु, वर्गीय द्वन्द्वलाई महत्त्व दिनु, सामन्त, शोषक र सत्ताधारीहरूबाट हुने अन्याय, अत्याचार, दमन, शोषणको

विरोध र प्रतिकार गर्नु, गरिब, निमुखा, तल्लो जात भनेर हेपिएका, नारी भनेर पछाडि पारिएकालाई नायक नायिका बनाउनु, उनीहरूको क्रान्तिकारी, विद्रोह र परिवर्तनकारी स्वर मुखरित गर्नु, राजनीतिक अधिकार प्राप्तिका लागि सचेत, सङ्घर्षशील हुन प्रेरित गर्नु, जीवनलाई आशावादी दृष्टिले हेर्नु, हरेक प्रकारका बन्धनबाट मुक्तिको लागि प्रयत्नशील रहनु, विषयवस्तु अनुरूपको भाषा शैली प्रयोग गर्नु आदि समाजवादी यथार्थवादी उपन्यासका मूलभूत प्रवृत्ति हुन् । समाजवादी यथार्थवाद पनि यथार्थवादकै एक पक्ष हो भन्दै नारायण ढकालका उपन्यासहरू *पीत संवाद, दुर्भिक्ष* र *प्रेतकल्प* यही कोटीको उपन्यास भएको बताएका छन् । यस आलेखमा समाजवादी यथार्थवादी लेखकका रूपमा नारायण ढकाललाई उभ्याइएको हुनाले प्रगतिवादी कोणबाट उनका उपन्यासलाई व्याख्या गर्न यो कार्यपत्र उपयोगीसिद्ध छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०७२) ले *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* पुस्तकमा 'मार्क्सवादी साहित्यिक मान्यता' शीर्षकमा साहित्य र कलासम्बन्धी मार्क्सवादी चिन्तन मूलतः मार्क्सवादी दर्शनबाट प्रभावित छ । मार्क्सवादी दर्शनअन्तर्गत द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको विशेष भूमिका रहेको छ भन्दै मार्क्सवादी साहित्यको विश्लेषण गरेकाले यस लेख शोधको सैद्धान्तिक खण्डका निम्ति सहयोगी छ ।

शेखर खरेल (२०७२) ले *नागरिक* दैनिक पत्रिकामा 'वृषभ अवतार' शीर्षक दिएर पुस १ गते, २०१७ मा राजा महेन्द्रको राजनीतिक 'कु' लगत्तैको निरङ्कुश राजतन्त्रात्मक दलविहीन पञ्चायती व्यवस्थाको प्रारम्भिक वर्षहरूको  राजनीतिक सङ्क्रमण र तरलता भित्रको काठमाडौँ काँठक्षेत्रको अन्योल, ग्राम र नगर सभ्यताबीचको तनाब बहुलपात्रताको भावभूमिमा *वृषभ वध* एउटा भयानक कथा हो भनी उल्लेख गरेका छन् । साथै आख्यान त्यसमाथि पनि उपन्यासको सङ्ख्यात्मक बाढी र गुणात्मक खडेरी पर्दै उपन्यास विधाकै चीरहरण भइरहेको अवस्थामा ढकालको *वृषभ वध*ले यस खडेरीलाई सिञ्चित गरेको छ भन्दै यस उपन्यासको गुणात्मकताको चर्चा गरेका छन् । यस लेखले ढकालको *वृषभ वध* र यसका विषयवस्तुका बारेमा जानकारी दिने भएकाले यस लेख शोधका लागि उपयोगी छ ।

टोलराज उपध्याय (२०७७) ले *ढोरपाटन* अनलाइनमा '*हजार माइलको बाटो* पढेपछि' शीर्षकका उपन्यासको सन्दर्भमा क्रान्ति अनवरत चलिरहने विषय हो । यसको गति र लय भने

फरक हुनसक्छ । कहिले देखिने प्रतिफल आउला त कहिले नदेखिने गरी प्रतिफल आउला । एक कदम अघि र पछि पर्दैमा आत्तिने र हतास हुने प्रवृत्तिले लक्ष्य भेदन गर्न कदापि सकिँदैन । क्रान्तिकारी कहिल्यै थाक्नुहुँदैन भन्दै हजार माइलको यात्राको कुरा गरिरहेका छन् । तसर्थ सजग र सचेत हुँदै नागरिक कर्तव्य निर्वाह गर्न लेखकले गरेको आव्हानलाई सलाम छ भनेका छन् । यस पूर्वकार्यमा *हजार माइलको बाटो* उपन्यासका बारेमा जानकारी दिएकाले यो लेख शोधका निम्ति उपयोगी छ ।

सरोज धिताल (२०७७) ले '*वृषभ वध* उपन्यासमा प्रगतिवादी चेतना' शीर्षकको शोधपत्रमा 'नारायण ढकालका औपन्यासिक प्रवृत्ति' शीर्षक दिएर उनको उपन्यास *दुर्भिक्ष*मा क्रान्ति आन्दोलन, धनीमानीको शोषकीय प्रवृत्तिको विरोध, आधुनिकीकरणले हाम्रो समाजमा पारेको असर, उपन्यासकी प्रमुख पात्र सुप्रया सारा ऐस आरामलाई त्यागेर क्रान्तिमा होमिनु जस्ता घटनाक्रमहरूले ढकाललाई क्रान्तिकारी, मार्क्सवादी र प्रगतिवादी लेखकका रूपमा चिनाउन सकिन्छ । ढकालको *प्रेतकल्प*मा पनि राणाशासनको समयमा स्वतन्त्रताको बिगुल फुक्ने पण्डित बालकृष्णको कथाको चित्रण छ । जो एउटा गरिब सार्कीको छोरालाई वेद पढाएर आफू पूरै राज्यसँग दुस्मनी मोल्न तयार हुन्छ । जातीय विभेद अन्त्य हुनुपर्छ, विधवा विवाहलाई कानुनले मान्यता दिनुपर्छ भन्ने सन्देश बोकेका उनका उपन्यासहरू प्रगतिवादी आवाज बोकी देखा परेका छन् । ढकालका अन्य उपन्यासहरू *वृषभ वध* र *हजार माइलको बाटो*ले पनि प्रगतिवादी साहित्य चेतलाई अँगालेको छ । *वृषभ वध*का प्रमुख पात्र देवेन्द्रलाई प्रधानपञ्चको शोषकीय चरित्र मन नपर्नु, प्रधानपञ्चको कार्यको विरोध गर्नु, डढेसाँढेलाई सभामा हुल्नु, अरूको दासत्व नसहनु, कुनै पनि हालतमा सामन्तीसँग शिर नझुकाउनु, बरु मर्न तयार हुनु, क्रान्तिको उद्घोष गर्नु, डरपोक जस्तो देखिएको लवप्रसाद उपन्यासको अन्त्यमा क्रान्तिको पक्षधर तथा साहसी बन्नु जस्ता विविध घटनाक्रमले यस उपन्यासलाई मार्क्सवादी साहित्यको निकट देखाएको छ । उनको अर्को उपन्यास *हजार माइलको बाटो*मा पनि जनयुद्धका घटनाक्रमहरू, क्रान्ति सुरु हुनुका कारणहरू, यो समाजमा हेपिएर बस्नु पर्दाको दुःखदायी अवस्था, गरिबको हृदयबाट निक्लिएको क्रान्तिको ज्वाला आदिको परिप्रेक्षमा लेखनी भएकाले यो उपन्यास पनि प्रगतिवादको समीपमा नै देखा पार्दछ भन्दै उनका उपन्यासहरूबारे चर्चा गरेका

छन् । धितालको यस पूर्वकार्य नारायण ढकालको उपन्यासकारितामा मात्र सीमित देखिन्छ तथापि ढकालका उपन्यासमा प्रगतिवादी दृष्टिले अध्ययन गर्न केही उपयोगी रहेको छ ।

श्रीराम न्यौपाने (सन् २०२०) ले *पाटन प्रज्ञा*मा ऐतिहासिक 'भौतिकवादको कसीमा *प्रेतकल्प*' शीर्षकको लेखमा शोषितपीडित श्रमजीवीहरूको व्यथा पनि यही हो । जति दमन त्यति नै प्रतिकार र विद्रोह हुन्छ । एउटालाई जेल हाल्दै, मार्दै वा देशनिकाला गर्दैमा शासन अकण्टक रहँदैन । यसैले अन्तरविरोध, सङ्घर्ष र वर्गीयताले निरङ्कुशताका विरुद्ध शक्ति निर्माण गर्छ जुन प्रत्यक्ष नदेखिए पनि अप्रत्यक्ष रूपमा कुनै न कुनै रूपबाट त्यो प्रकट हुन्छ भन्ने प्रगतिवादी चिन्तन नै यस रचनाको निष्कर्ष हो भन्दै *प्रेतकल्प* उपन्यासको विश्लेषण गरेका छन् । एउटा उपन्यासको आंशिक जानकारी र विश्लेषण मात्र यस लेखमा भए पनि शोधका निम्ति यस लेख आंशिक मात्रामा आवश्यक छ ।

नारायण ढकाल (२०७८) ले *तीन संवत्सर* कथासङ्ग्रहको '*वृषभ वध*को प्रसव' शीर्षक दिएर *प्रेतकल्प*मा सय वर्षअगाडिको राजनीति थियो भने *वृषभ वध*मा पचास वर्षअघिको इतिहास र राजनीति छ । यही चौकोसभित्र प्रेम, घृणा, सहयोग, असहयोग, छल, प्रपञ्च, सङ्घर्ष र पलायनका अवान्तर विषय गाँसिएको छ भनेका छन् । यस लेखमा लेखकीय दृष्टिबाट कसरी उपन्यासको जन्म भयो भन्ने कुरा देखाए पनि शोधका आंशिक प्रयोजनका लागि यो लेख उपयोगी छ ।

नारायण ढकाल (२०७८) ले *तीन संवत्सर* कथासङ्ग्रहको '*हजार माइलको बाटो* : एक आत्म - विज्ञप्ति' शीर्षक दिएर *प्रेतकल्प*देखि *हजार माइलको बाटो*सम्मको यात्रामा परिवेश एउटै छ । *हजार माइलको बाटो* लेख्न थालेपछि मैले मैले सबैभन्दा बढी सोचेको विषय लगभग म आफैं हुँ । लगभग आधा शताब्दीको मेरो लेखक जीवनमा केही जिद्दीहरू मभित्र बज्रजस्तै कठोर बनेर बसेका छन् । ती जिद्दीहरूमा मार्क्सवादी सौन्दर्यशास्त्र एउटा हो भनेका छन् । मार्क्सवादी सौन्दर्यशास्त्रको कुरा उठाए तापनि यस लेखमा पनि लेखकीय दृष्टिबाट कसरी आफ्नो उपन्यासको जन्म हुन गयो भन्ने जानकारी मात्र दिने कार्य लेखकबाट भएकाले यस पूर्वकार्य शोधका लागि आवश्यक रहेको छ ।

नारायण ढकालका उपन्यासको विभिन्न दृष्टिकोणबाट पूर्ववर्ती अध्येताहरूले आ आफ्नो ढङ्गले अध्ययन विश्लेषण गरेको पाइन्छ । सबै अध्येताहरूले आ-आफ्नो ढङ्गले कसैले एक पक्षसँग सम्बन्धित भई त कसैले अर्को पक्षसँग सम्बन्धित भई अध्ययन विश्लेषण गरेको देखिन्छ । नेपाली साहित्यामा लामो समय बिताएका नारायण ढकालका विषयमा धेरै अध्ययन हुनु सामान्य कुरा हो । मात्रात्मक र गुणात्मक रूपले ढकालका रचनाहरू सबल रहेकाले पनि उनको बारेमा अनुसन्धाताले अध्ययन गर्न खोज्दछन् । उनका उपन्यास र कथाहरूमा प्रगतिवादी दृष्टिकोणले केही अध्ययन भएको छ तर ती पूर्ण र पर्याप्त छैनन् । नारायण ढकालका उपन्यास र प्रगतिवादी साहित्यसँग सम्बन्धित लेखहरूको केहीमात्रामा पूर्वकार्यहरू भए तापनि ढकालको चारवटा उपन्यासलाई समेटेर प्रगतिवादी साहित्यसिद्धान्तका कोणबाट हालसम्म कुनै पनि शोधार्थीले अध्ययन विश्लेषण नगरेकाले यस शोधका उपयोगिता अधिक रहनेछ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

नारायण ढकालका उपन्यासले नेपाली उपन्यास क्षेत्रमा छुट्टै पहिचान बनाएको कुरा पूर्ववर्ती अध्ययनहरूबाट प्रस्ट हुन्छ । आधा दर्जनभन्दा धेरै कथासङ्ग्रह, दुई बाल कथासङ्ग्रह, निबन्ध सङ्ग्रह, कवितासङ्ग्रह, केही अनुदित कृतिहरू र पाँचवटा उपन्यास लेखेका नारायण ढकालका विषयमा धेरै अध्ययन भएका छन् । पूर्ववर्ती अध्येताहरूले नारायण ढकालका बारेमा र उनका उपन्यासका बारेमा थुप्रै अध्ययन गरेका छन् तर उनका सबै उपन्यास समेटेर कसैले पनि अध्ययन विश्लेषण गरेका छैनन् । अझ उनका सबै उपन्यास समेटेर प्रगतिवादी कोणबाट त कसैले पनि अध्ययन र अनुसन्धान गरेका छैनन् । त्यसैले *नारायण ढकालका उपन्यासमा प्रगतिवादी* शीर्षकको यस शोधकार्य अधिक औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नारायण ढकालका हालसम्म *पीत संवाद, दुर्भिक्ष, प्रेतकल्प, वृषभ वध* र *हजार माइलको बाटो*जस्ता उपन्यासहरू प्रकाशित छन् साथै उनले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उनले नेपाली साहित्यमा रचना गरेका विविध विधाहरूमध्ये उनका उपन्यासअन्तर्गत सोद्देश्य नमुना छनोट गरी उनका *दुर्भिक्ष, प्रेतकल्प, वृषभ वध* र *हजार माइलको बाटो*को मात्र अध्ययन गरिने गरी विषयक्षेत्रको सीमाङ्कन गरिएको छ । नारायण

ढकालका चारवटा उपन्यासलाई साहित्य सिद्धान्तका विविध कोणबाट विश्लेषण नगरी साहित्यको मार्क्सवादी सौन्दर्यशास्त्रअन्तर्गत द्वन्द्वात्मक भौतिकवाद, वर्गविभेद, वर्गसङ्घर्षको सिद्धान्तबाट अध्ययन विश्लेषण गरिने गरी शोधको सैद्धान्तिक सीमाङ्कन गरिएको छ ।

## १.७. शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि, विश्लेषण विधि र सैद्धान्तिक आधार पर्दछन् । प्रस्तुत शोधकार्यका लागि निम्नानुसारका यी विधिहरूको अवलम्बन गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

शोधप्रबन्ध तयारीका लागि नारायण ढकालका उपन्यासहरू *दुर्भिक्ष, प्रतकल्प, वृषभ वध र हजार माइलको बाटो*लाई प्राथमिक सामग्रीका रूपमा र प्रगतिवादसँग सम्बद्ध सैद्धान्तिक मान्यता एवम् पूर्वकार्यलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्य गुणात्मक पद्धतिमा आधारित छ । यस शोधकार्यमा नारायण ढकालका उपन्यासका लागि प्रगतिवादअन्तर्गत द्वन्द्वात्मक भौतिकवाद, वर्गविभेद र वर्गसङ्घर्षलाई मुख्य सैद्धान्तिक अवधारणका रूपमा लिइएको छ । यस शोधकार्यका समस्याहरूको प्राज्ञिक समाधानका लागि पाठात्मक विश्लेषण विधिको प्रयोग गरिएको छ । शोधप्रबन्ध तयारी गर्ने क्रममा सङ्कलन गरिएका सामग्रीलाई मार्क्सवादी साहित्य सिद्धान्त अर्थात् प्रगतिवादी साहित्य सिद्धान्तका आधारमा नारायण ढकालका उपन्यासलाई विश्लेषण गरी यस शोधकार्य सम्पन्न गरिएको छ । प्रगतिवादी साहित्यिक मान्यतामा आधारमा नारायण ढकालका उपन्यासमा प्रस्तुत विषयवस्तु, पात्र, घटनाक्रम र परिवेशका सन्दर्भमा अध्ययन गरी निष्कर्षमा पुगिएको छ । यसका लागि निम्नलिखित शोधढाँचाको उपयोग गरिएको छ :

(१) समस्याकथनमा रहेको शोधप्रश्न (१) मा प्रस्तुत 'नारायण ढकालका उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण केकसरी प्रस्तुत भएको छ ?' भन्ने प्रश्नसँग सम्बन्धित विश्लेषणका लागि 'नारायण ढकालका उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद' शीर्षकको ढाँचा प्रयोग गरिएको छ ।

(२) समस्याकथनमा रहेको शोधप्रश्न (२) मा प्रस्तुत 'नारायण ढकालका उपन्यासमा वर्गविभेदको अवस्था केकस्तो रहेको छ ?' भन्ने प्रश्नसँग सम्बन्धित विश्लेषणका लागि 'नारायण ढकालका उपन्यासमा वर्गविभेद' शीर्षकको ढाँचा प्रयोग गरिएको छ ।

(३) समस्याकथनमा रहेको शोधप्रश्न (३) मा प्रस्तुत 'नारायण ढकालका उपन्यासमा वर्गसङ्घर्षको प्रस्तुति केकसरी भएको छ ?' भन्ने प्रश्नसँग सम्बन्धित विश्लेषणका लागि 'नारायण ढकालका उपन्यासमा वर्गसङ्घर्ष' शीर्षकको ढाँचा प्रयोग गरिएको छ ।

प्रस्तुत शोधकार्यमा उल्लिखित मानदण्डका आधारमा उपर्युक्त उपन्यासहरूको विश्लेषण गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

शोधप्रबन्धको परिच्छेद विभाजन र शीर्षक यसप्रकार रहेका छन् :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : नारायण ढकालका उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद

तेस्रो परिच्छेद : नारायण ढकालका उपन्यासमा वर्गविभेद

चौथो परिच्छेद : नारायण ढकालका उपन्यासमा वर्गसङ्घर्ष

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# नारायण ढकालका उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद

## २.१ विषयप्रवेश

नारायण ढकालको उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद शीर्षकको यस परिच्छेदमा सातवटा उपशीर्षक रहेका छन् । शोधमा समाविष्ट गरिएका चारवटा उपन्यास र भौतिकवादी साहित्यिक मान्यता यस परिच्छेदका विषयक्षेत्र हुन् । यस परिच्छेदको पहिलो उपशीर्षक विषय प्रवेश, दोस्रो उपशीर्षक 'द्वन्द्वात्मक भौतिकवादको सैद्धान्तिक परिचय' हो भने तस्रो उपशीर्षक '*दुर्भिक्ष* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद', चौथो उपशीर्षक '*प्रेतकल्प* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद', पाँचौं उपशीर्षक '*वृषभ वध* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद' र छैटौं उपशीर्षक '*हजार माइलको बाटो* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद' रहेको छ भने सातौं उपशीर्षक 'निष्कर्ष' रहेको छ । पुरातन आदर्शको विरोध, अन्धविश्वासप्रतिको विरोध, मूर्ति पूजाको विरोध, व्यक्ति व्यक्तिबीच हुने विभेदको विरोध, तर्क र तथ्यलाई मान्यता दिनु, वैज्ञानिक चमत्कारलाई स्वीकार गर्नु, अप्रमाणिक कुरालाई सत्य नमान्नु, उत्तर आधुनिक चेतनाबाट प्रभावित हुनु, स्वतन्त्रतामा विश्वास गर्नु आदि मार्क्सवादी साहित्य सिद्धान्तमा आधारित भौतिकवादका मूलभूत मान्यता हुन् । नारायण ढकालका चारवटा उपन्यासहरूमा १९६० देखि २०७० सम्मको परिवेशको छनक पाइन्छ । कुरीति र कुसंस्कृति र पुरातन अन्धविश्वासरूपी आदर्शले थिचेको नेपाली समाजको वास्तविकतालाई देखाउँदै ती परम्परागत आदर्शलाई त्यागेर अगाडि बढ्नुपर्ने विचार नारायण ढकालका उपन्यासहरूमा फेला पार्न सकिन्छ । उपन्यासमा प्रयोग भएका पात्र र घटनाक्रमलाई भौतिकवादी साहित्य सिद्धान्तसँग जोडी मार्क्सवादी साहित्य सिद्धान्तका आधारमा नारायण ढकालका उपन्यासमा प्रयुक्त भौतिकवादी मान्यताको निरूपण गर्ने कार्य यस परिच्छेदमा भएको छ ।

## २.२ द्वन्द्वात्मक भौतिकवादको सैद्धान्तिक परिचय

संसार परिवर्तनशील छ, प्रकृति र सामाजिक जीवनमा निरन्तर विकास र परिवर्तन भइरहन्छ । भौतिकवादले भौतिक संसारलाई प्राथमिक मान्छ । भौतिकवादले सांसारिक परिघटना तथा प्रक्रियाहरूलाई भौतिक कारणसित सम्बन्धित पारेर तिनको व्याख्या गर्ने गर्दछ । प्रकृति र

सामाजिक जीवनको व्याख्या र विश्लेषणमा मार्क्सवादले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई आधार बनाएको छ । यसकारण मार्क्सवादी दर्शन भौतिकवादी दर्शन हो । यसै दर्शनबाट अनुप्रणित साहित्य सिद्धान्त नै प्रगतिवादी साहित्य सिद्धान्त हो (गौतम, २०४९, पृ. ४९) । भौतिकवादले प्रकृतिमा भौतिक तत्त्वलाई आधार बनाएर सम्बन्धित प्राकृतिक परिघटनाको व्याख्या गर्छ । भौतिकवादको धारणाअनुसार संसारका सारा चिज भौतिक तत्त्वमाथि निर्भर र त्यसद्वारा निर्धारित रहन्छन् । भौतिकवादी दर्शन मार्क्सवादी दर्शनभन्दा पुरानो छ । मार्क्सलाई पुराना भौतिकवादी दर्शनको ज्ञानबाट आफ्नो भौतिकवादी दर्शन निर्माण गर्न सहयोग मिलेको देखिन्छ । वस्तु जगत् वा पदार्थ र यसको गतिमयता, पदार्थ चेतनाको अन्तरसम्बन्धसित नयाँ भौतिकवाद जोडिएको छ । नयाँ भौतिकवादसित पदार्थ र परिवर्तन घनिष्ठ रूपले गाँसिएका छन् (बराल, २०४८, पृ. २२) । भौतिकवादी धारणा अनुसार भौतिक संसारको सिर्जना कुनै असांसारिक शक्ति वा कुनै विचारले गरेको होइन बरु त्यसको अस्तित्व मानिसको अस्तित्व रहनुभन्दाअघि मात्र होइन कुनै पनि जीव हुनुभन्दा धेरै पहिलेदेखि रहेको थियो र धेरै पछि मात्र पृथ्वीमा जीवनको उत्पत्ति भएको र जीवन विकासको क्रममा मानिसको उत्पत्ति भएको थियो ।

हामी जसलाई मन, संवेदना, चेतना, विचार आदि भन्छौँ ती त खास ढङ्गबाट सङ्गठित भौतिक तत्त्वको ज्यादै उच्च विकास भएको मानवीय मस्तिष्कका उपज हुन् । तसर्थ मानिसको उत्पत्ति हुनुभन्दा धेरै पहिले बिना जीव तत्त्वको स्थितिमा रहेको भौतिक संसारलाई मन, चेतना आदिको उत्पत्ति ठान्नु सरासर गलत र झुट हो र कसैले त्यस्तो सोच्छ भने त्यो रहस्यवाद भन्दा केही होइन । बरु त्यसको उल्टो तथ्य के हो भने तत्त्व चेतनाको आधार र स्रोत हो र भौतिक तत्त्वले चेतनालाई निर्धारित गर्छ । उपर्युक्त वास्तविक तथ्यप्रति अर्थात् चेतना मनभन्दा बाहिर र त्यसबाट बिलकुल स्वतन्त्र रूपमा बाह्य संसार तथा प्राकृतिक चिजहरूको अस्तित्व भएका मान्यता नै भौतिकवादको सबैभन्दा आधारभूत तत्त्व हो । आफ्नो विकासको एउटा निश्चित चरणमा पुगेर समाजका भौतिक उत्पादक शक्तिहरू तत्कालीन उत्पादन सम्बन्धसँग टकराउँछन् जसअन्तर्गत तिनीहरू अहिलसम्म काम गर्दै आइरहेका हुन्छन् । यी सम्बन्धहरू उत्पादक शक्तिहरूको विकासअनुरूप नरहेर अब तिनीहरूका लागि बन्धन बन्न पुग्छन् (लेनिन, २०६४, पृ. ३७०) । भौतिकवादले भौतिक तत्त्वको अस्तित्व र त्यसको विकासमा

कुनै अलौकिक तत्त्व वा कुनै विचारको हस्तक्षेपलाई पूरै अस्वीकार गर्दछ । त्यसैले यो स्वभावैले अनिश्वरवादी सिद्धान्त हो ।

भौतिकवादको उपर्युक्त धारणा वास्तविक तथ्यहरूमा आधारित रहेको छ । हामी जसलाई विचार, चेतना भन्छौँ त्यो मानवीय मस्तिष्कको उपज हो र मानवीय मस्तिष्क भौतिक तत्त्वको सबभन्दा उच्च उपज हो । भौतिकवादी दृष्टिकोणअनुसार चेतना भनेको वस्तुगत यथार्थताको प्रतिबिम्ब हो । चेतना भनेको मानवीय मनमा परेको भौतिक तत्त्वको प्रतिबिम्ब र विचारका रूपमा गरिएको भौतिक संसारको अनुवादबाहेक अरू केही होइन ।

समाजमा मानिसहरू काम गर्छन् र जीवन निर्वाह गर्छन्, छोराछोरी जन्माउँछन् र जीवनका आवश्यकताहरूको उत्पादन गर्छन् र उत्पादित वस्तुहरूको विनियम र वितरण गर्छन् । उपर्युक्त कामहरू गर्दा उनीहरूका माझमा निश्चित आर्थिक सामाजिक सम्बन्धहरू बन्छन् । यो नै समाजको भौतिक जीवन हो । मानिसहरूको चेतनाले उनीहरूको अस्तित्वलाई निर्धारण गर्दैन, बरु यसका विपरीत उनीहरूको सामाजिक अस्तित्वले उनीहरूको चेतनालाई निर्धारण गर्दछ । आफ्नो विकासको एउटा निश्चित चरणमा पुगेर समाजका भौतिक उत्पादक शक्तिहरू तत्कालीन उत्पादन सम्बन्धसँग टकराउँछन् जस अन्तर्गत तिनीहरू अहिलसम्म काम गर्दै आइ रहेका हुन्छन् । यी सम्बन्धहरू उत्पादक शक्तिहरूको विकास अनुरूप नरहेर अब तिनीहरूको लागि बन्धन बन्न पुग्छन् (लेनिन, २०६४, पृ. ३७०) । प्रकृतिमा भौतिक तत्त्व र मन, सत्ता र चेतनाको सम्बन्धमा सत्ता प्राथमिक र चेतनागण हुन् र पहिलोले दोस्रोलाई निर्धारित गर्छ भन्ने भौतिकवादको आधारभूत सिद्धान्त हो । भौतिकवादीहरू के भन्दछन् भने सामाजिक सत्ता प्राथमिक हो र सामाजिक सत्ताले समाजिक चेतनालाई निर्धारित गर्छ र चेतना भनेको सामाजिक यथार्थताको वैचारिक प्रतिबिम्ब हो । यो इतिहाससम्बन्धी भौतिकवादी सिद्धान्त अर्थात् ऐतिहासिक भौतिकवादको आधारभूत प्रस्थापना हो ।

भौतिकवाद जीवनको तथ्यहरू माथि आधारित रहेको छ । कला, साहित्य समाजको आर्थिक तथा भौतिक जीवनबाट उत्पन्न हुने र यसैमा आधारित हुने गर्छ (मार्क्स, एङ्गेल्स., सन् १९५६, पृ. ४०) । यो तथ्य के हो भने चिन्तकको काममा लाग्नुअघि अर्थात् विज्ञान, कला, साहित्य र दर्शनमा लाग्नअघि मानिसले खान, लाउन र बस्नका लागि बासस्थान पाउनुपर्छ । जीवनमा उपर्युक्त आवश्यकताहरूको पूरा आफैँ हुने होइन, त्यसका लागि मानिसले आफूलाई

उत्पादन कार्यमा लगाउनुपर्छ । भौतिकवादीहरू मानिसहरूको स्थितिको स्रोत कारणलाई वास्तविक भौतिक अवस्थामा खोज्छन्, जसले गर्दा मानिसहरूले ती अवस्थालाई बुझेर र फेरेर जीवन जिउन सक्छन् । भौतिकवाद सधैँभरि समाजमा आमूल परिवर्तन चाहनेहरू, क्रान्तिकारी वर्ग तथा तत्त्वहरू र नौलो समाजको निर्माण गर्न खोज्नेहरूको समूह रहिआएको छ । उदाहरणका लागि प्राचीन कालमा यो प्राचीन व्यापारिक वर्गको, मध्य युगिनकालमा उदयमान सामन्तविरोधी पुँजीपति वर्गको रहेको थियो भने वर्तमान युगमा सर्वहारा वर्गको वैचारिक समूह रहेको छ ।

भौतिकवादी सिद्धान्त आलोचनात्मक र क्रान्तिकारी छ र यो क्रान्ति र ऐतिहासिक अग्रगमनको दर्शन पनि हो । मार्क्सवादी भौतिकवादले सम्पूर्ण संवेदना, कल्पना, विचार सृजनात्मक कार्य र मानवीय धारणाहरूको उद्भवको आधार भौतिक जगत्‌लाई मान्दछ (बराल, २०४९, पृ. ९) । भौतिकवादी मान्यताअनुसार ईश्वरीय विश्वास नरहने भएकाले ईश्वर, स्वर्ग र नर्कजस्ता कुरामा विश्वास राखिँदैन, यसमा कला साहित्य विशिष्ट चेतनाको उपज नभएर सामाजिक चेतनाको एउटा रूप मात्र हो भन्ने मानिन्छ । वस्तुलाई अनन्त अविनाशी तत्त्व मान्ने भौतिकवादले परम् तत्त्वलाई सत्य र जगत्‌लाई मिथ्या मान्ने अध्यात्मवादसँग विपरीत दृष्टिकोण राख्छ (गौतम, २०४९, पृ. २९) । यसरी आत्मालाई भन्दा जगत्‌लाई प्राथमिकता दिनु, जड पक्षभन्दा भौतिक पक्षलाई मान्नु, ईश्वरीय शक्तिलाई अस्वीकार गर्नु, कर्ममा विश्वास गर्नु, मानवीय संसार अदृश्य शक्तिको नभई मानव मस्तिष्कको देन भएको कुरा स्वीकार गर्नु भौतिकवादी मान्यताको मुख्य अभिष्ट हो । नारायण ढकालद्वारा लिखित *प्रेतकल्प, वृषभ वध* र *हजार माइलको बाटो* उपन्यासमा प्रयोग भएको भौतिकवादी मान्यतालाई निम्नानुसार देखाइएको छ ।

## २.३ *दुर्भिक्ष* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद

नारायण ढकाल सामाजिक यथार्थवादी धारा, समाजवादी यथार्थवादी धारामा कलम चलाउने आख्यानकार हुन् । उनको उपन्यासमा इतिहासका पानादेखि लिएर वर्तमानका वास्तविकताहरू भेट्न पाइन्छ । ग्रामीण परिवेशका गाउँलेहरू, पञ्चायती व्यवस्थाका शासकहरूको दमक प्रवृत्ति, दलित समुदायका दमित व्यक्तिहरू र उनीहरूको उपल्लो वर्गसँगको

सङ्घर्ष, नारी भएकै कारणले हेपिएर बस्न बाध्य भएका नारीहरू र उनीहरूको सङ्घर्ष, समाजमा भएका कुरीति कुसंस्कृतिप्रति प्रहार, समाजमा मालिकवर्ग र सर्वहारा वर्गबीचको वर्ग खाडल देखाएर ती दुई समाजबीच हुने वर्गसङ्घर्ष, भर्खर भर्खर सहर बन्न लागेका गाउँका परिवेशहरू, सहरको शक्तिसम्पन्नताभित्रको विद्रूप रूपआदि देखाउनु उपन्यासकार ढकालका रुचिक्षेत्र हुन् । पुरातन आदर्शको विरोध गर्दै नवीन मान्यताका साथमा नयाँ संस्कृतिको सुरुवात हुनुपर्छ भन्ने मान्यता राख्ने उपन्यासका नारायण ढकाल भौतिकवादी उपन्यासकारसमेत हुन् । ढकालका उपन्यासमा परम्परागत प्रवृत्तिमाथि विरोधको भावका साथसाथै नयाँ निर्माण, उत्तराधुनिक चिन्तन, आत्म स्वतन्त्रताआदि भौतिकवादी दृष्टि फेला पार्न सकिन्छ । उनको उपन्यास *दुर्भिक्ष*मा पनि आलोक, सुप्रिया, प्रधानपञ्च, राधाकृष्ण, बोधराज, हरि, कृष्णचन्द्र, मुक्तिनारायण श्रेष्ठलगायतका पात्रहरू भौतिकवादी सोचका साथ उपन्यासमा उपस्थित भएका छन् । *दुर्भिक्ष* उपन्यासमा काठमाडौं सहरको परिवेश, रेस्टुरेन्ट, क्लब लगायतका परिवेशहरू, व्यक्तिगत स्वतन्त्रता भन्दै यौन धन्दामा लागेको प्रसङ्ग, नयाँ नयाँ निर्माण आदिजस्ता भौतिकवादी जीवनको प्रस्तुति फेला पार्न सकिन्छ । भौतिकवादी जीवनको प्रतिनिधित्व गर्ने खालका कथावस्तुहरूको चयनले पनि यस उपन्यासलाई एक भौतिकवादी उपन्यास हो भन्न सकिन्छ । भौतिकवाद मार्क्सवादको प्रमुख अङ्ग हो । तर्क, कर्म, वास्तविकता, परम्परागत आदर्शको विरोध, वैज्ञानिक चमत्कारको समर्थन, नवनिर्माण, आधुनिकताको समर्थन भौतिकवादका मूलभूत मान्यता हुन् । उपन्यासको प्रमुख पात्रका रूपमा उपस्थित भएकी सुप्रियाको भूमिकाले उनी एक भौतिकवादी चरित्र हुन् । जसलाई उदाहरणसहित तल देखाइएको छ :

> "कहाँ छ त्यो, यो पनि मलाई थाहा छैन । उसले मलाई यहाँ रहुन्जेल बेस्सरी माया गऱ्यो । अहिले मेरो पेटमा उसको बच्चा छ, दुई महिनाको । ऊ हिँडेको पनि एक महिना हुँदै छ । सङ्कटकाल सुरु हुनुभन्दा केही दिनअघि मात्र यहाँबाट हिँडेको हो । तर केही छैन । मलाई आफ्नो जिन्दगीका सबै चुनौती स्वीकार छन् । म सामना गर्छु सर, सबै चुनौती (पृ. १८) ।"

सुप्रियाको माथिको भनाइबाट उनी एक भौतिकवादी भएको प्रस्ट हुन्छ । विवाहअघि यौन वर्जित भएको परम्परागत समाजमा आफ्नो प्रेमीसँगको संसर्गबाट उनको पेटमा भएको

बच्चालाई हुर्काउने विचार सुप्रियाले गरेकी छन् । उपन्यासको उक्त सन्दर्भमा हरि नामक पात्रले एबोर्सन गर्न समेत भन्छन् । सुप्रियाले आफ्नो इच्छाले नै उक्त बच्चा आफ्नो गर्भमा आएको कुरा गरेकी छ । सुप्रियाको अविवाहित आमा बन्ने निर्णय र उक्त निर्णय गर्न उसले गरेका तर्कहरूलाई हेर्दा सुप्रिया एक भौतिकवादी मान्यता राख्ने पात्रका रूपमा उपन्यासमा उपस्थित भएकी छ ।

उपन्यासमा आएको पात्र बोधराज पनि भौतिकवादी मान्यता राख्ने पात्र हो । उसले आफ्नो मान्यतामार्फत् आफू भौतिकवादी भएको पुष्ट्याइँ उपन्यासमा गरेको छ ।

> यो हाक्काहाक्की यौनका निम्ति मेरो प्रस्ताव थियो । त्यसपछि उसले कुनै प्रतिवाद गरिन । अघिल्लोपटकझैँ आदर्श वाक्यहरू पनि बोलिन । बरु उत्तेजक मुद्रामा उसले मेरो प्रस्तावलाई भित्रैदेखि आत्मसात् गरी (पृ. १७४) ।

माथिको उदाहरणमा बोधराज नामक पात्रले आफ्नै केटी साथी रञ्जुलाई हाकाहाकी यौनको प्रस्ताव राखेको प्रसङ्ग आएको छ । विवाहअघि यौनवर्जित भएको आदर्शवादी समाजमा बोधराज र रञ्जु भौतिकवादी मान्यताबाट ओतप्रोत देखिन्छन् ।

> “तिमीप्रति मेरो सच्चा प्रेम हो भने मैले पनि त्यो पचाउन सक्नुपर्छ । स्वास्नी मान्छेसित यौनमा एकाधिकार पनि पितृसत्तात्मक थिचोमिचोको उपज होइन र (पृ. १७६) ?”

मानिस यौनका मामलामा स्वतन्त्र हुनुपर्छ भन्ने मान्यता राख्ने बोधराजले यौनमा पतिसँगको एकाधिकार तोड्नुपर्ने तर्क प्रस्तुत गर्दछ । बोधराजले रञ्जुलाई तिमी मसँग खुसी हुन नसकेको अवस्थामा अरुसँग सम्बन्ध राख्न सक्ने र परम्परागत रूपमा पुरुषले गरिरहेको बहुविवाह वा विधुर विवाहजस्तै महिलाले पनि बहुविवाह वा विधवा विवाह गर्न पाउनुपर्ने मान्यता व्यक्त गरेको छ ।

> “लोग्ने मानिसले वैधानिक रूपमा एकैपटक एकभन्दा बढी पत्नी राख्ने हाम्रो पितृसत्तात्मक समाज छ । लोग्ने मान्छेले चाहिँ जे पनि गर्न हुने स्वास्नी मान्छेले चाहिँ केही पनि गर्न नपाइने (पृ. १९०) ?”

माथिको उदाहरणमा आएका रञ्जु र बोधराज जस्ता पात्रहरूले समाजमा जरा गाडेर बसेको रूढीवादी परम्परामाथि प्रहार गर्दै आत्मिक स्वतन्त्रता र शारीरिक स्वतन्त्रताका कक्षमा आफ्ना तर्कहरू राखेका छन् । रञ्जुलाई खुलमखुल्ला यौनको प्रस्ताव राखेको, रञ्जुसँगको प्रेममा तिमीले चाहेको खण्डमा अरू कसैसँग प्रेम गर्न सक्छौ भन्ने वक्तव्य दिएको, पुरुषले चाहेको अवस्थामा बहुपत्नी राख्ने परम्परागत समाजमा महिलाले चाहिँ त्यस्तो गर्न वर्जित गरिएको भनी परम्परागत आदर्शको विरोध गरेको आदि घटनाबाट बोधराज परम्परागत आदर्शको देखावटीपनमा नबसी भौतिकवादी मान्यता राख्ने पात्र हो ।

उपन्यासको अर्को पात्र कृष्णचन्द्रले आफू ब्राह्मणको छोरा भएर दमिनीसँग प्रेम गरेको, उसँग विवाह गर्न चाहेको प्रसङ्ग उपन्यासमा आएको छ । त्यसका साथसाथै कृष्णचन्द्रले गरेका अन्य गतिविधिले पनि कृष्णचन्द्रका विचार भौतिकवाद उन्मुख थिए, जस्तै-

> "मैले दमिनीलाई प्रेम गरेको हुँ । तिमेरुले जस्तो लुकीलुकी राति गएर बलात्कार गरेको होइन (पृ. १०३) ।"

यस उदाहरणमा कृष्णचन्द्रले दमिनीसँग प्रेम गरेको प्रसङ्ग आएको छ । परम्परागत आदर्शका रूपमा जरा गाडेर बसेको छुवाछुत प्रथाका विरुद्धमा आवाज उठाई आदर्श र पुँजीपतिवर्गको विरोध गर्ने काम कृष्णचन्द्रले गरेको छ । दलितले छोएको खानुहुन्न । यदि छोइहाले पनि सुनपानी छर्कने समाजमा परम्परागत त्यस्ता आदर्शको विरुद्धमा दमिनीसँग प्रेम गर्ने कृष्णचन्द्रको त्यो कार्यले उपन्यासलाई भौतिकवादी उपन्यास बनाएको छ ।

> "कहाँ मूर्ति चोर्नु ! त्यसले मन्दिरभित्र गएर सिधै मूर्तिमा पर्ने गरी पिसाब फेरिदिएछ । काली मातालाई एकदमै अश्लिल शब्दमा गाली गरेछ । 'थुक्क, ल म तेरो मूर्तिमा मुत्छु ।' यस्तै भन्दै उसले त्यो अनर्थ गरेछ (पृ. ११४) ।"

माथिको उदाहरणमा कृष्णचन्द्र पात्रले दमिनीसँग प्रेम गरेको र प्रसङ्ग आएको छ । छुवाछुतको विरोध गरी दमिनीसँग प्रेम गर्नु, परम्परागत आदर्शको विरोध, मूर्ति पूजाको विरोध गरी मूर्तिमा पिसाब गरको घटनाले पनि उसको भौतिकवादी दृष्टिकोण उपन्यासमा फेला पार्न सकिन्छ । नारायण ढकाल पनि एक प्रगतिवादी उपन्यासकार भएकाले उनको उपन्यासमा यस्ता

भौतिकवादी मान्यता आउनु खासै नौलो कुरा होइन । *दुर्भिक्ष* उपन्यासमा आएका अन्य पात्रहरू आलोक र मुक्तिनारायण श्रेष्ठमार्फत् पनि नारायण ढकाल भित्र निहित भौतिकवादी मान्यता प्रस्फुटन गर्ने कार्य गरेका छन्, जस्तै-

> त्यसबेलाको अरू कुरा भनेको त्यस्तै हो तर १५ दिनसम्म घाम र पुरुषलाई हेर्न हुँदैन भन्ने प्रतिबन्धले सायद आइमाई जाति र जघन्य अपराधीहरू एकै पो रहेछन् भन्ने बोध मभित्र गाडिएर रहन पुग्यो । त्यसबखत आलोक एक्लै भएको थियो । मलाई खोज्दै ऊ धेरैपटक तल्लो गाउँसम्म हाम फाल्दै आएको कुरा मैले गुप्तवासमा सुनेकी थिएँ (पृ. १०६) ।

माथिको उपन्यासको अंशमा उपन्यासको पात्र सुप्रिया, आलोक र मुक्तिनारायण श्रेष्ठले देखाएको भौतिकवादी विचार भेट्न सकिन्छ । रजस्वला भएको समयमा पुरुष जातिले देख्नु हुँदैन, भेट्नु हुँदैन भन्ने आदर्शवादी मान्यताको विरोध सुप्रियाले गरेको प्रसङ्ग माथिको उदाहरणमा आएको छ । आलोकले कान्ला उफ्रीउफ्री आफ्नी दिदीलाई भेट्न गएको कुराले आलोकले पनि परम्परागत आदर्शको विरोध गरेको प्रस्ट हुन्छ ।

> एकपटक मैले फुलमतीको पोल्टाबाट उसिनेको भटमासको कोसा लुटेर खाएँ । उसले भनी "बाजे, तपाईंले ज्यात्तै गर्न नहुने काम गर्नु भो नि ! अर्कालाई यसरी पाप बोकाम्नुहुन्च ?"
>
> "के को पाप तिमी पनि हामीजस्तै मान्छे होइनौ र मैले भनें (पृ. ६६) ।"

दलितले छोएको खानु हुँदैन, उनीहरू तल्लो जातका नागरिक हुन् भन्ने समाजमा दमिनीको पोल्टाबाट उसिनेको भटमास खोसेर खाएको प्रसङ्ग र तपाईंहरू पनि हामीजस्तै मान्छे होइन र भनेको आलोकको अभिव्यक्तिले जात लिङ्गको परिधिबाट माथि उठी समुन्नत समाजको निर्माण गर्नुपर्दछ भन्ने भौतिकवादी मान्यता आलोकले व्यक्त गरेको छ ।

> "आइमाई जातिको बेइज्जत गर्ने धेरै घिनलाग्दो चलन हो यो । तर हाम्रो समाज यस्तै छ । यही गाउँमा पनि यस्तो नराम्रो चलन रैछ (पृ. १५३) ।"

माथिको उदाहरणमा महिलालाई पोथी भन्ने, निरीह भन्ने, कमजोर ठान्ने अबला नारीका रूपमा व्याख्या गर्ने समाजमा मुक्तिनारायणले यो गलत भइरहेको छ यो समाजको विद्रूप हो भनी परम्परागत आदर्शको विरोध गरेको घटनाले मुक्तिनारायण श्रेष्ठले प्रकट गरेको भौतिकवादी मान्यतालाई देखाइएको छ ।

देखेका कुरामा विश्वास गर्नुपर्छ, नदेखेका कुरामा होइन भन्ने मान्यता भौतिकवादले राख्छ । ईश्वरीय शक्ति र विश्वासभन्दा पनि तर्क र तथ्यलाई भौतिकवादले जोड दिने गर्दछ । त्यसैले भौतिकवादीहरू मिहिनेतमा बढी विश्वास गर्छन् । विश्वबन्धुत्वको भावना र यो संसारलाई नै सिङ्गो देश मानेर देश देशबीचको सीमा युद्धको अवस्थाबाट टाढा हुनुपर्ने कुरामा भौतिकवादीहरू विश्वास गर्छन् । भौतिकवादले आधुनिकतालाई स्वीकार गरेको हुन्छ । विगतको मान्यतालाई त्याग्दै तर्कसङ्गत मान्यताको स्वतन्त्र अभ्यास गर्नुपर्ने कुरामा भौतिकवादले जोड दिएको हुन्छ । उपन्यासमा आएका आलोक, सुप्रिया, बोधराज, हरि, विपिन, रञ्जु, कृष्णचन्द्र, समिरा आदि पात्रहरू र तिनीहरूले गरेका कार्यव्यापारका साथै उपन्यासका अन्य घटनाक्रमले पनि यस उपन्यासलाई भौतिकवादी उपन्यास बनाएका छन् ।

## २.४ ***प्रेतकल्प* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद**

ईश्यरीय शक्ति सर्वशक्तिमान् नभई देख्न, छुन र महशुस गर्न सक्ने विज्ञानका चामत्कारिक कार्यहरू बढी शक्तिशाली हुन्छ भन्ने मान्यता भौतिकवादले राख्छ । भाग्यमा भन्दा कर्ममा विश्वास गर्ने, अन्धविश्वासलाई परित्याग गर्ने, ईश्वरीय शक्तिलाई अस्वीकार गर्ने, विज्ञानका नयाँनयाँ उपलब्धि र सिद्धान्तलाई बढी मान्यता दिने, मूर्तिपूजाको विरोध गर्ने, कुनै एउटा धर्म र संस्कृति मान्ने परम्पराको विरोध, धर्म नशा हो यसबाट बाहिर निस्केर भौतिक जीवनमा रमाउनुपर्छ भन्ने मार्क्सवादी मान्यता राख्नु र आधुनिकतालाई स्वीकार गरी सोही धारणअनुरूप व्यवहार गर्नुजस्ता कुराहरू भौतिकवादभित्र समेटिन पुग्दछ । नारायण ढकालद्वारा लिखित यस उपन्यासमा पनि विभिन्न घटना र पात्रबोलीद्वारा भौतिकवादको प्रकटीकराण गर्ने कार्य भएको छ ।

प्रगतिवादले भौतिकवादी दृष्टिकोणलाई समेट्ने र नारायण ढकाल आफैं पनि प्रगतिवादी उपन्यासकार भएकाले उनका उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी दृष्टि देखा पर्नु स्वभाविक नै

हो । २०६५ सालमा लेखिएको उपन्यास भए तापनि यस उपन्यासमा देखापरेको समयरेखा भने १९७० को रहेको छ । त्यो बेलाको रूढीग्रस्त समाज अशिक्षित भएकाले भौतिकवादी दृष्टि राख्ने पात्र तथा घटनाक्रम देखा पर्नु असम्भव नै थियो । तर पनि उपन्यासकारले उपन्यासका घटना र पात्रहरूद्वारा भौतिकवादी दृष्टि प्रदान गर्न सक्षम नै देखिन्छन् । हामीले ईश्वरको भक्ति गर्नुपर्छ ईश्वरको भक्ति नगरेमा स्वर्गको बास हुँदैन भन्ने मान्यता राख्ने अध्यात्मवादी सोच भएका तत्कालीन समाजमा पनि भौतिकवादी दृष्टिकोणको विजारोपण गराउन सक्नु उपन्यासका ढकालको वैशिष्ट्य हो । उपन्यासका पात्र र घटनाक्रमहरूले भौतिकवादी मान्यतालाई कहीँ कतै अङ्गाल्ने कार्य गरेका छन् ।

भौतिकवादले विकास निर्माणका कार्यहरूमा जोड दिने गर्दछ । देखेका कुरामा विश्वास गर्नुपर्छ नदेखेका कुरामा होइन भन्ने मान्यता भौतिकवादले राख्छ । ईश्वरीय शक्ति र विश्वासभन्दा पनि तर्क र तथ्यलाई भौतिकवादले जोड दिने गर्दछ । त्यसैले भौतिकवादीहरू मिहिनेतमा बढी विश्वास गर्छन् । विश्वबन्धुत्वको भावना र यो संसारलाई नै सिङ्गो देश मानेर देश देशबीचको सीमा युद्धको अवस्थाबाट टाढा हुनुपर्ने कुरामा भौतिकवादीहरू विश्वास गर्छन् । भौतिकवादले आधुनिकतालाई स्वीकार गरेको हुन्छ ।

विगतको मान्यतालाई त्याग्दै तर्कसङ्गत मान्यताको स्वतन्त्र अभ्यास गर्नुपर्ने कुरामा भौतिकवादले जोड दिएको हुन्छ । *प्रेतकल्प* उपन्यासका पात्र र घटनाक्रमले पनि भौतिकवादी दृष्टिकोण देखाएका छन् । भौतिकवादी मान्यताले पुरातन मान्यतालाई त्याग्दै आजको वास्तविकतालाई स्वीकार गर्नुपर्छ भन्ने मान्यता राख्दछ । यस उपन्यासका केही पात्रहरूले भौतिकवादको पक्षमा बोलेका छन् । मन्दिर जाने, धर्मकर्ममा विश्वास गर्ने, छोरी पर नसरी छोरीको विवाह गरिदिने, जात्रा पर्वहरू मनाउने, संस्कृतका श्लोकहरू पढ्ने, धोती फेर खाना खाने, भूत प्रेतमा विश्वास गर्ने, कामी दमाई सार्कीजस्ता तल्ला जातका मानिसहरूलाई परै राख्ने, श्रीमद् भागवत कथा गाउँमा लगाउने, छोरालाई वंशको उत्तराधिकारी मान्नेजस्ता चलनहरू तत्कालीन नेपाली समाजका लागि अपरिहार्य नै थियो । तर लेखकले ती सबै कुरालाई केही पनि होइन भनेर व्याख्या गरेको दृष्टिकोणबाट पनि उपन्यासले भौतिकवादी मान्यतालाई

अङ्गालेको छ भनी मान्न सकिन्छ । उपन्यासमा बालकृष्ण नामक पात्रले भौतिकवादी दृष्टिकोण यसरी प्रकट गरेको छ :

> चाहे बालिका होस् वा तरुणी चाहे अधबैंसे होस् वा बुढी आइमाईले स्वतन्त्र विचारको आधारमा घरको काम पनि गर्नु हुँदैन भन्ने मान्यता विकास भयो । भनियो उनीहरूले बाल्यकालमा आमाबाबुको अधीनमा बस्नुपर्छ । जवानीमा लोग्नेको अधीनमा बस्नुपर्छ र बुढेसकालमा छोराको अधीनमा बस्नुपर्छ । अझ उदेगलाग्दो कुरा आइमाईले कहिले आफू स्वतन्त्र छु भन्नु हुँदैन । आफ्ना बाबु अथवा दाजुभाइले जसलाई रोजेर दिन्छन् उनीहरूले जीवनभरि उसकै सेवा गर्नुपर्छ । आफ्नो लोग्ने जस्तोसुकै चरित्रहीन भए पनि जस्तोसुकै अत्याचारी भए पनि सदावा आइमाईले उसलाई देवताझैँ मानेर सेवा शुश्रुषा गरिरहनुपर्छ र लोग्नेको जस्तोसुकै अत्याचार सहनुपर्छ । यो भनेको के हो ? के यो धर्म हो (पृ. १४५-४६) ।

माथिको उदाहरणमा बालकृष्णले महिलाहरू हेपिएर बस्न बाध्य भएका महिला वर्गको वास्तविकतालाई देखाएर त्यस्ता कार्यप्रति विरोध गर्दै भौतिकवादी दृष्टिकोण व्यक्त गरको छ । अध्यात्मवादीहरूले कसैले भगवान् पुज्ने कसैले मूर्ति पुज्ने त कसैले भगवान्का फोटो पुजेर श्रद्धापूर्वक शिर झुकाउने गर्दछन् । यस उपन्यासमा आएको पाखण्ड भन्ने शब्दले पाठ पूजा गर्ने मूर्तिपूजन गर्ने ईश्वरलाई नै सर्वशक्तिमान् मान्ने ईश्वरमा पूर्ण विश्वास गर्ने समाजमा ईश्वरप्रति विश्वास गर्नेको विरोध गरेको छ ।

भौतिकवादीहरू विकास निर्माण र आधुनिकतामा जोड दिन्छन् त्यो समयमा पनि चन्द्रशमशेरले त्रिचन्द्र कलेजको स्थापना, दासप्रथा उन्मूलन लगायतका विभिन्न कार्यहरू गरेको देख्न सकिन्छ । यस उपन्यासमा पनि कतै न कतै विकासका निम्ति पूर्वाधारहरूको विकास गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । भौतिकवादीहरू पुरातन आदर्शको विरोध गर्दै मूर्तिपूजाको विरोध गर्ने गर्दछन् उपन्यासमा मूर्तिपूजा र पाखण्डपनप्रति विरोध गर्ने कार्य यसरी भएको छ :

> “मूर्ति पूजामा मलाई विश्वास छैन । यो पाखण्ड नै हो । त्यसैले म जान्न आमा तिमी बुझेर पनि किन बुझ पचाउँछ्यौ ?” मैले प्रतिवाद गरेँ (पृ. २०४) ।

माथिको भनाइबाट पनि मूर्तिपूजाको विरोध गरेको र देखावटी धर्म वा भक्ति पाठ पूजा आदिको विरोध गरेको देखिन्छ । यसबाट ईश्वरप्रतिको विश्वास घटेको कुराको सङ्केत पनि पाउन सकिन्छ । माथिको भौतिकवादले स्वीकार गर्ने व्याख्याले उपन्यासलाई प्रगतिवादतर्फ उन्मुख गरेको छ । भौतिकवादीहरू तर्कमा विश्वास गर्दछन् । यस *प्रेतकल्प* उपन्यासमा पनि अन्धविश्वासलाई त्याग्दै तार्किक विचारहरू पात्रहरूले बोलेका छन् ।

व्यक्तिको आफ्नो शरीरको स्वतन्त्रता आफैँसँग हुन्छ भन्ने उदार सोच राख्ने भौतिकवादीहरू हरेक क्षेत्रमा स्वतन्त्रता खोज्ने गर्दछन् । यस *प्रेतकल्प* उपन्यासमा पनि शारीरिक रूपमा अशक्त भएर पनि रामजी भारद्वाज आफ्नो यौन चाहना शान्त पार्न लागि परेको, जगत्‌डोलको भुत्याहा चौरमा मध्यरातमा भूत प्रेत र बोक्सीको नाङ्गो नाच हुनु, विवाहअघि नै विधवा दमयन्तीले पण्डित बालकृष्णको गर्भ बोक्नु, शिखण्डीको पत्नी नन्दिनीले शङ्खधरको गर्भ बोकेर छोरा जन्माउनुजस्ता घटनाले पनि यो उपन्यास पाश्चात्य जगत्‌को भौतिकवादी मान्यताबाट प्रभावित हुँदै स्वतन्त्रताको पक्षमा लेखिएको उपन्यास हो ।

मार्क्सवादलाई राम्ररी बुझेका नारायण ढकालका उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी प्रभाव देखा पर्नु कुनै नौलो कुरा होइन । भौतिकवादले अङ्गाल्ने विभिन्न मूल्य मान्यताहरू यस उपन्यासमा आएका छन् । मूर्ति पूजालाई, ईश्वरलाई नमान्नु, कुसंस्कारमाथि प्रहार गर्नु, दलितको छोरालाई पनि वेद पढ्न सिकाउनु, दलितको व्रतबन्ध गरिदिनु, तथ्य र तर्कलाई प्राथमिकता दिनु, विधवा विवाहलाई मान्यता दिएर पुरातनवादी सोचलाई अस्वीकार गर्नु, बालविवाहको विरोध गर्नु, सत्यको पक्षमा निडर भएर लाग्नु, आफ्नो ठाउँ र आफ्ना ठाउँका जनताको स्वतन्त्रताको पक्षमा लाग्नुजस्ता विशेषताहरू नारायण ढकालको यो उपन्यासमा देखिएका हुनाले यस उपन्यास भौतिकवादी मान्यतामा आधारित भई लेखिएको उपन्यास हो ।

## २.५ *वृषभ वध* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद

ईश्वरीय शक्ति सर्वशक्तिमान् नभई देख्न, छुन र महशुस गर्नसक्ने विज्ञानका चमत्कारिक कार्यहरू बढी शक्तिशाली हुन्छ भन्ने मान्यता भौतिकवादले राख्दछ । भाग्यभन्दा कर्ममा विश्वास गर्ने, अन्धविश्वासलाई परित्याग गर्ने, ईश्वरीय शक्तिलाई वेवास्ता गर्ने, विज्ञानका नयाँ नयाँ उपलब्धि र सिद्धान्तलाई बढी मान्यता दिने, मूर्तिपूजाको विरोध, कुनै एउटा

धर्म र संस्कृति मान्ने परम्पराको विरोध, धर्म अफिम हो यसबाट बाहिर निस्केर भौतिक जीवनमा रम्नुपर्दछ भन्ने मार्क्सवादी मान्यता राख्नु र आधुनिकतालाई स्वीकार गरी सोही मान्यताअनुरूप व्यवहार गर्नुजस्ता कुराहरू भौतिकवादभित्र समेटिन पुग्दछ । नारायण ढकालद्वारा लिखित यस उपन्यासमा पनि विभिन्न घटना र पात्रबोलीहरूबाट भौतिकवादलाई प्रकटीकरण गर्ने कार्य भएको छ ।

प्रगतिवादले भौतिकवादी दृष्टिकोणलाई समेट्ने र नारायण ढकाल स्वयम् पनि प्रगतिवादी उपन्यासकार भएकाले उनको यस उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी दृष्टि देखा पर्नु स्वभाविक नै हो । २०७१ सालमा यो उपन्यासको लेखन भए तापनि यस उपन्यासमा देखा परेको समयरेखा भने २०१७ देखि २०२२/२३ सम्मको रहेको छ । त्यो बेलाको समाज रुढीग्रस्त र अशिक्षित भएकाले भौतिकवादी दृष्टि राख्ने पात्र तथा घटनाक्रम नेपालजस्तो देखा पर्नु प्रायः असम्भव नै थियो तर २००७ सालको क्रान्ति र सो भन्दा केही अघि पछिका घटनाले भौतिकवादी मान्यतालाई पक्कै अगाडि बढाउने कार्य गरेको थियो । हामीले ईश्वरको भक्ति गर्नुपर्दछ, नगरेमा नर्कको बास हुनेछ भन्ने मान्यता राख्ने अध्यात्मवादी सोच भएका तत्कालीन समाजमा पनि भौतिकवादी दृष्टिकोणको बीजारोपण गराउन सक्नु उपन्यासकार ढकालको वैशिष्ठ्य हो । ढकालले विज्ञानलाई मान्यता दिनुपर्दछ, ईश्वरीय शक्ति भ्रामक छ भन्ने मान्यता राखिरहँदा पनि समाजमा ईश्वरको अस्तित्व स्वीकार गर्ने, स्वर्ग, नर्क आदिका कुरामा विश्वास गर्ने अवस्था भएको उक्त समाजमा पनि भद्दा नदेखिने र विश्वास गर्न सकिने गरी भौतिकवादको प्रयोग गरेका छन् । उपन्यासका पात्र र घटननाक्रमहरूले पनि भौतिकवादी मान्यतालाई अङ्गाल्ने कार्य गरेको छ ।

भौतिकवाादले विकास निर्माणका कार्यहरूमा जोड दिन्छ । भौतिकवादले देखेको कुरामा विश्वास गर्नु अर्थात् (Seeing is Beliving) भन्ने मान्यता राख्दछ । सुनेको पुरातन कुराभन्दा देखेको कुरामा विश्वास हुनुपर्दछ भन्ने सोच भौतिकवादले राख्दछ । ईश्वरीय शक्ति र विश्वास भन्दा पनि तर्क र तथ्यलाई भौतिकवादले जोड दिने गर्दछ । त्यसैले भौतिकवादीहरू मिहिनेतमा बढी विश्वास गर्छन् । विश्वबन्धुत्वको भावना र यो संसारलाई नै सिङ्गो देश मानेर देश /देशबीचको सीमा युद्धको अवस्थाबाट टाढा हुनुपर्ने कुरामा भौतिकवादीहरू विश्वास गर्दछन् ।

भौतिकवादले आधुनिकतालाई स्वीकार गरेको हुन्छ । विगतका मान्यतालाई त्याग्दै तर्कसङ्गत मान्यताको स्वतन्त्र अभ्यास गर्नुपर्ने कुरामा भौतिकवादले जोड दिएको हुन्छ । ढकालको यस *वृषभ वध* उपन्यासमा पनि माथि उल्लेख गरिएका भौतिकवादका मान्यताअनुरूपका विशेषताहरू देखा परेका छन् । पात्र र घटनाक्रहरूले यस उपन्यासमा देखाएका भौतिकवादी दृष्टिकोणहरूलाई प्रसङ्गसहित निम्नानुसार प्रस्तुत गरिन्छ ।

भौतिकवादी मान्यताले पुरातन मान्यतालाई त्याग्दै आजको वास्तविकतालाई स्वीकार गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । यस उपन्यासका केही पात्रहरू यसरी नै भौतिकवादको पक्षमा वकालत गरिरहेका छन् । मूर्तिपूजा तत्कालीन नेपाली समाजका लागि अपरिहार्य थियो तर लेखकले मूर्तिलाई फुस्रो ढङ्गा भनी व्याख्या गरेको अवस्थाबाट उपन्यासले भौतिकवादी मान्यतालाई अङ्गालेको छ, जसलाई यसरी देखाइएको छ :

> जुन ढुङ्गालाई गणेश मानेर पूजा गरिन्थ्यो, त्यसमा न सुँढ थियो न त ठूलो भुँडी नै । बेढङ्गको फुस्रो ढुङ्गोलाई गणेश भनिएको थियो (पृ. १) ।

अध्यात्मवादीहरू कसैले भगवान् मानेको कुनै ढुङ्गो नै भए पनि श्रद्धापूर्वक शिर झुकाउने गर्दछन् तर माथिको उपन्यासको अंशमा आएको यस्तो सन्दर्भबाट *वृषभ वध* उपन्यास भौतिकवादी मान्यताको बाटोमा हिँडिरहेको पुष्टि हुन्छ । उपन्यासको पृष्ठ नम्बर आठमा आएको धर्मभीरु भन्ने शब्दले पनि पूजापाठ गर्ने मूर्तिपूजन गर्ने, ईश्वरीय शक्तिलाई पूर्णतः विश्वास गर्ने, समाजमा ईश्वरप्रति अविश्वास गर्नेको सङ्ख्यासमेत बढ्दै गएको सङ्केत गरेको छ । सो समयमा पनि राजा महेन्द्रको वक्तव्यमार्फत् नेपाल विकास निर्माणको बाटोमा अगाडि बढिरहेको अवस्था देख्न सकिन्छ । सहरीकरण र औद्योगीकरणलाई भौतिकवादले सधैँ अङ्गाल्ने गर्दछ । यस उपन्यासमा पनि विकासका निम्ति पूर्वाधारहरूको विकास गर्नुपर्ने कुरामा पात्रहरूद्वारा जोड दिइएको छ, जस्तैः

> काम गर्न सक्नेहरू त हुने नै भए, नसक्नेहरू पनि जुर्मुराएका थिए । घरघरबाट अवाल, वृद्ध र वनिताहरू कोदालो, कोदाली, खुर्पा, चुप्पी बोकेर निस्केका थिए । प्रायः घाँस, दाउरा, पर्म, मेलापात र पँधेरामा देखिने महिलासमेत पुरुष वर्गसँग नारिएर बाटो खन्न हिँडेका थिए । उनीहरू विकासको मन्त्रले मोहित भएका थिए ।

> राजा महेन्द्र देशवासीलाई सम्बोधनमा भनिरहेका थिए : अरूले सय वर्षमा गर्न नसकेको काम हामीले दस वर्षमा गर्नुपरेको छ (पृ. ५) ।

माथिको प्रसङ्गबाट विकास निर्माणका पक्षमा सबै रहेको र आफूले गर्ने सहयोग सबैले गरेको अवस्थाबाट बाटो खन्ने काम सम्पन्न भएको छ । राजा महेन्द्रले पनि अरूले सय वर्षमा गर्न नसकेको काम हामीले दस वर्षमा गर्नुपरेको छ भन्ने प्रसङ्गबाट पनि भौतिक विकासमा कतिको जोड दिएका छन् भन्ने कुरा स्पष्ट हुन्छ । नरेन्द्रले देवेन्द्रलाई “विज्ञानमा अन्धविश्वासलाई ठाउँ छैन (पृ. ५९) ।” भनेको प्रसङ्गबाट पनि अन्धविश्वास र पुरातन मान्यताबाट टाढा हुनुपर्दछ भन्ने भौतिकवादी दृष्टि दिन उपन्यासकार सफल देखिन्छन् । उपन्यासको बीचबीचमा देखिएको सहरीया जीवनशैलीले आधुनिकतालाई स्वीकार गरेको अवस्था रहेको छ । विश्वका कम्युनिष्ट नेताहरू कार्ल मार्क्स, माओ सेतुङ्आदिको कम्युनिष्ट आन्दोलन र भौतिकवादी दृष्टिलाई उपन्यासमा देखाइएको छ । जोगवीर जोशीले राजा र नरहरिनाथको विषयमा बताएको प्रसङ्गबाट पनि धार्मिक आडम्बरलाई त्याग्नुपर्छ भन्ने विचार उपन्यासमा यसरी प्रकट भएको छ :

> राजाले योगी नरहरिनाथ जस्ता रहस्यमय राजनीतिक जोगीको कुरा सुनेसम्म जुनसुकै सुधार ल्याए पनि अर्थपूर्ण हुँदैन (पृ. ८८) ।

माथिको यो प्रसङ्गले पनि धर्मभीरुको सल्लाह राजाले मानेसम्म देशको विकास हुन नसक्ने भनाइबाट पुरातनवादी सोचबाट माथि उठ्नुपर्ने भाव व्यक्त गर्न खोजेको छ । क्रान्तिका लागि सङ्घर्ष गर्नुपर्दछ र क्रान्तिबाट नै विकासको मूल फुट्ने कुरामा जोड दिने कार्यसमेत उपन्यासमा भएको छ ।

उपन्यासका पात्रहरूले गरेका सङ्घर्षका कथाहरूले उपन्यासलाई थप क्रान्तिकारी बनाएको छ । भौतिकवादले स्वीकार गर्ने त्यस्ता क्रान्तिहरूको व्याख्याले उपन्यालाई प्रगतिवादतर्फ उन्मुख गरेको छ । उपन्यासलाई क्रान्तिकारी बनाउने क्रममा पुष्पलालको जेलबाट भागेको (पृ.९१) आएको प्रसङगले क्रान्तिका निम्ति होमिन युवाहरूलाई जोश थप्ने र भौतिकवादको पक्षपोषण गरेको छ । *वृषभ वध*मा पनि अन्धविश्वासलाई त्याग्दै तार्किक विचारहरू उपन्यासमा आएका छन् :

> त्यसो भए अपुतो भएर मर्ने र सोझै नर्कमा जाने त अर्जुन चा ? कसैले जिस्क्याउँथ्यो ।
>
> म स्वर्ग नर्कमा विश्वास गर्दिन । यो त अन्धविश्वास हो बुझ्नु भो ?
>
> अनि सन्तान नभएपछि रातदिन यत्रो दुःख गरेर कमाएको धन कस्लाई छाडेर जान्छौ त ?
>
> दाने दानेमे लिखा हे खाने वालाका नाम । यसमा के को फिक्री ऊ मरिमरि हाँस्यो । अन्धविश्वासको विरोधी हुँ भन्ने, अनि दानो दानेमे लिखा है पनि भन्ने ? कस्तो बेमेल कुरा गरेको ए अर्जुन चा (पृ. ९४) ?

माथिको उदाहरणमा आएको स्वर्ग, नर्कमा विश्वास छैन र दाने दानेमे लिखा हे खानेवालाका नाम भन्ने प्रङ्गबाट अन्धविश्वासको विरोध र तार्किकता उपन्यासमा देखा परेको छ, जुन भौतिकवादले अवलम्बन गर्ने मान्यता हो । भिक्षु बन्ने, धर्मगुरु बन्ने, ढोङ्ग देखाउने अध्यात्मवादी प्रवृत्तिमाथि प्रहार गर्ने कार्य उपन्यासमा भएको छ । उपन्यासमा आएका यस्ता प्रसङ्गबाट पनि उपन्यास भौतिकवादतर्फ अघि बढेको स्पष्ट हुन्छ ।

उपन्यासमा आएका अन्य विभिन्न प्रसङ्गहरूले यस उपन्यास भौतिकवादको बाटो समातेको कुरा थाहा पाउन सकिन्छ । भ्रष्टाचारहित समाजको कल्पना गर्ने भौतिकवादी दर्शनले भ्रष्टाचारलाई पूर्णतः बर्जित गर्नुपर्ने कुरामा जोड दिन्छ । उपन्यासमा पनि भ्रष्टाचारका विरुद्धमा आवाज उठाउने कार्य पनि भएको छ, जस्तै-

> देवेन्द्रको कुराले अमिन विष्णुदेवको अनुहारको रगत सुक्यो । भर्खर साँढेले तर्साएको, त्यसबाट निवृत्त हुँदै फेरि यो केटाले उसको भित्री कर्तुतको पोल खोल्ने गरी के भन्दै छ हँ ? ऊ डराउनु स्वभाविकै हो, किनकि उसले गरिब गाउँलेसँग नगद, जिन्सी, सुनचाँदी जे पाइन्छ लियो भन्ने हल्ला चलेको थियो (पृ. २३६) ।

माथिको उदाहरणमा राज्यको आडमा सोझा जनताको काम गरिदिएबापत् लिनुनपर्ने अवस्थामा पनि यसरी लिइएको सुनचाँदी नगद तथा जिन्सीजस्ता सामानहरू लिने गरेका भ्रष्टचारीहरूको कालो कर्तुतको पर्दाफास गरी कारबाहीमा ल्याई भ्रष्टाचाररहित राज्यको निर्माण हुनुपर्ने कुरामा उपन्यासले जोड दिएको छ । पाश्चात्य भौतिकवाद यौनको मामलामा पनि उदार

रहेको छ । व्यक्तिको आफ्नो शरीरको स्वतन्त्रता आफैँसँग हुन्छ भन्ने उदार सोच राख्ने भौतिकवादी दर्शनशास्त्रीहरू हरेक क्षेत्रमा स्वतन्त्रताका निम्ति आवाज उँचो बनाउने गर्छन् । *वृषभ वध* उपन्यासमा पनि मिनाकुमारी र शशिधरकी छोरीजस्ता पात्रहरू यौनको मामलामा खुल्ला रहेकाले यो उपन्यास पनि पाश्चात्य साहित्यबाट ओत्प्रोत हुँदै स्वतन्त्रताको पक्षमा लेखिएको उपन्यास हो भन्न सकिन्छ । त्यतिमात्र नभई भौतिकवादको परिभाषा दिने कार्यसमेत उपन्यासमा भएको छ । भौतिकवादको व्याख्या उपन्यासको दुर्गाप्रसाद पात्रले यसरी गरेका छन् :

> दार्शनिकहरू दुई खेमामा बाँडिएका छन् । अध्यात्मवादी र भौतिकवादी । अध्यात्मवादीहरू चेतना मुख्य हो भन्छन् तर भौतिकवादीहरू प्राकृतिक विज्ञानका कुरा मान्छन् । भौतिकवादी दर्शनले आत्मा र शरीरको द्वैत अस्तित्वलाई गलत मान्छ (पृ. २७५) ।

माथिको प्रसङ्मा उपन्यासको अंशमा नै भौतिकवादका मान्यताहरू राखिएको छ । उपन्यासमा विज्ञानका आविष्कार तथा जीवन जगत्का भौतिक पक्षलाई प्रथामिकता दिने कार्य भएको देखिन्छ । भौतिकवादले अङ्गाल्ने विभिन्न मान्यताहरू यस उपन्यासमा देखा परेका छन् । ईश्वरीय शक्तिलाई अस्वीकार गर्नु, भौतिक विकास निर्माणमा जोड दिनु, कुसंस्कारमाथि प्रहार गर्नु, तथ्य र तर्कलाई प्राथमिकता दिनु, वैज्ञानिक आविष्कारलाई जोड दिई पुरातन सोचलाई अस्वीकार गर्नु, व्यक्ति र राष्ट्रको स्वतन्त्रतामा जोड दिनुजस्ता विशेषताहरू नारायण ढकालको यो उपन्यासमा देखिएका हुनाले यस उपन्यासलाई भौतिकवादी मान्यतामा आधारित भई लेखिएको उपन्यास हो भन्ने प्रस्ट हुन्छ ।

## २.६ *हजार माइलको बाटो* उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद

*हजार माइलको बाटो* उपन्याास २०२० देखि २०६२/ ६३ सम्मको समयावधिलाई आधार मानी लेखिएको यस उपन्यासमा पनि केही भौतिकवादी छापहरू फेला पार्न सकिन्छ । जसले उपन्यासलाई प्रगतिवादतर्फ उन्मुख गर्ने कार्य गरेको छ । उपन्यास देखा परेका घटना र पात्र बोलीहरूद्वारा देखापर्ने भौतिकवादी मान्यतालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

छोरी अर्काको घरमा जाने जात हो । छोरीहरूले पढ्नु हुँदैन भन्ने मान्यता भएको २०२० कालीन नेपाली समाजमा झपडसिंह थापाले आफ्नै छोरी गायत्रीलाई विद्यालयमा पढ्न पठाएको प्रसङ्ग उपन्यासमा आएको छ । नारी भनेका नर्कका द्वार हुन्, पोथी बासेको राम्रो हुँदैन, केटी भएर बर्ता जान्ने हुनुहुँदैन भन्ने सोच भएको तत्कालीन नेपाली समाजमा भौतिकवादी सोच राखी आफ्नै छोरी गायत्रीलाई पढाउनका निम्ति विद्यालय पठाएको तलको प्रसङ्गलाई भौतिकवादभित्र राख्न सकिन्छ :

> धीरेन्द्रले पढुन्जेल स्कुल भरिमा एउटी मात्र केटी भई, उही गायत्री । गाउँका उसको उमेरका अरू केटी अझै स्कुल आउन पाएका थिएनन् । अर्काका घरमा जाने वस्तु भनेर बाबुआमाहरू उनीहरूलाई स्कुल पठाउँदैनथे र उमेरै नपुगी विवाह गरिदिन्थे । छोरीलाई स्कुल पठाए उनीहरू चरित्रहीन बन्छन् भन्ने आमविश्वास थियो । यसैले आनन्दपुरका अधिकांश चेली निरक्षर थिए । यसरी स्कुल जानेमा गायत्री मात्र अपवाद थिई । उसका बाबु झपटसिं थापा सेनामा लप्टन थिए । जिल्लाजिल्ला घुमेकाले देश बुझेका थिए । उनी छोरीलाई पनि छोरासरह पढाउनुपर्छ भन्ने विचारका थिए (पृ. २७) ।

माथिको दृष्टान्तमा छोरीलाई विद्यालय नपठाउने समाजमा झपटसिंहले आफ्नी छोरीलाई विद्यालयमा भर्ना गरको प्रसङ्ग आएको छ । छोरीलाई पढाउन हुन्न भन्ने सोच भएको समाजमा झपटसिंहले गरको उक्त निर्णय पुरातन मान्यताविरुद्धको अभियान हो । छोरीलाई पनि छोरासरह पढाउनु पर्छ भन्ने माथिको मान्यता प्रगतिशील विचारको दृष्टान्त हो । प्रगतिशील दृष्टान्तले मान्यतासँग सम्बन्ध राख्दछ ।

> यसै वर्ष धीरेन्द्रको पुरानो घरमा सञ्चालित त्यो स्कुल आफ्नै नवनिर्मित भवनमा सऱ्यो । नयाँ स्कुलको आफ्नो भवन धीरेन्द्रका बाकै नेतृत्वमा निर्माण भएको थियो । स्कुल निर्माणमा आधा सरकारी अनुदान अनि आधा जनताको श्रम र सामान परेको थियो । त्यस वर्षको हिउँले फुर्सदका लगभग दुई महिना गाउँका सारा किसान स्कुल भवन बनाउने अभियानमा जुटेका थिए । सारा गाउँ युद्धको तयारीको समयमा जस्तो सक्रिय भएको थियो (पृ. ३६) ।

"जे भए पनि आफ्नो छोरो हो । बाउले जति दुःख पाए पनि छोराको निम्ति कर्तव्य त गर्नुपऱ्यो नि (पृ. ३१) !"

नरेन्द्रनाथको शिक्षा क्षेत्रको लगाव र शिक्षा क्षेत्रको विकासका लागि उनले गरेका कार्यहरूको चित्रण यहाँ प्रस्तुत छ । उपन्यासमा नरेन्द्र र धीरेन्द्र बाबु छोरा हुन् । उनीहरू बाबुछोरा भएर पनि उनीहरूबीच दुईवटा वर्ग बनेको प्रसङ्ग उपन्यासमा छ । धीरेन्द्र आफ्नो बुबालाई वर्ग शत्रु ठान्छ । बुबाले गरेका हरेक क्रियाकलापलाई नकारात्मक दृष्टिकोणले हेर्छ । बुबालाई अध्यात्मवादी र आफूलाई भौतिकवादी ठान्छ । तर उसका बुबा नरेन्द्रनाथले देखाएका व्यवहार र कार्यलाई हेर्ने हो भने प्रधानपञ्च नरेन्द्रनाथ अधिकारी पनि भौतिकवादी दृष्टिकोण राख्ने व्यक्तिका रूपमा उपन्यासमा उपस्थित भएका छन् ।

त्यसअघि नरेन्द्रनाथले आनन्द कुटिका प्रधानाध्यापक भिक्षु आनन्दसँग करुण निवेदन गरेर स्कुल ट्रान्सफर सर्टिफिकेट बनाएर ल्याइसकेका रहेछन् । यसैले भर्ना गर्न निकै सहज भयो । नत्र एउटा स्कुलबाट निकालिएको चरित्रहीन विद्यार्थीलाई अन्त कहीँ भर्ना गर्न मुस्किल पर्थ्यो (पृ. ५४) ।

अध्ययनबाट नै परिवर्तन सम्भव हुने भन्ने ठानी आफ्नै घरमा विद्यालय स्थापना गर्न लगाउनु, विद्यालयको नवीन भवन निर्माण गर्नु, काठमाडौँको महँगो विद्यालयमा छोरालाई पढाउनका निम्ति लैजानु, एउटा विद्यालयबाट निकालिएको आफ्नो छोरालाई अनुनय विनय गरेर अर्को विद्यालयमा लगी भर्ना गरेको प्रसङ्गले प्रधानपञ्च नरेन्द्रनाथ अधिकारी एक भौतिकवादी दृष्टिकोण राख्ने व्यक्ति हुन् भन्न सकिन्छ । आजको समाजसँग दाँजेर हेर्ने हो भने त नेपालभरका ९०% भन्दा बढी विद्यार्थीहरू विद्यालयको पहुँचमा भएको अवस्था छ तर उपन्यासको परिवेशलाई हेर्ने हो भने चाहिँ त्यो समयमा शिक्षाको महत्त्व बुझेका र शिक्षा दिनुपर्छ भन्ने मानसिकता नभएको पुरातनवादी, अन्धविश्वासी समाजमा नरेन्द्रनाथको त्यो चेतनाको स्तरलाई प्रगतिवादी चेतनाको स्तर मान्न सकिन्छ ।

भौतिकवादले अग्रगामी सोच मात्र नभई स्वतन्त्रताको समेत अपेक्षा गर्दछ । उपन्यासकारले काठमाडौँ सहर त्यहाँको परिवेश त्यहाँका व्यक्तिहरूले देखाएका भौतिकवादी मान्यताबाट प्रभावित व्यवहारहरूले उपन्यासलाई थप भौतिकवादतर्फ उन्मुख गरेको छ । यसलाई निम्नानुसार देखाइको छ :

> मसँग आज एक लाख क्यास छ । यो पैसाले म डिल्लीबजारमा दुईटा ठूलाठूला घर किन्न सक्छु । तर किन्दिनँ । घर र रूपियाँ पैसा मेरो जीवनको लक्ष्य होइन । आनन्द र प्रेम एकमात्र गन्तव्य हो । हो, म प्रेम र पैसामा ज्यादै कमजोर छु । प्रजातन्त्रका योद्धा हाम्रा सान्दाइ पनि त त्यस्तै छन् भन्ने सुन्या छु (ढकाल, २०७४, पृ. ८२) ।

माथिको उदाहरणमा भौतिकवादी मान्यता राख्ने वसन्तराजनामक पात्रले गरेको कार्यव्यापारलाई देखाइएको छ । ऊ रेस्टुराँ जान्छ । उसको लक्ष र गन्तव्य आनन्द र प्रेम मात्र रहेको छ । प्रेम र पैसाको मामलामा प्रजातन्त्रका योद्धा सान्दाइजत्तिकै आफू पनि रहेको उल्लेख गर्दछ ।

> उसले डराईडराई चिसो बियर घाँटीबाट हुल्यो । तीत्तो न तीत्तो त्यो झोल रगतमा पसेपछि उसले केही साहस पलाएको अनुभव गऱ्यो । ऊ एक बोतलभन्दा अघि बढेन तर वसन्तराज एक बोतल सकिएपछि ह्विस्कीतिर सल्किए । उनले लगातार ३ पेग रेड लेबल ह्विस्की चढाए । त्यसपछि उनको अनुहार बदलिँदै गयो उनी पहिलेभन्दा अझ बढी फरासिला भएका थिए । अन्त्यमा चिकेन बिरयानी आयो (पृ. ६९) ।

वसन्तराज खनाल जो ब्राह्मण समुदायका छन् । उनका बुवा खेमराज गाउँका विद्यालयका प्रधानाध्यापक तथा नामी पण्डित हुन् । ब्राह्मणका छोराले गर्ने कर्म पटक्कै नगरी शिवरामले जुवा खेल्ने, रक्सी खाने, वेश्यालय जाने आदि प्रसङ्ग उपन्यासमा उद्धृत छ । ऊ परम्परागत अध्यात्मवादी मान्यताको विरोधमा उत्रिएको पात्रको रूपमा उपन्यासमा उपस्थित भएको छ । आफूले कमाएको धन आफ्ना सन्ततिका लागि राख्नुपर्छ भन्ने परम्परागत मान्यतालाई त्याग्दै आफूसँग भएको पैसालाई मोजमस्तीमा लगाउने वसन्तराज उनका गतिविधि र व्यवहारले एक भौतिकवादी पात्र बनेर उपन्यासमा उपस्थित भएका छन् । ठाडो टीको लगाएर भगवान्को आराधना गर्नुपर्ने परिवारको सदस्य रेस्टुराँमा गई मद्यपान गरेको हरेक दिन मदिरासँगै लठ्ठिएको, जुवा तासमा लठ्ठ भएको र त्यो आफ्नो स्वविवेकले गरिरहेको भन्ने पात्रहरूको अभिव्यक्तिले व्यक्तिले आफ्नो परम्परादेखि चल्दै आइरहेको यस्तोयस्तो गर्नुपर्छ भन्ने मान्यताविरुद्ध धावा बोल्ने काम पनि उपन्यासमा भएको छ ।

"संस्कृत पढेर तपैँ चैँ कसरी बोका हुनबाट जोगिनुभो त ?"

"मैले संस्कृत पढे पनि म ऋषि शुक्राचार्य र भौतिकवादी चार्वाकको लाइनमा परेँ नि त !"

"चार्वाक र शुक्राचार्यको लाइन चाहिँ कस्तो हो नि ?"

"जाँड खाने, जुवा खेल्ने र वेश्यासित प्रेम गर्ने बाहुन क्या, लट्ठक (पृ. ८४) !"

सहरी वातावरण, त्यहाँका गल्ली तथा रेस्टुराँहरूको प्रसङ्ग, हिप्पीहरूको प्रसङ्गआदिले उपन्यासलाई भौतिकवादी उपन्यास बनाउन सहयोग गरेको छ । उपन्यासको मुख्य पात्रको भूमिकामा आएको धीरेन्द्र अधिकारी ईश्वरलाई नमान्ने, परम्परागत आदर्शको विरोध गर्ने सच्चा भौतिकवादी पात्र बनेर उपन्यासमा उपस्थित भएको छ ।

उपन्यासको मुख्य पात्र धीरेन्द्र सानै उमेरबाट अग्रगामी सोच राख्ने पात्रका रूपमा उपन्यासमा उपस्थित भएको छ । उसका विचार र कार्यव्यापारले ऊ भौतिकवादी दृष्टिकोण राख्ने पात्र हो भन्ने पुष्टि गर्दछ, जस्तै-

> प्रेम द्रोहपछि केही महिना ऊ ईश्वरनिन्दाको पछि लाग्यो यो विचार उसमा किन र कसरी आयो भन्ने विषयमा पनि स्पष्टता छैन । खास गरी ईश्वर आफूजस्तो असहायप्रति उदार र न्यायप्रेमी नभएर पक्षपाती छ भन्ने लाग्न थालेपछि ऊ आफ्नो समयको नास्तिक बनेर निस्क्यो । हाकाहाकी भन्न थाल्यो - ईश्वर मरिसक्यो । हुन त यो उसको मौलिक आविष्कार थिएन । उसले कुनै बुद्धिजीवीले कतै भनेको सुनेको थियो, तर ऊ त्यस सूत्रलाई आफ्नै मौलिक आविष्कारझैँ ठानेर गौरवान्वित भइरह्यो (पृ. १३३-१३४) ।

माथिको उदाहरणमा धीरेन्द्रले देखाएको भौतिकवादी व्यवहारको चर्चा छ । धीरेन्द्रले विद्यार्थीकालदेखि नै ईश्वरीय सत्तालाई अस्वीकार गर्दै भौतिकवादको बाटो रोजेको प्रसङ्ग पनि उपन्यासमा आएको छ । ऊ असहायप्रति उदार र न्यायप्रेमी भएर देखिएको छ । उसले हाकाहाकी ईश्वर मरिसक्यो भन्न थालेको छ । ईश्वरको निन्दा गर्न थालेको छ । उसको यो कथनले पनि ऊ भौतिकवादी भएको पुष्टि हुन्छ ।

शिवराम खनाल धीरेन्द्रबीच भएको संवादको अंशले पनि यहाँ कम्युनिस्ट पार्टीको चर्चा हुनु र भौतिकवादीलाई मेरो समर्थन छ भन्ने शिवरामको विचारको प्रकटीकरणले भौतिकवादी विचार अभिव्यञ्जित भएको छ ।

> "भूमिगत कम्युनिस्ट पार्टीको प्रगतिशील विचार मलाई मनपर्‍यो । तर, म कम्युनिस्ट पार्टीमा छैन काका !" उसले ढाँट्यो ।
>
> "लाग्नैपरेपछि खुट्टा तानेर लाग । आफू आध्यात्मिक बाटामा भए पनि तिमेरुजस्ता सच्चा भौतिकवादीहरूलाई मेरो समर्थन रहन्छ (पृ. १७३) ।"

धीरेन्द्रलाई सेनाले मार्ने समयमा धीरेन्द्र र सेनाबीच भएको संवादले पनि भौतिकवादी मान्यता र धीरेन्द्रको आस्थाको प्रतिनिधित्व गरेको छ ।

> "ईश्वर मान्छस् कि मान्दैनस् ?" जमिनमा टेक्नासाथ खस्रो आवाजमा प्रश्न आयो ।
>
> "मान्दिनँ ।" उसले जवाफ दियो ।
>
> "आत्मालाई नि ?"
>
> "उपनिषद्को बकवास हो यो । यसलाई झन् मान्दिन (पृ. १३३- १३४) ।"

धीरेन्द्रको जीवनयात्राको अन्तिम समयमा आफू मारिने थाहा हुँदाहुँदै सेनाले ईश्वर मान्छस् भन्ने प्रश्नमा मान्दिन भनेको प्रसङ्ग, आत्मा मान्छस् भन्दा उपनिषद्को बकवास भनेको प्रसङ्गले पनि धीरेन्द्र भौतिकवादी रहेको तथ्य स्पष्ट हुन्छ ।

माथिका उदाहरणमा धीरेन्द्रले देखाएको भौतिकवादी व्यवहारको चर्चा छ । धीरेन्द्रले विद्यार्थीकालदेखि नै ईश्वरीय सत्तालाई अस्वीकार गर्दै भौतिकवादको बाटो रोजेको प्रसङ्ग पनि उपन्यासमा आएको छ । मानिसले जन्मेपछि आफ्नो कर्म गर्नुपर्छ समयमा विवाह गर्नुपर्छ र त्यसपछिका कर्महरू गर्नुपर्छ भन्ने अध्यात्मवादी मान्यतालाई त्याग्दै जीवनभर अविवाहित रहनु पनि धीरेन्द्रले गरेको भौतिकवादी कार्य हो । नित्सेले ईश्वर मरेको घोषणा गरेको कुराबाट प्रभावित भएको धीरेन्द्र आफू पनि अनिश्वरवादी विचार राख्दै सोही कुरा दोहोर्‍याउँदै हिँडेको प्रसङ्ग उदाहरणमा आएको छ । धीरेन्द्रले आफ्ना व्यवहारहरू सोहीअनुसार गर्दै हिँड्छ । शिवराम खनालले पनि तिमीहरूजस्ता भौतिकवादी मलाई मनपर्छ भनेको प्रसङ्गले धीरेन्द्र एक भौतिकवादी पात्र भएको कुरा पुष्टि हुन्छ । उदाहरण ३ मा *हजार माइलको बाटो* उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी मान्यताबाट प्रेरित भएको पात्र भएको कुरा प्रस्ट हुन्छ ।

समग्रमा यस उपन्यासमा आएका पात्रहरू नरेन्द्रनाथ अधिकारी, धीरेन्द्र अधिकारी, वसन्तराज खनाल लगायतका पात्रहरू भौतिकवादी पात्र हुन् । ती पात्रहरूले गरेका कार्यव्यापार र उपन्यासमा देखापरेका भौतिकवादी परिवेशहरूले नारायण ढकालद्वारा लिखित *हजार माइलको बाटो* नामक उपन्यास एक भौतिकवादी उपन्यास हो भन्ने पुष्टि हुन्छ ।

## २.७ निष्कर्ष

*दुर्भिक्ष* उपन्यासमा आलोक, सुप्रिया, प्रधानपञ्च, राधाकृष्ण, बोधराज, हरि, कृष्णचन्द्रलगायतका पात्रहरूले भौतिकवादी सोच राखेका छन् । काठमाडौँ सहरको परिवेश, रेस्टुरेन्ट, क्लब, तथा सहरी जीवनशैलीले भौतिकवादी मान्यता प्रस्तुत गरेको छ । विवाहअघि गर्भधारण गरेपछि आफ्नै बच्चा हुर्काउने सुप्रियाको निर्णयले परम्परागत समाजको विरुद्धमा उभिएको भौतिकवादी दृष्टिकोणलाई देखाउँछ । साथै, उपन्यासमा धनलाई शक्ति र हैसियतको आधार मानिएको छ, जसले वर्गीय विभाजनलाई स्पष्ट पार्छ । *प्रेतकल्प* उपन्यासले समाजको यथार्थ, वर्ग सङ्घर्ष, र श्रमजीवी वर्गको सङ्घर्षलाई चित्रण गरेको छ । उपन्यासले परम्परागत धार्मिक विश्वास र प्रथालाई अस्वीकार गर्दै मानिसका भौतिक आवश्यकतालाई प्राथमिकतामा राखेको छ । पात्रहरूको मुख्य सङ्घर्ष खाना, वस्त्र, र आवासका लागि केन्द्रित रहेको छ । धर्मको नाममा गरिब जनतामाथि गरिने शोषणको विरोध गर्दै उपन्यासले वैज्ञानिक सोच र व्यावहारिक जीवनलाई महत्त्व दिएको छ । साथै, विकासका लागि पूर्वाधार निर्माणमा जोड दिइएको छ, जसले भौतिकवादी दृष्टिकोणलाई थप सशक्त बनाएको छ ।

*वृषभ वध* उपन्यासमा ग्रामीण समाजको कठोर यथार्थ चित्रण गर्दै परम्परागत धार्मिक मान्यता र सामाजिक संरचनासँगको टकराव देखाइएको छ । पात्रहरूले जीवनका व्यावहारिक समस्याहरूलाई प्राथमिकता दिएर धर्म र परम्परालाई चुनौती दिएका छन् । उपन्यासमा गरिबी, श्रम, र वर्गीय विभाजनलाई देखाइएको छ, जसले भौतिक आवश्यकतालाई महत्त्व दिन्छ । धर्मले निम्त्याउने विभेद, अन्याय, र अन्धविश्वासको आलोचना गर्दै श्रमजीवी वर्गको सङ्घर्षलाई उजागर गरिएको छ । पात्रहरूले परम्परागत मूल्यहरूबाट बाहिर निस्कने प्रयास गर्छन्, जसले परिवर्तनशील चेतनाको विकास र भौतिकवादको प्रभावलाई देखाउँछ । *हजार माइलको बाटो* उपन्यासमा समाजको बदलिँदो परिस्थितिलाई भौतिकवादको दृष्टिबाट चित्रण गरिएको छ । परम्परागत अध्यात्मवादी मान्यताको विरोध, ईश्वर निन्दा, र भौतिक सम्पत्तिप्रति आकर्षणजस्ता

विषयहरू प्रस्तुत गरिएको छ । सहरीकरणको प्रभावले ग्रामीण क्षेत्रका मानिसहरूमा पनि नयाँ सोच र भौतिकवादी प्रवृत्तिको उदय भएको देखिन्छ । उपन्यासले समाजलाई आर्थिक रूपमा धनी र गरिबमा विभाजन गरेको देखाउँछ, जसमा धनी वर्गले आफ्नो सम्पत्ति र शक्ति प्रयोग गरेर गरिब वर्गलाई दमन गर्छन् । पात्रहरूका विचार, सहरी परिवेश, तथा भौतिकवादी व्यवहारहरूले उपन्यासलाई भौतिकवादी सिद्धान्तसँग नजिक बनाएको छ । नारायण ढकालका उपन्यासहरूले भौतिकवादलाई समाजको यथार्थ चित्रण गर्ने आधारका रूपमा प्रयोग गरेका छन् । वर्गीय विभाजन, श्रमजीवी वर्गको सङ्घर्ष, परम्परागत धार्मिक मान्यताप्रति प्रश्न, तथा वैज्ञानिक सोचको समर्थन जस्ता विषयहरू उपन्यासहरूमा प्रमुख रूपमा उठाइएको छ । यसकारण, यी उपन्यासहरू भौतिकवादी दृष्टिकोणमा आधारित रहेको प्रस्ट देख्न सकिन्छ ।

# तेस्रो परिच्छेद

# नारायण ढकालका उपन्यासमा वर्गविभेद

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा नारायण ढकालका उपन्यासहरू *दुर्भिक्ष, प्रेतकल्प, वृषभ वध र हजार माइलको बाटो* उपन्यासमा मार्क्सवादी मान्यताअनुसारको वर्गीय अवस्थालाई देखाइएको छ । यस परिच्छेदमा प्रगतिवादी मान्यतानुरूपका प्रचलित सिद्धान्तहरूलाई आधार मानेर नारायण ढकालका माथि उल्लेख गरिएका उपन्यासभित्र समाविष्ट वर्गीय अवस्थाको विश्लेषण गरिएको छ । प्रगतिवादी दृष्टिकोणअनुरूप कथावस्तुभित्र प्रगतिचेतना कसरी व्यक्त भएको छ त्यसको अध्ययन विश्लेषण गरिएको छ । तत्कालीन परिवेशको वर्गीय समाजको यथार्थ चित्र उतारेर शोषक र सामन्तवर्गले गरिब, सर्वहारावर्गप्रति गरेको निकृष्ट व्यवहार प्रस्तुत गरिएको छ । ढकालका चारवटै उपन्यासमा आएका पात्र र घटनाक्रमहरूले मार्क्सवादी मान्यता अनुरूप कसरी दुई वर्गको निर्माण भएको छ भन्ने कुराको विश्लेषण यस परिच्छेदमा गरिएको छ । उपन्यासमा देखिएका पुँजीपति वर्ग, शक्ति सम्पन्न वर्ग, मालिक वर्ग, शासक वर्ग, शोषक वर्ग र सर्वहारा वर्ग, श्रमिक वर्ग, शक्तिहीन वर्ग, गरिब वर्ग, शासित वर्ग, दलित वर्ग, महिला वर्गबीचको वर्गीय खाडल कस्तो छ ? र यस्ता वर्गीय खाडलहरू कसरी बनेका छन् भनी निरूपण गर्ने कार्य यस परिच्छेदमा भएको छ । उपन्यासको कथानाक, घटना, परिवेश र पात्र बोलीहरूद्वारा उपन्यासमा निर्माण भएको वर्गहरूलाई एक अर्कासँग दाँजी वर्गीय खाडलको अवस्थालाई पुष्टि गर्ने काम समेत यस परिच्छेदमा भएको छ । नारायण ढकालको उपन्यासमा वर्गविभेद शीर्षकको यस परिच्छेदमा 'विषयप्रवेश', 'वर्गविभेदको सैद्धान्तिक परिचय', '*दुर्भिक्ष* उपन्यासमा वर्गविभेद', '*प्रेतकल्प* उपन्यासमा वर्गविभेद,' '*वृषभ वध* उपन्यासमा वर्गविभेद', '*हजार माइलको बाटो* उपन्यासमा वर्गविभेद' र 'निष्कर्ष' गरी सातवटा उपशीर्षक समाविष्ट छन् । यी उपशीर्षकद्वारा नारायण ढकालका उपन्यासमा रहेको वर्गीय अवस्थाको निरूपण गर्ने कार्य यस परिच्छेदमा भएको छ ।

## ३.२ वर्गविभेदको सैद्धान्तिक परिचय

सामाजिक वर्गहरूको उपस्थिति समाजमा देखाउनुलाई वर्गीय अवस्थाका रूपमा बुझ्न सकिन्छ । वर्ग शब्दले दुई विरोधी अवस्थाहरू वा दुई भिन्न भिन्न गुणहरूको जोडा भन्ने अर्थ प्रदान गर्दछ (आप्टे, सन् १९६९, पृ. ९०१) । यसरी समाजमा दलाल, पुँजीपति वर्ग, राष्ट्रिय पुँजीपति वर्ग, मध्यम वर्ग निम्न वर्ग र सर्वहारा वर्ग जस्ता वर्गीय स्वरूप देखिन्छन् । पुँजीपति वर्ग समाजको उच्च वर्ग हो भने नेपालका सन्दर्भमा सहर र गाउँका ठूला र साना दुवै किसिमका पुँजीपति राष्ट्रिय पुँजीपति हुन् । त्यस्तै आफ्नो श्रमले बाँच्ने श्रमजीवी वर्ग निम्न वर्ग हो भने जमिन लगायत आफ्नो केही नभएका श्रम गर्ने वर्ग सर्वहारा वर्ग हो (भट्टराई, २०७५, पृ. ८५) । नेपालमा करिब १९९० पछि पुँजीवादी उत्पादन प्रणाली सुरु भएसँगै पूर्ण सामन्ती अर्थतन्त्र टुटेर अर्धसामन्ती अवस्था सुरु भएको उल्लेख पाइन्छ ।  यहाँ दलाल, पुँजीपति, राष्ट्रिय पुँजीपति जस्ता वर्गलाई उच्च कुलीन, पुँजीपति, धनी, सामन्तजस्ता नाम प्रयोग गरिएको छ भने निम्न तथा सर्वहारा वर्गलाई निम्न सर्वहारा गरिब, किसान, श्रमिक आदि नाम प्रयोग गरिएको छ ।

दास व्यवस्थाको उदयसँगै जन्मिएको शत्रुतापूर्ण वर्गीय विभाजन समाज विकासको निश्चित गतिअन्तर्गत एउटा निश्चित कालखण्डमा विकसित भएको थियो र यो वर्गीय समाजिक आर्थिक उत्पादन प्रणालीको परिणाम थियो  । ऐतिहासिक भौतिकवादअनुसार वर्गीय समाजमा वर्गलाई आर्थिक श्रेणीका रूपमा लिइन्छ र यसको स्थान र पहिचान मुख्य रूपमा कुनै पनि निश्चित उत्पादन प्रणालीमा उत्पादनका साधनसँग उत्पादक वर्गको सम्बन्ध, सामाजिक उत्पादनबाट त्यसले पाउने अंश, उत्पादनका साधनहरूमाथि स्वामित्वको अवस्था आदिका आधारमा को कुन तहमा पर्छन् त्यसबाट निर्धारित हुन्छ । जनताको जुन समूहलाई वर्ग भनिन्छ, जुन ऐतिहासिकरूपले निर्धारित उत्पादनको व्यवस्थामा उनीहरूको सम्बन्धले श्रमको सामाजिक सङ्गठनमा उनीहरूको भूमिकाले र अन्ततः सामाजिक सम्पत्तिको भोगचलनमा उनीहरूका भागिदारी तथा त्यसलाई प्राप्त गर्ने गरिकाले एकअर्काबाट फरक हुन्छन् (लेनिन, सन् १९७७, पृ.१३) । प्रत्येक आर्थिक सामाजिक संरचनामा आफ्नै किसिमको वर्गीय विभाजन र वर्ग र उपवर्ग हुने गर्दछन् । साहित्यमा पनि साहित्यकारले एउटा वर्गको वर्गीय पक्षधरता लिएको हुन्छ । हरेक

समाजमा सङ्घर्षशील शक्तिहरू मध्ये प्रगतिशील र अगतिशील शक्तिहरूको भिन्दा-भिन्दै पहिचान रहेको हुन्छ । हरेक युगको समाज व्यवस्थामा रहेका मानवीय तथा अमानवीय चरित्रहरू र तिनका बिचको सङ्घर्षको उद्घाटन कला-साहित्यले नै गरेको हुन्छ । यस्तो उद्घाटन स्रष्टाको वर्गीय चेतना अनुकूल वर्गीय पक्षधरतामूलक नै हुने गर्छ (लुकास, २०३१, पृ.५३) । जर्जका विचारमा एउटा वर्गको स्थापनामा मानिसका स्थायी, ठोस, सार्वजनिक र वैयक्तिक गुणहरू साहित्यमा आउँदा विशिष्ट र कलात्मक बनेर आउँछन् । त्यसैले साहित्यमा वर्ग-वर्गका विशिष्ट पात्रहरू र विशिष्ट अवस्थाहरूको निरूपणबाट समाज विकासका महत्त्वपूर्ण दिशाहरूको कलात्मक अभिव्यञ्जना हुन्छ । कार्ल मार्क्सले पनि जुनसुकै उत्पादन प्रणाली भए तापनि उत्पादनका साधनहरू तथा श्रमका उत्पादन माथिको स्वामित्व तथा सामाजिक उत्पादनबाट श्रमिकले पाउने हिस्साका आधारमा मुख्यरूपमा शोषण र शोषित, शासक र शासित, सम्पत्ति र साधन हुने र नहुने आधारमा वर्गीय समाजलाई मूल रूपमा सधैँ शोषक र शोषित दुई वर्गमा विभाजन गरेका छन् ।

आर्थिक आधारमा हेर्ने हो भने यस विभाजनको मुख्य सार श्रमको शोषण नै हुने भएकाले वर्गीय समाज सार रूपमा शोषक र शोषित खेमामा नै विभाजित रहन्छ । आमरूपमा समाजको वर्गीय विभाजन प्राकृतिक अवस्था वा वंशगत भिन्नताका कारणले नभई समाजको आर्थिक संरचनाले जन्माएको अवस्था हो । एउटै भौगोलिक वा प्राकृतिक अवस्थामा बस्ने जाति समूह, एउटै वर्ण समूह, एउटै धार्मिक वा भाषिक समूह आदिमा पर्ने सामाजिक समूहहरू पनि उत्पादन प्रणालीमा स्थान र अंशका कारण विभिन्न वर्ग र तप्कामा वर्गीय अवस्थामा रहेका हुन्छन् । जब सामाजिक उत्पादनमा उत्पादकहरू उत्पादनका साधन स्रोतमाथि स्वामित्वको अधिकारबाट वञ्चित हुन्छन् र तिनका श्रमको शोषणको परिपाटी स्थापित हुन्छ तब समाज परस्पर विरोधी आर्थिक वर्गहरूमा विभाजित हुन्छ र यस अवस्थाले वर्गीय अवस्थाको सिर्जना गर्छ । अवस्थाको (समाजको) इतिहासमा मुख्यरूपमा तीन किसिमका प्रमुख शोषित वर्ग देखिन्छ । दास व्यवस्थामा दास, सामन्ती व्यवस्थामा भूदास, बँधुवा कृषक, अर्काको जोतपोत गर्ने लगायतका गरिब किसान र पुँजीवादी व्यवस्थामा आधुनिक ज्यालादारी श्रमिकहरूआदि शोषित वर्गका उदाहरण हुन् । यिनका शोषणका परिपाटी र समय सापेक्ष यसमा हुँदै आएको क्रमगत

परिवर्तनको प्रकृति र प्रवृत्तिलाई हेर्ने हो भने श्रमिक वर्ग शारीरिक दासत्वको अवस्थाबाट क्रमिक रूपमा मुक्त हुँदै पुँजीका आर्थिक दासत्वको वर्तमान अवस्थामा आइपुगेको छ ।

प्रगतिवादी सिर्जनामा निम्नवर्गीय पक्षधरताका निष्कर्ष त रहन्छन् तर मार्क्स र एङ्गेल्स दुवैले कृतिभित्र कुत्सित पक्षधरको भने कडा विरोध गर्दै एकलकाँटे नीति, प्रवचन, कलात्मक विधिका स्थानमा उपदेशवाजीजस्ता कुराको भने विरोध गरेको पाइन्छ (मार्क्स र एङ्गेल्स, २०६३, पृ. २३) । समाजमा वर्गीय अवस्थाको मुख्य कारण उत्पादनका साधन स्रोतमाथि स्वामित्वको अवस्था हो । जसको आधारमा उत्पादक वर्गलाई सामाजिक उत्पादनबाट उसले पाउने भाग निश्चित गरिन्छ र उसलाई उत्पादनका साधन स्रोत तथा उत्पादित वस्तुमा उसको न्यायिक अधिकारबाट वञ्चित गरिएको हुन्छ । यद्यपि यस्ता समूहहरू आर्थिक अवस्थाको कारणले आफैंभित्र तहगत वर्गीय विभाजनको अवस्थामा विभाजित छन् । तर समष्टिगत रूपमा यिनको सामाजिक स्थान, आर्थिक अवस्थाभन्दा पनि वंश र पेशाका आधारमा निश्चित गरिएको छ । कतै सम्पत्तिको आधारमा त कतै राज्यको परिपाटी, तोकिएको स्थान, मान्यता र अधिकारका आधारमा वर्गीय विभाजनको अवस्था रहेको पनि देखिन्छ । तर समष्टिगत रूपमा वर्गीय अवस्थाको प्रमुख कारण आर्थिक नै हो र अन्य कारण चाहिँ त्यसबाट निःसृत परिणाम हुन् । वर्गविहीनताको अवस्थाबाट वर्गीय विभाजनको अवस्थामा समाजको रूपान्तरण प्राकृतिक आवश्यकताको प्रतिफल नभई प्राकृतिक अवस्थाले जन्माएको प्रारम्भिक श्रम विभाजनको अवस्थामा टेकेर शक्तिका आधारमा मानवद्वारा स्थापित गरिएको परिवर्तन हो र आधुनिक वर्ग विभाजित पुँजीवादी समाज वर्गीय अवस्थाको विकसित रूप हो । यस अध्ययनमा उपन्यासकार नारायण ढकालद्वारा लिखित *प्रेतकल्प, दुर्भिक्ष, वृषभ वध* र *हजार माइलको बाटो*मा देखा परेको वर्गविभेदलाई यसरी विश्लेषण गरिएको छ ।

## ३.३ *दुर्भिक्ष* उपन्यासमा वर्गविभेद

उपन्यासकार नारायण ढकालद्वारा लिखित *दुर्भिक्ष* उपन्यासमा एउटा सानो घटनाले कसरी एउटा पुरै परिवारको दुःखद् विघटन हुन्छ भने देखाइएको उत्कृष्ट उपन्यास हो । पञ्चायत निकट पार्टीको टिकट लिन नमानेको सामान्य घटनाबाट आलोकको सम्पूर्ण परिवारको दुःखद् विघटन भएको प्रसङ्ग उपन्यासमा उद्धृत छ । उपन्यासमा ग्रामीण र सहरी दुवै प्रकारको

परिवेश देखा पर्दछ । शिक्षाको पहुँचबाट टाढा रहेको ग्रामीण परिवेश र शिक्षित मानिसहरू बस्ने सहरी परिवेश उपन्यासमा आएका छन् । उपन्यासमा ग्रामीण क्षेत्रमा बस्ने अशिक्षित वर्ग र सहरी क्षेत्रमा बस्ने शिक्षित वर्ग गरी वर्गको निर्धारण समेत भएको छ । उपन्यासका पात्रहरूले गरेका कार्यव्यापारका आधारमा उनीहरूलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

सुप्रियाको गाउँको भएको प्रधानपञ्च, उसका वरपरका व्यक्तिहरू, प्रधानपञ्चको भतिजो बलराम उसले बनाएको सञ्जालजस्ता व्यक्ति तथा अवस्थाहरू, बोधराज, पञ्चायतका मतियारहरू, नेपाली सेना, राजकवि, राधाकृष्णआदि जस्ता पात्रहरू उपन्यासमा ठूला वर्ग अर्थात् मालिक वर्ग, शासक वर्ग, शोषक वर्ग, अभिजात्य वर्ग, धनी वर्ग बनेर उपन्यासमा देखा परेका छन् भने मास्टर नन्दप्रसादको परिवार, सुप्रिया, आलोक, सुप्रियाकी आमा, सुप्रियाको दाइ, सुप्रियाकी भाउजु, कृष्णचन्द्र, हरि, विपिन विद्रोही, मुक्तिनारायण श्रेष्ठ, समिराआदि पात्रहरू तल्लो वर्गका पात्र अर्थात् श्रमिक वर्ग, गरिब वर्ग, शोषित वर्ग, शक्तिहीन वर्ग, गरिब वर्ग बनेर उपन्यासमा देखापरेका छन् ।

उपन्यासमा मुख्य गरी प्रजातान्त्रिक आन्दोलनमा सहिद भएको आलोक र उसको परिवार एउटा वर्ग र उसको परिवारलाई त्यो अवस्थामा पुऱ्याउने व्यक्ति तथा राजसंस्था अर्को वर्ग बनेको प्रसङ्ग छ । जसलाई यसरी देखाउन सकिन्छः

> किन हो किन प्रधानपञ्चको व्यवहार मलाई पटक्कै मन पर्दैनथ्यो । उसको मुख हेर्दा पनि ऊ नराम्रो गुणको मानिस हो कि झैँ लाग्थ्यो । सायद यही नकारात्मक विम्बले होला, मेरो मनमा क्रमशः विद्रोही सोचाइ बढ्न थाल्यो । त्यसपछि नै त हो मैले सिङ्गो पञ्चायत प्रणाली र त्यसको पक्षमा उभिएका संयन्त्रहरूको विरोध गर्ने अठोट गरेको (पृ. ४६) ।

माथिको उदाहरणमा आलोक र प्रधानपञ्चबीच वर्ग निर्माण भएको प्रसङ्ग देखाइएको छ । आलोक सर्वहाराले वर्गको प्रतिनिधित्व गर्दछ भने प्रधानपञ्चले पुँजीपति वर्गको प्रतिनिधित्व गर्दछ` पुँजीपति वर्ग र सर्वहारा वर्ग बनी वर्गवर्गबीच वर्गीय विभेद भएको प्रसङ्ग देखाएको छ । गाउँको प्रधानपञ्चले मान्छेलाई मान्छे सरहको व्यवहार नगरी आफ्नो मनोमानी गरेको प्रसङ्ग देखाइएको छ । प्रधानपञ्चको व्यवहारले आलोकलाई त्यो व्यवस्था र प्रणालीप्रति नै नकरात्मकता पैदा गरेको छ । जसले गर्दा ऊ व्यवस्था विरोधी र विद्रोही भएर निस्किएको छ ।

पञ्चायती व्यवस्था र सामान्य मान्छेबीच नै वर्गीय विभेद देखिन थालेको छ । यही कारणले आलोकले प्रधानपञ्चलाई मन पराउँदैन थियो ।

> प्रधानपञ्चले अरूसित गर्ने व्यवहार पटक्कै मन पर्दैनथ्यो । उसलाई मन नपराउने कारण चाहिँ मैले विस्तारपूर्वक भन्नै पर्छ । ऊ गाउँमा थोरै मानिसलाई मात्रै आदर गर्दथ्यो र थोरै आइमाईलाई मात्र ठिक आँखाले हेर्दथ्यो । यसरी बिना कारण उसले दुर्व्यवहार गरेको अधिकांश मानिस नै उसका राजनीतिका मेरुदण्ड थिए (पृ. ६४) ।

माथिको उदाहरणमा आलोकलाई प्रधानपञ्च पटक्कै मन नपर्ने कारण स्पष्टरूपमा आएको छ । प्रधानपञ्च गाउँका प्राय मान्छेलाई अनादर गर्थ्यो । थोरै महिलालाई मात्र सही नजरले हेर्थ्यो । उसले अधिकांश मानिसलाई दुर्व्यव्यहार गर्थ्यो । यसरी प्रधानपञ्चले गरेको अपमानित दुर्व्यव्यहारमा वर्गीय र लैङ्गिक विभेद प्रकट भएको छ । प्रधानपञ्च र आलोकबीच पैदा भएको वर्गीय खाडलका कारणले यी दुई व्यक्ति वर्गशत्रु बनेका छन् । त्यसो हुनुको मुख्य कारण प्रधानपञ्चको हेपाह प्रवृत्ति नै थियो ।

प्रधानपञ्चको बोली पनि तुच्छ र अति नै अमर्यादित रहेको थियो । उसको अमर्यादित र अश्लील बोली यस्तो थियो :

> “ए मा... राँडीका सन्तान हो, लात्तले ढाड खुस्काउनु पर्‍यो ?”आफ्ना बहुमत मतदातालाई ऊ यसरी नै सम्बोधन गर्थ्यो (पृ.६४-६५) ।

प्रधानपञ्चको अश्लील सम्बोधन र व्यवहारले उसका मतदाताले समेत विभेदको अनुभूति गरेका थिए ।

> एउटा रोपाइँको घटना । उसले हाम्रा बालाई रोपार ल्याउँछु भनेर वचन दिएकी रहिछ । हाम्रो सिङ्गो परिवार रोपाइँ हुन्छ भने सर्किनीहरूको पछि लागेर खेततिर झरिरहेका थियौँ । तर त्यति नै खेर प्रधान आफैँ वायुवेगमा आएर फुलमतीलाई लात्तै लात्तले भकुर्न थाल्यो । फुलमती लगातार “माफ पाऊँ मालिक” भनेर चिच्याउँदै रोइरही तर प्रधान नथाकुन्जेल उसमाथि खनिइरह्यो (पृ.४६) ।

माथिको उदाहरणमा पुँजीपति वर्गको प्रतिनिधित्व गरेको प्रधानपञ्चको अन्यायलाई देखाइको छ । महिलालाई भद्दा नजरले हेर्नु, कुटपिट गर्नु, मतदातालाई अपशब्दले गाली गर्नुजस्ता कार्यहरू माथिको दृष्टान्तमा आएका छन् । उक्त उदाहरणमा प्रधानपञ्च शक्तिशाली वर्ग र आलोक, फूलमती, गाउँका जनताहरूआदि शक्तिहीन वर्गका रूपमा उपस्थित भएका छन् ।

प्रधानपञ्चले आफ्नो मनोमानी गरेको सर्वसाधारण जनता उसको मनोमानी सहन बाध्य भएको प्रसङ्गले पनि उपन्यासमा दुईवटा वर्ग निर्माण भएका कुरा प्रस्ट हुन्छ । शक्तिको आडमा आफूले जे गरेपनि सही र अरूले गरेको कुरालाई गलत बनाएर एकछत्र राज गर्ने प्रधानपञ्च र पसलेको चरित्र शक्तिशाली, शोषक, सामन्तवादी वर्गको प्रतिनिधित्व हो ।

प्रधानपञ्चको शोषणलाई सहेर बस्न बाध्य भएका दलित समुदायआदि उपन्यासको तलको प्रसङ्गमा शोषित वर्ग, शक्तिहीन वर्ग र शासित वर्गको रूपमा उपस्थित भएका छन्, जस्तैः

> "एक सुकाको तेल दिनोस् न बाजे ।" दमिनीले मिठो स्वरमा भनी ।
>
> "एक सुकाको तेल आउँदैन भन्ने था' छैन डुमिनी ?" पसले च्याँठियो ।
>
> "जति आउँछ त्यति दिनुस् न बाजे !"
>
> "ए डुमिनी ! तेल किन्ने हो भने १ रूपैयाँ घटी लिएर यता च्याउनुपर्दैन, जा (पृ.५२) ।"

माथिको उदाहरणमा मखमली दमिनी तेल किन्न आउँदा गरिब तथा दलित वर्गको भएका कारणले पसलका साहुले हेपेको प्रसङ्ग देखाइएको छ । समाजमा सीमान्तकृत अवस्थामा रहेको दलित जातिलाई उपल्लो जातिको वर्ग र शक्तिशाली वर्गले हेयको दृष्टिकोणले हेरेको प्रसङ्ग उपन्यासमा उद्धृत छ । माथिको गद्यांशमा उपल्लो जातका व्यक्तिले दलितलाई सम्बोधन गर्ने भाषा, उनीहरूलाई गरिने व्यवहार हेर्ने हो भने मार्क्सले भनेजस्तै दुई प्रकारको वर्गलाई स्पष्टसँग देख्न सकिन्छ ।

> "मरेपछि स्वर्ग जाने कुरा त त्यस्तै हो । अहिले स्वर्ग जा ए बाङ्गे !" प्रधानपञ्चले थप्योः "कसो मखमली तँ यसलाई स्वर्ग पुऱ्याउन सक्दिनस् त (पृ.५३) ?"

नारी अस्मितालाई वास्ता नगरी निर्लज्ज खुल्लमखुल्ला यौनको प्रस्ताव गर्ने प्रधानपञ्च उदाहरणमा शोषक वर्गका रूपमा उपन्यासमा पुनः उपस्थित भएको छ । मखमली दमिनी तथा दलित समुदायका अन्य पात्रहरू प्रधानपञ्च तथा उपल्ला जात भनिएका मानिसहरूबाट हेपिएर,

आवाजविहीन भएर, जे जे भने पनि सहेर बस्न बाध्य भएको प्रसङ्गले शासित वर्गका रूपमा दलित समुदाय उपस्थित भएको छ ।

उपन्यासमा अर्को वर्गका रूपमा पुरुष वर्ग र महिला वर्गसहित दुई वर्ग बनेको प्रसङ्ग उपन्यासमा आएको छ । पुरुषहरू समाजमा शक्तिशाली वर्ग बनेको र महिलाहरू शक्तिहीन वर्ग बनेर पुरुषको शासनमा शासित भइरहेको प्रसङ्ग उपन्यासमा आएको छ ।

पुरुषले महिलालाई आफ्नो औँलामा नचाउने, आफू खुसी प्रयोग गर्ने, महिलालाई उपभोगको साधनको रूपमा सोच्ने, खुल्लमखुल्ला यौनको प्रस्ताव राख्नेजस्ता हैकमवादी वर्गका रूपमा पुरुषलाई उभ्याउने कार्य गरिएको छ :

> "एकछिन् तिमीसँग कुरा छ," उसले भन्यो ।
>
> "के कुरा सर ?" उसले सङ्कोचपूर्ण मुद्रामा प्रश्न गरी ।
>
> "त्यस्तो केही होइन आज ड्युटी सकिएपछि तिमी मसित कतै जानुपर्छ ।" उसले भन्यो ।
>
> "कहाँ जाने सर !" ऊ छक्क परी ।
>
> "म कतै लैजाउँला, यो तिम्रो चिन्ताको विषय होइन । तर आज राति तिमी र म सँगै एकान्तमा हुनेछौँ ।" उसले भन्यो र फेरि भद्दा किसिमले ङिच्चङिच्च हाँस्यो (पृ. २१) ।

माथिको दृष्टान्तमा सुप्रियाले महिला भएका कारणले भोगेका पीडाको प्रस्तुति पाइन्छ । महिलामाथि गढेको कुकृत्यको दृष्टि यहाँ प्रतिबिम्बन भएको छ । महिलालाई भोग्य वस्तु ठानी एकान्तवासको चाह राख्ने पुरुष पात्रको गिद्धे दृष्टिलाई प्रस्तुत गर्दै महिलाप्रतिको विभेदलाई यहाँ प्रस्तुत गरिएको छ । रेस्टुरेन्टको मालिकले बाध्यताको फाइदा उठाउँदै यौनको प्रस्ताव राखेको र उदाहरणले वर्गीय र लैङ्गिक विभेदको स्पष्ट चित्र देखाएको छ ।

> त्यहाँ राजकवि भेटियो । ऊ लोभी आँखासहित सुप्रियाको अगाडि उभिएको थियो ।
>
> ऊ सुप्रियालाई हेरिरहेको थियो । ऊ एकदमै भद्दा र आक्रामक देखिन्थ्यो । केही यता दलहरूको राजनीतिमा मूल्य विघटनको खिया लाग्न थालेपछि कविको उत्साह निकै चुलिएको थियो ।
>
> सुप्रियाले राजकविको पारा देखेर गाउँको बलरामलाई सम्झी । बलराम कसरी भोको स्यालझैँ सदासर्वदा उसको छातीमा आँखा गाडिरहन्थ्यो । राजकविको

हालत हुबहु बलरामको जस्तै देखियो । चरित्रहरूको पुनरावृत्ति भनेको यही हो ( पृ.२६) ।

माथिको दृष्टान्तमा पनि सुप्रियाले महिला भएका कारणले भोगेका पीडाको प्रस्तुति पाइन्छ । राजकवि र बलरामजस्ता पात्रले सुप्रियामाथि कुदृष्टि राखेको प्रसङ्ग आएको छ । रेस्टुराँको मालिकले सुप्रियालाई खुलमखुल्ला यौनको प्रस्ताव राख्नु, सुप्रियाप्रति बलराम र राजकविको गिद्धेदृष्टिराख्नुजस्ता कुराले वर्गीय र लैङ्गिक गरिएको विभेदलाई उपन्यासमा देखाइएको छ ।

"थाहा छैन तँलाई ? त्यसैले त तलाई आइमाई भनेको नि !"

"धेरै जान्ने न हो पोथी बासेको सुहाउँदैन ।" म कड्किएँ (पृ. ८९) ।

मास्टर नन्दप्रसादले श्रीमतीलाई पोथी बासेको राम्रो हुँदैन भन्नुलगायत, पत्रकार बोधराजले महिलालाई भोगको साधनका रूपमा, र स्वार्थ पूरा गर्ने साधनका रूपमा लिएको प्रसङ्ग, रेस्टुरेन्टमा काम गर्ने विविध नारीहरूको बाध्यतालाई देखाएर पुरुष सत्ताले महिलालाई रेस्टुरेन्टमा काम गरी वेश्यालयसम्म पुऱ्याउन कसरी बाध्य बनाउँछ भन्ने कुरालाई देखाइएको छ । पुरुष वर्गले हैकमवादी प्रवृत्तिअनुसार सधैँ महिलालाई शासन गर्दै आइरहेको र महिलाले पुरुषको ज्यादतिलाई सहन बाध्य भएको प्रसङ्ग उपन्यासमा आएकाले उपन्यासमा महिला र पुरुषबीचको दुई वर्ग स्पष्ट रूपमा फेला पार्न सकिन्छ ।

उपन्यासमा आएको अर्को पात्र आलोक सर्वहारा वर्गका रूपमा उपन्यासमा देखा परेको छ । सर्वसाधारण जनता र शासक वर्गकबीच बनेको वर्गको खाडलमा राज्यसत्ता शक्तिशाली वर्ग र आलोक शक्तिहीन र सर्वहारा वर्गको रूपमा उपन्यासमा उपस्थित भएको छ । समाजमा मात्र होइन जेलभित्रको समाजमा पनि दुईवटा वर्ग बनेको उपन्यासमा देख्न पाइन्छ । जेलका भाइ नाइकेहरू जेलरसँग मिली सोझा कैदीहरूमाथि शासन गरेको प्रसङ्ग देखाएर जेलमा पनि वर्गविभेद हुने प्रसङ्ग उपन्यासमा उद्धृत छ ।

गुरु द्रोणाचार्य र एकलव्यको प्रसङ्ग दिएर उपन्यासमा आफ्नो स्वार्थका निम्ति जनताको घाँटी निमोठ्ने शासक वर्गका रूपमा द्रोणाचार्यरूपी वर्ग र आफ्नो राष्ट्रका निम्ति स्वतन्त्रताको बिगुल फुक्ने, निजी स्वार्थभन्दा माथि उठेका सर्वहारा वर्गका रूपमा एकलव्यरूपी वर्ग बनी दुई वर्ग निर्धारण भएको समेत उपन्यासमा फेला पार्न सकिन्छ, जस्तै :

> यदाकदा लाग्छ- मजस्तै त्यो एकलव्य पनि विजेताहरूको सूचीमा छैन । ज्ञान प्राप्तिको प्रक्रियामा संस्थापन पक्षको सहयोगबाट पूर्णतया बहिस्कृत छ ऊ । उसको काटिएको औँलाको भोग लिन आतुर द्रोणाचार्य समय-समयमा जन्मिरहन्छ । यसरी एकलव्यहरूलाई अयोग्य बनाउने प्रक्रिया अनवरत चलिरहन्छ (पृ.४०-४१) ।

माथिको दृष्टान्तमा एकलव्य र द्रोणचार्यको वर्ग, दृष्टान्त एकलव्य विजेताहरूको सूचीमा नपर्ने विषय, ज्ञान प्राप्तिको प्रक्रियामा संस्थापन पक्षको सहयोगबाट पूर्णतया बहिस्कृतजस्ता कुराहरू वर्गीय विभेदका रूपमा अभिव्यञ्जित छन् ।

> म आफ्नो कथा भन्न केही बढी नै हतारिएँ जस्तो छ । तसर्थ पुनः त्यो रातमा फर्कन चाहन्छु, जतिबेला म पञ्चायत विरोधी पोस्टर र माडको गोल्टिन लिएर गाउँको पाठशालामा पुगेको थिएँ । त्यसबखत मेरो सिङ्गो शरीर थरथर कामिरहेको थियो (पृ.४१) ।

आलोकले पञ्चायतविरुद्ध पोस्टर टाँसेको प्रसङ्गले पञ्चहरूको वर्ग र सर्वहाराको वर्ग, दृष्टान्त यहाँ प्रस्तुत भएको छ । पञ्चायतको विरुद्धमा पोस्टर टाँसेको आलोकको प्रसङ्गबाट उपन्यासमा देखा परेको वर्गीय भिन्नतालाई प्रस्तुत गरेको छ ।

तत्कालीन समयमा जेलमा पनि कसरी दुई वर्गको निर्माण भएको छ भन्ने कुरा उपन्यासमा यसरी प्रस्तुत भएको छ, जस्तैः

> यो जेल पनि शोषणको अखडा हो, बाहिरजस्तै । देशमा जस्तो किसिमले श्रमजीवी जनताको शोषण भइरहेको छ, त्यसरी नै यहाँ पनि कैदीहरूको शोषण भइरहेको छ । यहाँ कैदीहरूलाई कुहिएको आलु, कुहिएको चामल, रेपसिडको तेल मात्र खान दिइन्छ । नाइकेले त्यो काम गर्छ तर हाकिमको पूर्ण समर्थन हुन्छ (पृ.७३) ।

जेलभित्र पनि बनेको दुईवटा वर्ग सत्तासीन वर्ग र शोषित वर्ग गरी वर्गको निर्धारण भएको छ । नाइके र सामान्य कैदीबीच खानपानमा समेत वर्ग विभाजन भएको अवस्थाले उपन्यासमा प्रस्तुत वर्ग विभेदलाई पुष्टि गर्दछ । जेलको हाकिम र नाइकेको मिलेमतोमा गरिएको दुईथरी व्यवहारको उल्लेख उपन्यासमा गरिएको छ । यसरी जेलभित्र पनि शोषक र शोषित वर्गबीचको विभेदको चर्चा उपन्यासमा गरिएको छ ।

> ... कारागारमा ती दुई शिविरका मानिस छन् । एउटा एकातिरको र अर्को अर्कातिरको । फलस्वरूप त्यहाँ दुई केन्द्र स्थापित भएका थिए । जेलर आफैँ एउटा सत्ताको प्रतिनिधि थियो तर राजवंशी पनि कुनै अदृश्य तागतका कारण शक्ति सम्पन्न थियो । के थियो त्यो शक्ति (पृ.७५) ?

जेलभित्र पनि बनेको दुईवटा वर्ग सत्तासीन वर्ग र शोषित वर्ग गरी वर्गको निर्धाण भएको छ । उपन्यासमा आलोकको परिवार वर्गसङ्घर्षका क्रममा पलायन भई सुकुम्बासी बस्तीमा बसेको प्रसङ्ग छ । सुकुम्बासी र हुकुम्बासी गरी दुई वर्गको निर्माण आलोकको परिवार काठमाडौँ छिरेपछि उपन्यासमा फेला पार्न सकिन्छ । उपन्यासमा राजकवि वर्षको दुईपटक महाराजको जन्मदिन र महारानीको जन्मदिनको दिनमा कविता लेख्छ र राजा रानीको चाप्लुसीमा ऊ शक्ति सम्पन्न बनेको प्रसङ्ग उपन्यासमा आएको छ । राजकवि जस्ता पात्रहरू शक्तिको आडमा शक्तिको दुरूपयोग गरिरहेको र सर्वहारा वर्गमाथि थिचोमिचो गरेको अवस्था उपन्यासमा देखाइएको छ । प्रजातान्त्रिक आन्दोलनमा सहिद भएको आलोक र राज्यसत्ताबीच वर्ग निर्माण भई वर्गसङ्घर्ष भएको प्रसङ्ग उपन्यासमा विश्लेषित छ । समग्रमा भन्नुपर्दा उपन्यासकार नारायण ढकालद्वारा लिखित *दुर्भिक्ष* उपन्यास एक मध्यमवर्गीय नेपाली परिवारको कथा हो । जसले नेपालभित्र बस्ने सम्पूर्ण मध्यम तथा निम्नवर्गीय जनताको प्रतिनिधित्व गर्ने कार्य गर्दछ । मध्यमवर्गीय परिवारका मास्टर नन्दप्रसादको कान्छो छोरो आलोक क्रान्तिकारी आन्दोलनमा होमिएकै कारण उसका सम्पूर्ण परिवारको दुःखद् अन्त्य भएको प्रसङ्ग उपन्यासमा छ । आलोकको परिवार निम्नवर्गीय, श्रमजीवी वर्गहरूको प्रतिनिधित्व गर्ने परिवार हो । आलोकको परिवारलाई विघटनको अवस्थामा पुऱ्याउनका निम्ति भूमिका निर्वाह गर्ने सामन्तवादी सत्ता, पञ्चायती व्यवस्था, सैनिकहरू, प्रधानपञ्च, राजकवि आदिजस्ता पात्र तथा व्यवस्थाहरू शासक, शोषक, शक्तिशाली तथा मालिक वर्गका रूपमा उपन्यासमा उपस्थित भएका छन् ।

## ३.४ *प्रेतकल्प* उपन्यासमा वर्गविभेद

आदिम समुदायको विनाशपछि नै समाजमा वर्गभेद सुरु हुन्छ र अन्त्यमा समाज परस्पर विरोधी वर्गहरूमा बाँडिन्छ । अहिलेसम्म अस्तित्वमा रहेको सबै समाजहरूको इतिहास वर्गसङ्घर्षको इतिहास हो । मानव समाजमा जहिले वर्गको उत्पत्ति भयो त्यसैबेलाबाट वर्ग द्वन्द्वको पनि सुरुवात भएको देखिन्छ । मानव समाजको विकासआदि वर्गविहीन समाजबाट सुरु भएर समूह परिवार समाज र राज्यका रूपमा विकास भएको देखिन्छ । मार्क्सवादी अवधारणा अनुसार समाज वर्गीय हुन्छ भनिएको छ । दास युगको सुरुवातबाट वर्गीय समाजको स्थापना भएदेखि समाजको विकास वर्गसङ्घर्षकै प्रक्रियाबाट गुज्रँदै आएको छ । समाजमा देखिने वर्गीय अवस्थाको प्रभाव साहित्य र कलामा पनि देखिने गर्दछ ।

साहित्यिक कृतिका माध्यमबाट समाजको अतीत र वर्तमानको अध्ययन गर्नु अथवा साहित्यकारको सामाजिक स्थिति र चेतनाका आधारमा कृतिको विश्लेषण गर्नुपर्छ भन्ने यसको मर्म हो । यस मान्यताले साहित्यकारको सामाजिकता साहित्यकृतिको सामाजिकता र प्रभावको सामाजिकताको अध्ययन गर्दछ । मार्क्सले समाज पूर्ण रूपमा अर्थव्यवस्थाबाट सञ्चालित हुन्छ भनेका छन् । साहित्यकार पनि त्यही समाजको अङ्ग भएको हुनाले सोही अर्थ व्यवस्थापनले त्यसको चेतना निर्माण भएको हुन्छ । त्यसैले साहित्य भनेको युगीन अर्थ व्यवस्था एवम् नियमित सामाजिक तन्त्रको अभिव्यक्ति हो । समाजको ऐतिहासिक विकासका क्रममा साम्यवादी युगदेखि लिएर पुँजीवादी हुँदै पुनः साम्यवादमा प्रवेश हुने सम्भावना पनि मार्क्सले देखाएका छन् । त्यस ऐतिहासिक विकासका क्रममा अर्थको असमान वितरणका कारण विभिन्न वर्गहरू निर्माण हुने र उपल्लो वर्गका मानिसले तल्लो वर्गका मानिसलाई सधैँ दबाएर राख्ने सन्दर्भ मार्क्सको विश्वव्यापी धारणा नै रहेको छ ।

*प्रेतकल्प* उपन्यासको प्रमुख पात्र बालकृष्ण संस्कृत शिक्षा अध्ययन गरेर पनि सुधारवादी सोच राख्ने पात्रका रूपमा आएको छ । रूढ रूपमा संस्कृत पढेको व्यक्तिलाई परम्परावादी मानिन्छ तर संस्कृत पढ्दैमा बालकृष्ण परम्परावादी हुनुपर्छ भन्ने मान्यता बोकेको पात्र होइन । ऊ संस्कृत पढेको समाजवादी व्यक्ति हो साथै समाजमा सामन्तवादी विकृतिहरूको भन्डाफोरका लागि आएका पात्रहरूको निम्न आर्थिक अवस्था र  दमयन्ती सुभद्रा जस्ता विधवा नारीहरूको

पीडा पनि यस उपन्यासमा स्थापना गरिएको छ । बालकृष्ण पण्डित यस उपन्यासको निम्न मध्यमवर्गीय पात्र हो । उसले समाजमा उसको मध्यमवर्गीय पात्रहरूको प्रतिनिधित्व गरेको छ । ऊ समाजमा परिवर्तन ल्याउन चाहने पक्षमा पनि रहेको छ । बालविवाहको विपक्ष र विधवा विवाहको पक्ष वकालत गरेको छ । दलितलाई वेद पढ्न दिनुपर्छ भन्ने पक्षमा ऊ प्रस्ट रूपमा उभिएको छ । धनबिरे, काले, बैठके र पालेआदि उपन्यासमा देखिएका निम्न वर्गका पात्रहरू हुन् । यिनै पात्रहरूका माध्यमबाट सामन्ती संस्कारको उत्खनन गर्दै १९५० को दशकदेखि २००७ सालसम्मका घटना परिघटना र ऐतिहासिक तथ्यको प्रस्तुति यस उपन्यासमा गरिएको छ । हुकुमी तन्त्रमा शासन चलाउन चाहने तत्कालीन प्रशासनका ठेकेदारहरूको कर्तुत र तिनीहरूले तल्लो वर्गका जनतालाई दबाएर राखेको कुरा स्पष्ट रूपमा यस उपन्यासमा वर्णन गरिएको छ, जस्तै -

> जिम्वाल विष्णुभक्तको हातमा एउटा लामो कोर्रा थियो त्यो कठोर भाव मुद्रामा मच्चीमच्ची कोर्रा बर्साइरहेको थियो एउटा झुत्रेझाम्रे मानिसमाथि । त्यो मानिस कक्रक्क गुजुल्टिएर जमिनमा घोप्टिएको थियो उसको जिउमा जम्मा दुईटा लुगा मात्र थिए । कम्मर मुन्तिरको मैलो कछाड र मास्तिर ठाउँठाउँमा प्वालैप्वाल परेको इष्टकोट । घामले डडेर कालो भएका पाखुरा नाङ्गै थिए । भुइँतिर जोतिएकाले उसको अनुहार स्पष्ट थिएन । नङ्गा पाखुरा र च्यातिएको इष्टकोट लगाएको पिठ्युँमा कोर्राका ताजा डामहरू देखिन्थे । त्यहाँ उपस्थित अरु मानिसहरू चाहिँ त्यो घटनालाई मनोरञ्जन मानेर हेरिरहेका थिए (पृ. २६ ) ।

माथिको गद्यांशमा जिम्वाल विष्णुभक्तले शक्तिको दुरुपयोग गरी सर्वसाधारणलाई कोर्रा लगाएको प्रसङ्ग आएको छ । विष्णुभक्त र उसका मानिसहरू शोषक वर्ग र कुटाइ खाने सर्वसाधारण शोषित वर्ग बनी उपन्यासमा उपस्थित भएका छन् । समाज चलाउने श्री ३ का आसेपासे ठेकेदारहरूका विसङ्गत क्रियाकलापका कारण समाज सुधारको चेतना दिनप्रतिदिन जटिल बन्दै गएको छ । सामन्तवाद र शक्तिको आडमा भएका मानिसहरूको खराब आचरणले सुधारको चाहनामाथि तुसारापात गरिदिएको छ । जनतालाई सधैं आफ्नो नोकर ठान्ने र आफूलाई सधैं उनीहरूको मालिक, देवता र भाग्य विधाता ठान्ने तत्कालीन प्रशासकहरू सामन्तवादी ढाँचामा नै आफ्नो शासनसत्ता टिकाएका छन् र त्यहीअनुसार न्याय दिने व्यवस्था

गरेका छन् । यसरी एकथरी शासक वर्ग र अर्कोथरी शोषक वर्गका रूपमा उपन्यासमा वर्गीय अवस्थालाई देखाइएको छ । उपन्यासमा लिङ्गका आधारमा जातका आधारमा आर्थिक अवस्थाका आधारमा शक्तिका आधारमा समाजमा वर्ग विभाजन भएको अवस्थालाई देखाइएको छ ।

कानुनका अभावमा महिलालाई भेदभाव गरिएको छ । गरिब, निमुखा, दलित जातिको त कतै केही पनि छैन । कुमार बालकृष्णले विधवा दमयन्तीलाई विवाह गरेकै आधारमा उसलाई समाजले हेयको दृष्टिकोणले हेरेको छ । त्यसैगरी चेतनशील र चेतनाहीन वर्गसमेत उपन्यासमा फेला पार्न सकिन्छ । विधवा विवाहकै कारणले बालकृष्णलाई कतै पनि पुराण वाचन गर्नका लागि नबोलाएर समाजबाट बहिष्कार गर्ने कार्य समाजले गरेको छ । उनीहरूको यस विवाहलाई समाज तथा प्रशासनले नकारात्मक दृष्टिकोणबाट नियाल्ने काम यसरी गरेको छ :

> "लौ पढ त के विषयमा कसले हालेको निवेदन रहेछ यो ?"
>
> "दुःखपुरबाट गाउँका शङ्करधर नामका एकजना सज्जनले गरेको उजुरी हो यो महाराज ।"
>
> "कसको विरुद्धमा ?"
>
> "पण्डित बालकृष्णको विरुद्धमा ।"
>
> "उही पण्डित? बालकृष्ण जो पागलझैँ दयानन्द सरस्वतीको वकालत गर्दै हिँड्छ ?"
>
> "हो सरकार ।"
>
> "अभियोग के छ ?"
>
> "पण्डित एउटी विधुवीसँग सल्केछ । विधुवीले भुँडी बोकी रे महाराज "
>
> त्यसपछि चन्द्रविरुले त्यो निवेदनलाई जर्नेल बबर समक्ष पेश गऱ्यो । त्यसै दिन दिउँसो पशुपतिको पुलिस चौकीको थानेदारलाई खबर भयो "पण्डित बालकृष्णलाई तुरुन्त पकडेर ल्याउनु (पृ. १८) ।"

माथिको उदाहरणमा आचार्य बालकृष्णले विधवा भएकी दमयन्तीसँग विवाह गरेका कारणले प्रशासनले पक्रेको प्रसङ्ग आएको छ । राज्यसत्ता र बालकृष्णबीचको वर्ग विभाजनको अवस्थाले उपन्यालाई वर्गसङ्घर्षोन्मुख बनाएको छ । दमयन्ती र उसकी सासु सुभद्रा बालविवाह

भएर सानैमा विधवा भएका कारण दमित छिन् । विधवा महिलालाई पनि फेरि उसको इच्छा भएको अवस्थामा विवाह गर्न दिनुपर्छ भन्ने बुलन्द आवाज दमयन्तीमार्फत् उपन्यासले सशक्त ढङ्गबाट गरेको छ । नारीलाई आफ्नो यौन साधनको वस्तु बनाउने, निम्न वर्गका व्यक्तिको मानवीय अस्तित्वलाई निकृष्ट तत्त्वका रूपमा लिनेजस्ता सामन्तवादी संस्कारको जोडदार व्याख्या यस उपन्यासमा गरिएको छ । यसरी उपन्यासमा सामन्तवादी, हुकुमवादी समाज दमक वर्ग र दमयन्ती, दमयन्तीकी सासु र बालकृष्णजस्ता पात्रहरू दमित वर्गका रूपमा उपन्यासमा देखा परेका छन् ।

महिलालाई आफ्नो भोगको साधन बनाउने पुरुष वर्गले आफूले चाहेअनुकुल महिलालाई प्रयोग गरेको प्रसङ्ग उपन्यासमा आएको छ । पुरुषले आफ्नो स्वार्थका निम्ति प्रयोग गरेको अवस्थामा पुरुष शोषक वर्ग र पुरुषले गरेका ज्याज्यति सहेर बस्न बाध्य भएको नारी शाषित वर्गका रूपमा उपस्थित भएका छन् । उपन्यासमा निर्माण भएको पुरुष र महिलाबीचको वर्ग निर्माणको अवस्थालाई उदाहरणसहित यसरी देखाइएको छ, जस्तै :

> “अड्डा छुटेपछि ऊ पनि पशुपति जाने विचारमा थियो । त्यसैले ऊ आफ्नो सैनिक पोशाक फुकाल्न घरमा आएको थियो । सुभद्रा घरको आँगनमा बसेर भोलिपल्टको निम्ति पूजामा प्रयोग हुने पञ्चपाला, पञ्चेपात्रो शङ्ख र घण्टलाई पखाल्दै थिई । आफूमा ४० वर्षको वेशको प्रत्यागमन भएको ठान्ने दीर्घनरसिंहले सुभद्राको उक्सिएको छाती र फराकिलो हुन थालेको नितम्ब देख्यो । उसले धर्म, नैतिकता, कानुन, मानवीय मूल्य र आदर्श बिर्सियो । उसले त्यो फूल भएर नफक्रिसकेको कोमल कोपिलालाई टिपेर आफ्नो कामाग्नि शान्त पार्ने साधन बनाउने अठोट गर्‍यो ।”
>
> एक घण्टाको बीचमा दीर्घ नरसिंहले यो परुषार्थलाई सम्पन्न गर्‍यो र धर्मप्राप्तिका निम्ति आफ्नी पत्नीले प्रज्वलित गरेको महादीपको न्यानो राप आँखामा सेक्न पशुपतितर्फ लागे । भिरमान तमाखु लिएर आउँदासम्म पनि शुभद्रा अर्धवेहोसकै अवस्थामा थिई । रक्तश्रावले उसको गुन्यू ल्याफ्फै भिजेको थियो । त्यसपछि उसलाई तीन दिनसम्म निष्लोड ज्वरो आयो एक हप्तापछि ऊ निकालिई (पृ. १५१) ।

उपर्युक्त दृष्टान्तमा शक्तिशाली वर्गले समाजमा शक्तिहीन मानिएका वर्गमाथि गरेको मनोमानीको अवस्थालाई उपन्यासमार्फत् उपन्यासकार ढकालले देखाएका छन् । उपन्यासमा सुभद्रा शक्तिहीन वर्ग र दीर्घ नरसिंह शक्तिशाली वर्ग बनेर देखा परेका छन् । सानो र ठूलो जाति भनेर हेप्ने प्रवृत्ति, तथाकथित सानो जातको घरमा गएर खाँदा बस्दा न्यायको कठघरामा उभिनुपर्ने बाध्यता पनि उपन्यासमा चित्रण गरिएको छ । विधवासँग विवाह गरेको, सिनो खाने जातलाई वेद पढाएको, व्रतबन्ध गरिदिएको निहुमा देशद्रोह राज्यद्रोहको अभियोग लगाएर पण्डित बालकृष्णको परिवारलाई देश निकाला गरिएको प्रसङ्ग उपन्यासमा चित्रित छ । सामन्तवादीहरूको मनोमानी र सर्वसाधारण जनताबीचको बाध्यताको खाडलले दुई वर्गबीचको सम्बन्ध अझै नकारात्मक हुँदै गएको र वर्गसङ्घर्षको अवस्थामा पुग्न आँटेको अवस्थाको चित्रण उपन्यासमा फेला पार्न सकिन्छ । समाजमा हरेक व्यक्तिले स्वतन्त्र रूपमा पढ्न, लेख्न र आफ्नो विचारहरू स्वतन्त्र रूपमा राख्ने अधिकार पाउनुपर्छ भन्ने क्रान्तिकारी सोच भएका युवालाई महाराजको गाथगादी ताकेको आरोप लगाएर देश निकाला गरिएको प्रसङ्गले तत्कालीन खण्डित समाजको यथार्थ चित्रण उपन्यासमा भएको छ ।

समाजको उपल्लो वर्ग भनिएका व्यक्तिहरूले तल्लो वर्ग भनिएका दलित जनजातिलाई तुच्छ काम गर्ने व्यक्ति मान्ने र ठूला बडाको निगाहमा मात्र बाँच्नुपर्ने अवस्था देखाएर समाज व्यवस्थाले तल्लो वर्गप्रति गरिएको चरम अन्यायलाई स्पष्टसँग देखाउने कार्य उपन्यासमा भएको छ । तथाकथित दलितलाई उपल्लो तहका सामन्तीको दास, नोकर र जुठो पुरो खाएर बाँच्ने वर्गका रूपमा परिभाषित गर्नुले उपन्यासमा उच्च संस्कृति र वर्ग अनि निम्न संस्कृति र वर्गबीचको वर्गीय खाडललाई स्पष्टसँग देखाइएको छ ।

उपन्यासमा चन्द्रशमशेर, विष्णुभक्त, उसको छोरो रामभक्त र बबर शमशेरजस्ता उच्च कुलघरान भएका पात्रहरू शक्तिशाली, सम्पन्नशाली वर्ग र सुभद्रा, दमयन्ती, बालकृष्ण, शङ्खदर, रामजी र भारद्वाजजस्ता मध्यमवर्गीय पात्रहरू र साम्बे सार्की, काले, चनमती, बहादुरे, सन्ते, धनबिरे, ढोके र पाले जस्ता पात्रहरू निम्नवर्गीय पात्रहरूलाई देखाएर ती पात्रहरूबीचका वर्गीय खाडल कति छ भनी देखाउन उपन्यासकार ढकाल सफल देखिन्छन् । उच्च कुलघरान भएका शक्तिशाली पात्रले आफूभन्दा तल्ला श्रेणीका व्यक्तिहरूमाथि गरेको अमानवीय व्यवहार,

मनोमानीले वर्गीय खाडल थप गहिरो भएको र जसले गर्दा वर्गसङ्घर्षको परिस्थिति बनेको प्रसङ्ग उपन्यासमा उद्धृत छ ।

## ३.५ *वृषभ वध* उपन्यासमा वर्गविभेद

२०१७ सालको सेरोफेरोमा नेपाली जनताको आर्थिक, सामाजिक तथा शैक्षिक हैसियत निकै कमजोर थियो । केही वर्षअगाडि सकिएको राणाशासनको झझल्को त्यतिबेलासम्म पनि मेटिएको थिएन । सरकार वा सरकारका मतियारले जे भन्यो त्यही गर्नुपर्ने अवस्था थियो । *वृषभ वध* उपन्यासमा पनि धेरै पात्रहरू गरिब, अशिक्षित तथा दुई छाक खान पनि धौ धौ पर्ने अवस्थाका देखिएका छन् । पञ्चायती व्यवस्थाको थिचोमिचो, षड्यन्त्र बुझ्न नसक्ने सोझा जनतामाथि राजनीतिकर्मी तथा सत्ताधारीले आफूखुशी प्रयोग गर्ने गरेको अवस्था उपन्यासमा चित्रित छ । यसरी उपन्यासमा शासक र शासित वर्ग, गरिब र धनी वर्ग, शिक्षित र अशिक्षित वर्ग, मालिक र श्रमिक वर्ग गरी उपन्यासमा वर्गविभाजनको अवस्थालाई देखाइएको छ ।

गलतलाई गलत भनिदिँदा ज्यानको जोखिम, परिवारको उठिबास हुनसक्ने सम्भावनाले ठूला भनिएका समाजका मानिसबाट अन्याय सहन बाध्य भएको सामाजिक अवस्थाको चित्रणसमेत *वृषभ वध* उपन्यासमा फेला पार्न सकिन्छ । जब अन्याय चरमउत्कर्षमा पुग्छ तब हेपिएर, दबिएर बसेका जनताको सहने सीमा पनि सकिन्छ र उदय हुन्छ क्रान्तिको । *वृषभ वध* उपन्यासमा यसरी नै क्रान्तिको उदय भएको छ । उपन्यासको मुख्य पात्र देवेन्द्रबाट सुरु भएको क्रान्तिकारी विचारधारा उपन्यासको अन्त्यसम्म धेरै पात्रहरूले देखाएका छन् । क्रान्ति भन्नाले युद्ध र काटमारको अवस्था उपन्यासमा नभए पनि वैचारिक क्रान्ति, सत्तालाई असहयोग गर्नु र सत्ताको विरुद्धमा आवाज उठाउनुजस्ता क्रान्तिकारी कार्यहरू उपन्यासमा भएका छन् ।

*वृषभ वध* उपन्यासको विषयवस्तु राजा महेन्द्रले सुरु गरेको पञ्चायती व्यवस्थाबाट सुरु हुन्छ । आजभन्दा पचास/पचपन्न वर्षअघिको नेपाली समाजको वास्तविक अवस्था उपन्यास पढ्दै गर्दा छर्लङ्ग थाहा पाउन सकिन्छ । सहरको नजिक भएर पनि विकासका पूर्वाधारहरूको पहुँचबाट टाढा रहेको तत्कालीन काँठक्षेत्र गरिबीबाट ग्रस्त नै थियो । गुइँठा बालेर गुजारा गर्नुपर्ने, खाली खुट्टा हिड्नुपर्ने, आवास, खानेपानीको उपयुक्त व्यवस्था नभएको, यातायात तथा सञ्चारको पूर्णतः अभाव रहेको अवस्थामा बस्न बाध्य काँठबासी जनताको दयनीय

अवस्थाको चित्रण उपन्यासमा भएको छ । उपन्यासमा लेखकले काँठबासी नागरिक मात्र नभई सारा नेपालीहरूको अवस्थालाई समेत देखाउने प्रयास गरेका छन् । जनता शिक्षा, आवास, स्वास्थ्य तथा खानाजस्ता अनिवार्य आवश्यकताबाट समेत वञ्चित थिए । यस्तो अवस्थामा राज्यले वा राज्यका मतियारहरूले जे भन्यो त्यही मान्नुपर्ने बाध्यता सर्वसाधारण जनताको रहेको थियो ।

आफ्नो अधिकारसम्बन्धी ज्ञान जनतालाई नभएपछि शोषक, सामन्ति, पुँजीपति र राजनीतिकर्मीहरूले सोझा जनतालाई दमन, शोषण गर्ने गरेको अवस्था उपन्यासमा चित्रित छ । धनी र गरिबका आधारमा, नातावाद र कृपावादका आधारमा विभेद हुनेगरेका कुराहरू उपन्यासमा उल्लेख गरिएको छ । गरिब भएकै कारणले बिनाकसुर निर्दोषले सजाय भोग्नुपर्ने, पुँजीपतिको दास बन्नुपर्ने, हेपिनुपर्ने, जातका आधारमा अपहेलित हुनुपर्ने अवस्थाहरू उपन्यासमा आएका छन् । यसरी मानवलाई मानवसरह व्यवहार नगरिदिँदा युद्ध वा क्रान्तिको अवस्था आउन सक्ने सङ्केत यस उपन्यासमा फेला पार्न सकिन्छ ।

धनी सधैँ धनी र गरिब सधैँ गरिब नै भई दयनीय हुनुपर्ने अवस्था उपन्यासमा रहेको छ । प्रधानपञ्च हरिभक्त, परमेश्वर, श्रीधर पुडासैनी, शशिधर, चन्द्रधरआदि पात्रहरू सम्भ्रान्त पात्रका रूपमा उपन्यासमा आएका छन् । जनतालााई नोकरझैँ कज्याउने, आफू भने राजाझैँ ठाँटबाँटमा बस्ने, सोझा जनतालाई ऋण दिई साँवाभन्दा व्याज धेरै बनाई सोझा जनताका घरखेत आफ्नो बनाउने, सत्ताका निम्ति जतिसुकै गिर्नसमेत तयार हुने, आफ्नो फाइदाका लागि फुटाउने र जोड्ने सामर्थ्य भएका भएका मानिसहरूको चर्चा उपन्यासमा भएको छ । हुने र नहुने, सक्ने र नसक्ने, शक्तिसम्पन्न र शक्तिहीनबीचमा वर्गविभेदको अवस्था उपन्यासमा रहेको छ । हुनेले नहुनेलाई हेप्ने, सक्नेले नसक्नेमाथि दमन गर्ने, शक्तिसम्पन्नले शक्तिहीनमाथि निरङ्कुशता लाद्न खोज्ने जस्ता कार्यले उपन्यासमा आम नेपाली जनताको उकुसमुकुस बढेको देखिन्छ स्पष्टरूपमा दुईवटा वर्ग उपन्यासमा देखा परेको छ । उपन्यासमा देखा परेका विभिन्न प्रकारका वर्गविभेदहरूलाई सोदाहरण निम्नानुसार देखाउन सकिन्छ :

> हरिभक्त खड्का महाराजधिराज महेन्द्रझैँ ठाँटिएर आउँथे र सोझा जनतालाई काम गराउन हुकुम चलाउँथे । जनताचाहिँ कुरै नबुझी उनको हुकुम पालन गर्थे ।

> देवेन्द्रका निम्ति यो अमिल्दो व्यवहार थियो । उसले स्कुलमा पढेको नागरिक शास्त्रको आँखाबाट सुरताल र सङ्गीतबिनाको थियो । नागरिक शास्त्रमा वर्णन गरिएका नागरिकका अधिकार र कर्तव्यमा जनता सार्वभौमसत्ता सम्पन्न थिए । कानुन र मर्यदामा जनता र नेताबीच भिन्नता थिएन । तर प्रधानपञ्चको व्यवहार ठीक उल्टो थियो । आफूचाहिँ काम नगर्ने तर अरूलाई हकारपकार गर्दै जोताउने यो कस्तो काइदा हो (पृ. ६) ।

उपर्युक्त गद्यांशमा प्रधानपञ्च हरिभक्तको हुकुमवादी मालिक चरित्र र जनाताले नोकरसरह काम गरेको अवस्था उपन्यासमा देखाइएको छ । नागरिकशास्त्रमा जनता र नेताबीच विभेद नभएको तर व्यावहारिकरूपमा विभेद भएको अनुभव देवेन्द्रले गरेको छ । मालिक र नेताबीचको वर्गीय विभेदलाई प्रधानपञ्च र जनतामार्फत् देखाउने कार्य उपन्यासकार ढकालले गरेका छन् ।

उपन्यासमा व्यक्तिको आर्थिक अवस्थाअनुसार, राजनैतिक हैसियतअनुसार, जातका अनुसार, व्यक्तिव्यक्तिबीच विभेदको आवस्था देखाइएको छ । हरिभक्तले राखेको गाउँको कार्यक्रममा पहिलो लहरमा ठूलाठालु दोस्रो लहरमा राप्रसाद र अन्य र भुइँमा काले सार्की राखिएको प्रसङ्ग आएको छ । उपन्यासमा हरिभक्त र रामप्रसाद, हरिभक्त र काले सार्कीजस्ता पात्रहरू अलगअलग वर्ग बनी आएका छन्, जस्तै-

> दोस्रो लहरमा रामप्रसादसँगै गाउँका पुरोहित लक्ष्मीनन्दन उपध्याय, भूतपूर्व जिम्वाल श्रीधर पुडासैनी, नेवार समुदायका भद्रभलादमी बिकुलाल श्रेष्ठ, इतिहासकार वल्लभमणि ढकाल र शिक्षक देवदत्त खनाल थिए । सार्की समुदायका काले सार्कीचाहिँ मञ्चको मुन्तिर घाँस मरेको भुइँमा पलेटी मारेर बसेका थिए (पृ. १४) ।

बाटोको उद्घाटन कार्यक्रममा बोलाउनै पर्ने मानिसहरू बोलाइँदा पनि वर्गअनुसार राखेको प्रसङ्ग माथिको उदाहरणमा देख्न सकिन्छ । मञ्चमा ठूलो वर्ग भनिएको अगाडिपट्टि, समाजमा दोस्रो दर्जामा परेका मानिसहरूलाई पछाडिपट्टि र दलित समुदायलाई भुइँमा बस्नुपर्ने अवस्था सिर्जना भएको छ । यसरी उपन्यासमा धनी, शक्तिशाली, उपल्लो जातका मानिसहरू र

गरिब, दिनहीन र दलित समुदायका मानिसहरू गरी दुई वर्गमा विभाजित भएको अवस्था देखाइएको छ ।

## ३.६ *हजार माइलको बाटो* उपन्यासमा वर्गविभेद

*हजार माइलको बाटो* उपन्यास उपन्यासकार नारायण ढकालद्वारा लिखित पाँचौं उपन्यास हो । २०१३/ १४ को परिवेशबाट सुरु भएको उपन्यासको कथायात्रा नेपालको राजनैतिक घटनाक्रमसँगसमेत सम्बद्ध रहेको छ । नेपालको राजनैतिक घटनाक्रमहरूसँगै उपन्यासको कथानाक अगाडि बढेको छ । राजा महेन्द्रको २०१७ सालको कु, २०३२/३३ सालको विद्यार्थी आन्दोलन, २०३६ सालको जनमतसङ्ग्रह, २०४६ सालको जनआन्दोलन, २०५४ सालबाट सुरु भएको माओवादी सशस्त्र युद्ध, सशस्त्र युद्ध हुनुभन्दा पहिले तयार भएको आधारशिला, जनयुद्धको परिवेश त्यसभन्दा पछिका घटनाक्रमहरू उपन्यासमा देखापरेका छन् । उपन्यासमा नरेन्द्रनाथ, धीरेन्द्रनाथ, धीरेन्द्रकी वास्तविक आमा सावित्री, नरेन्द्रकी दोस्री पत्नी अर्थात् धीरेन्द्रकी कान्छी आमा कमला, दिलबहादुर, दिलबहादुरकी आमा सुन्तलीलगायत अन्य विभिन्न पात्रहरूले उपन्यासमा कार्य व्यापार गरेका छन् । यस परिच्छेदमा *हजार माइलको बाटो* उपन्यासमा देखिएको वर्गीय अवस्थालाई देखाइएको छ ।

वर्गसङ्घर्षलाई राम्ररी बुझेका उपन्यासकार ढकालले उपन्यासका पात्रहरूमार्फत् नै वर्गको चिनारी गराउने काम उपन्यासमा गरेका छन् । यस उपन्यासमा बाबु नरेन्द्रनाथ र छोरा धीरेन्द्र नै दुई वर्ग बनेर देखापरेका छन् । उपन्यासको मुख्य पात्र धीरेन्द्र आफ्नो बाबु नरेन्द्रलाई नै आफ्नो आमाको हत्यारा मान्दै वर्गशत्रु घोषणा गर्छन् :

> "हो नि ! वर्ग समन्वय भनेको सम्पत्ति र सौन्दर्यका रचनाकार श्रमजीवी वर्गलाई शोषकहरूले ठग्ने प्रपञ्च हो ।"
>
> "हो नि ! बल्ल कुरा बुझ्यौ तिम्ले । बाघ र बाखा एउटै खोरमा रहन सक्दैनन् ।"
>
> "अनि एउटै घरमा दुई वर्ग हुन्छन् कि हुन्नन् ?"
>
> "हुन्छन् किन हुन्नन् ? वर्ग भनेको आर्थिक र सांस्कृतिक दुवै कुरा हो । तसर्थ एउटै घरमा पनि दुई वर्ग हुन सक्छन् । विचारमा बाबु एउटा र छोरा अर्को वर्गका हुन सक्छन् ।"

"धन्यवाद हेमबहादुर ! तिमीले मेरो अन्तस्करणको मागलाई सम्बोधन गऱ्यो ।" धीरेन्द्रले दह्रोसित हात मिलाउँदै भन्यो (पृ. १७८) ।

माथिको दृष्टान्तमा एउटै घरमा दुईवटा वर्ग हुने प्रसङ्ग उद्धृत गर्दै नरेन्द्रनाथालाई बाघ (शोषक वर्ग) र धीरेन्द्रलाई बाखा (शासित वर्ग) भनी वर्गविभेदको अवस्थालाई देखाउने कार्य गरिएको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै नरेन्द्रनाथ शोषक वर्ग, धीरेन्द्रनाथ शोषित वर्गका रूपमा देखा परेको छ । यो वर्ग निर्धारण गर्ने कार्य धीरेन्द्र स्वयम्ले नै गरेको छ ।

उपन्यासको अर्को प्रसङ्गमा नेपाली समाजमा अभिभावक र सन्तानबीच देखापर्ने रिक्तता (जेनेरेसन ग्याप)ले नै अभिभावक र सन्तानबीच वर्ग निर्धारण हुने अवस्था उपन्यासमा देखाइएको छ । अभिभावकको वर्गले सन्तानले आफ्ना कुरा नबुझेको भन्नु र सन्तानको वर्गले आफ्ना अभिभावकलाई सधैँ शत्रुका रूपमा हेरेको अवस्थाले समाजमा दुई वर्गको निर्माण भएको तथ्य उपन्यासमा यसरी उजागर भएको छ :

"म त जोगी होइन, किलर पो बन्छु होला ।" ब्रजेश फिस्स हाँस्दै भन्थ्यो ।

"किलर भएर कसलाई मार्छौ ?"

"धेरैलाई । लिस्ट बनाउँदै छु । एक नम्बरमा त बाउलाई ।" ऊ हाँस्दै भन्थ्यो (पृ. ४२-४३) ।

माथिको उदाहरणमा ब्रजेस नामक पात्रले आफ्ना बुबालाई मार्ने कुरा गरेको घटनाबाट अभिभावक र सन्तानको वर्गविभाजनलाई देखाउने कार्य उपन्यासमा भएको छ । अभिभावक र सन्तानबीच निर्माण भएको वर्गविभेदले सन्तानहरू विद्रोही बनेको प्रसङ्ग उपन्यासमा उद्धृत छ ।

"उसले मलाई अवश्य मद्दत गर्छ, बुझिस् ? पछि फिल्ममा खेलायो भने भिलेन बनेर फर्कम्ला । साला, कान्छी स्वास्नी ल्याउने बाउ र त्यो बोक्सीजस्ती कान्छी मुमालाई शान देखाउनु परेन भन्या (पृ. ४८) ?"

धीरेन्द्रले जीवनभर आफ्नो बुबा नरेन्द्रलाई हराउनका निम्ति सङ्घर्ष गरेको छ । परिवारभित्रै हुने वर्गविभेद यस्तो पनि हुन सक्दछ भन्ने दृष्टान्त दिन उपन्यासकार ढकाल सफल देखिन्छन् ।

आनन्दकुटी विद्यापीठबाट निष्कासनपछि धीरेन्द्र र नरेन्द्रनाथ बीच झन् फाटो बढ्यो । त्यसअघि नरेन्द्रनाथ जति निरङ्कुश देखिए पनि धीरेन्द्रलाई निकै माया गर्थे

। अरूले उसलाई उपेक्षा गर्दा कडा प्रतिवाद गर्थे र भन्थे, “यो आमा बिनाको टुहुरो हो । यसलाई सबैले माया गर्नुपर्छ ।” तर, जब धीरेन्द्रले लाजमर्दो गाँजाकाण्ड मच्चायो, त्यसपछि उनी ज्यादै विरक्तिए ।

“जीवनमा ठूलो भूल गरेछु । गधालाई धो’र गाई बनाउँछु भन्नु मेरो मूर्खता थियो ( पृ. ४९) ।”

माथिको उदाहरणमा पिता नेरेन्द्रनाथ र छोरा धीरेन्द्रबीच भएको वर्गविभेदको अवस्थालाई देखाइएको छ, जस्तैः

> ठूलाघरे अधिकारी परिवारमा दुई प्रतिद्वन्दी शिविर थिए । एक पक्षमा नरेन्द्रनाथ, सानीआमा, दुई भाइ र दुई बुहारी थिए । अर्को पक्षमा धीरेन्द्र र उसकी मरेकी आमा थिए । यी दुई शिविरमाझको शीत युद्धमा धीरेन्द्र केही समय ओइलाएको थियो । तर, अब ऊ जाग्नुपर्छ र जसरी भए पनि उसका बालाई माओवादी पार्टीमा पुग्न नदिन छेकबार तेर्स्याउनैपर्छ (पृ. २१३) ।

माथिको उदाहरणमा अभिभावकहरू ठूलाघरे अधिकारी परिवारमा दुई प्रतिद्वन्दी शिविर थिए । एक पक्षमा नरेन्द्रनाथ, सानीआमा, दुई भाइ र दुई बुहारी थिए । अर्को पक्षमा धीरेन्द्र र उसकी मरेकी आमा थिए । दमक वर्ग र सन्तानहरू दमित वर्गका रूपमा उपन्यासमा उपस्थित भएका छन् । उपन्यासको मुख्य पात्र धीरेन्द्र सधैँभरि आफ्ना पिता नरेन्द्रलाई वर्गशत्रु मानी विवाह समेत नगरी सङ्घर्षमा होमिएको प्रसङ्गले पनि नरेन्द्रनाथ र धीरेन्द्रबीचको वर्गीय खाडल कति छ भनी सहजै अनुमान गर्न सकिन्छ ।

उपन्यासमा आर्थिक अवस्थाका आधारमा धनी र गरिब, शक्तिका आधारमा सत्तासीन र शक्तिहीन, जातका आधारमा ठूला जात (ब्राह्मण,क्षेत्री) र साना जात (दलित), लिङ्गका आधारमा पुरुष र महिला र कार्यका आधारमा मालिक र श्रमजीवी गरी विभिन्न आधारमा वर्ग विभाजन भएको अवस्थालाई यसरी देखाइएको छ :

> त्यसदिन गाउँभरिका उमेर पुगेका जवान र बुढापाकाहरू प्रधानपञ्च नरेन्द्रनाथको घरमा भेला भएका थिए । प्रधानपञ्चको जेठो छोरो धीरेन्द्रका निम्ति जीवनको अपूर्व अनुभव थियो । पिँढी र फलैँचामा सुकुलमाथि नयाँ नयाँ राडी ओछ्याइएका थिए । राडीमाथि सेतो नैनासूतको खोल भएका एक दर्जन जति वलिष्टहरू

> राखिएका थिए । त्यसैगरी आँगनभरि पनि सुकुल ओछ्याएर तीमाथि रागेपाटे शतरञ्जा ओछ्याइएका थिए । केही सुकिला मानिसहरू फलैँचाको बालिष्टमा कुइना र ढाड अड्याएर गजधम्म बसेका थिए । त्यहाँ प्रधानपञ्च नरेन्द्रनाथ झन् गजक्क परेर बसेका थिए । उनको मोटोघाटो शरीर र बाटुलो अनुहारको माथ्लो ओठमाथि बटारिएको जुँगाले भिन्नै प्रकारको तेज र रवाफ दर्शाएको थियो । आकाशतिर ठडिएको त्यो जुँगा विशेष देखिन्थ्यो । गाउँमा त्यस काँटको जुँगा अरूको थिएन (पृ. २१) ।

माथिको उदाहरणमा पुँजीपति वर्गको शारीरिक बनावट, घरको बनावटको अवस्था देखाइएको छ। पिँढी र फलैँचामा सुकुलमाथि नयाँ नयाँ राडी ओछ्याइएका थिए । राडीमाथि सेतो नैनासूतको खोल भएका एक दर्जन जति वलिष्टहरू राखिएका थिए । त्यसैगरी आँगनभरि पनि सुकुल ओछ्याएर तीमाथि रागेपाटे शतरञ्जा ओछ्याइएका थिए । केही सुकिला मानिसहरू फलैँचाको बालिष्टमा कुइना र ढाड अड्याएर गजधम्म बसेका थिए । त्यहाँ प्रधानपञ्च नरेन्द्रनाथ झन् गजक्क परेर बसेका थिए । उनको मोटोघाटो शरीर र बाटुलो अनुहारको माथ्लो ओठमाथि बटारिएको जुँगाले भिन्नै प्रकारको तेज र रवाफ दर्शाएको थियो । आकाशतिर ठडिएको त्यो जुँगा विशेष देखिन्थ्यो । यी सूचकहरू पुँजीपति वर्गका मानक भएर आएका छन्, जस्तै:

> सुन्तली अहिले उमेरमा ३२/३४ जतिकी देखिन्थिन् । उनले छिटको मैलो गुन्यौ र खद्दरको चोलो लगाएकी थिइन् । पहेँला र छिचरा दाँत, हड्डी उठेका कञ्चट तथा सुकेका गाला हेर्दा उनी अझ त्योभन्दा बढी उमेरकी पो हुन् कि झैँ लाग्थ्यो । उनको अनुहार गहुँगोरो भए पनि हिस्सी थिएन । भुलुक्क उठेको नाक, नाकमा भएको सुनको फुलीले पनि उनको अनुहारमा निखार ल्याउनुको सट्टा भद्दा देखिएको थियो (पृ. १६८) ।

माथिको उदाहरणमा सुन्तलीको शारीरिक वर्णन र उसको पहिरनको वर्णन गरिएको छ । यस प्रकारको वर्णनले सुन्तलीको वर्गीय प्रतिनिधित्व गर्दछ । दलित र गरिब वर्गकी पात्रका रूपमा सन्तली उपन्यासमा उपस्थित भएकी छे ।

> देशी टायलले छाएको र पाटनको हरिसिद्धिमा विशेष योजनासहित अगोले पोलेका चिल्ला ईँटको प्रयोग गरिएको । त्यो घर काठमाडौँ वा भक्तपुरका सहरिया ढाँचामा राम्रो खाले आधुनिक घरहरूको जस्तो वास्तुकलाले परिपूर्ण थियो । अग्राखका कलात्मक ढोका र झ्यालहरू बनाउन पाटनबाट विशेष सीप र दक्षता भएका सिकर्मीहरू झिकाइएका थिए (पृ. १८) ।

माथिको उदाहरणमा पुँजीपति वर्गको, घरको बनावटको अवस्था देखाइएको छ । घरमा प्रयोग गरिएका झ्याल, ढोका र काठहरूको बयानले उक्त घर पुँजीपति वर्गको भएको स्पष्ट पार्दछ । पाटनबाट विशेष सीप र दक्षता भएका सिकर्मीहरूले बनाएको प्रसङ्ग उक्त घरको सम्पन्न आर्थिक अवस्थाको चित्रण गर्दछ ।

यसरी दुई वर्गबीचको शारीरिक तथा आर्थिक अवस्थाले उपन्यासमा निर्माण भएको वर्गविभेदको अवस्थालाई छर्लङ्ग पार्ने कार्य गरेको छ । माथिका उदाहरणहरू नै उपन्यासमा प्रयुक्त दुई वर्गको चित्रण गर्न पर्याप्त देखिन्छ । उपन्यासमा नरेन्द्रको शारीरिक स्वरूप र सुन्तली कमिनीको शारीरिक स्वरूपलाई देखाएर शोषक र शासित वर्गको भेद देखाउने प्रयास गरिएको छ साथै नरेन्द्रको घरको प्रकृति र सज्जासँग दिलबहादुरको घरको वास्तविकतालाई दाँज्ने प्रयत्न भएको छ । घरको अवस्थालाई हेर्दा पनि सम्भ्रान्त वर्ग र निमुखा गरिब वर्ग उपन्यासमा भएको कुरा स्पष्टसँग फेला पार्न सकिन्छ ।

समाजमा एउटा शक्तिशाली वर्ग हुन्छ उक्त शक्तिशाली वर्गले शक्तिहीन वर्गमाथि आफ्नो शक्ति लाद्ने प्रयत्न गरेको हुन्छ । शक्तिको आडमा अन्याय, अत्याचार, भ्रष्टाचार, मनोमानी गरिरहेका हुन्छन् र ती मनोमानीलाई सहेर बस्ने वा भोग्ने अर्को वर्ग पनि समाजमा हुन्छ ।

समाजमा भएका दुई वर्गहरूका बीचमा भएको विभेदले वर्गसङ्घर्षको अवस्था आउँछ भन्दै मार्क्सले व्याख्या गर्दछन् । *हजार माइलको बाटो* उपन्यासमा पनि शक्तिशाली र शक्तिहीन वर्गबीचको वर्गविभेदलाई यसरी देखाउन सकिन्छ :

> “यो गुण्डा हो । फेरि यो मण्डले पनि हो । यसको विरोधमा लाग्नेलाई व्यवस्था विरोधी भनेर थुन्न लान्छ रे नि ! अनि कसले आँट गर्छ त ?”
>
> त्यो मायादेवीको दाइ पनि कर्कलाको बोटजस्तै रैछ । मेरा दिदीबहिनीलाई यस्तो व्यवहार गर्नेलाई म भए त छपाछप काटिदिन्थेँ, मुला काटे झैँ (पृ. ८९) ।”

माथिको दृष्टान्तमा पञ्चायती व्यवस्था समर्थक गुण्डा र मण्डलेले पञ्चायतको विरोध गर्नेलाई सताउँछ र दुःख दिन्छ भन्ने उदाहरण पेश गरेको छ । मायादेवीको दाइले आफ्नो दिदी बहिनीलाई अन्याय गर्ने पात्रलाई केही गर्न नसक्ने स्थितिको बयान गर्दै म भए त्यस्तालाई मुला काटेभैँ छपछप भन्ने क्रान्तिकारी विचार यहाँ प्रकट गरिएको छ । एकातिर मण्डलेको चुरीफुरी र षड्यन्त्रमा पर्न सक्ने सम्भावना देखिएको छ । अर्कातिर त्यस्तालई ठीक लगाउन सक्ने क्रान्तिकारी कुरा आएको छ । यहाँ प्रत्यक्षरूपमा क्रान्तिकारी र मण्डलेका दुई धार गरी दुईवटा वर्गलाई देखाइएको छ ।

> "विक्रमेकी अर्की स्वास्नी घरमा छे भन्या हैन र ? उसलाई मुलुकी ऐनले समातेन?" धीरेन्द्रले फेरि सोध्यो ।
>
> "ऐनको खासै मतलब छैन । जेठी स्वास्नीले उजुर गरे भने मात्र विक्रम पुलिस हिरासतमा एक दुई रात थुनिन्छ; त्यति मात्र हो ! तर, उसको पञ्चायती सत्तासम्मको पहुँचले त्यो सङ्कट पनि नपर्ला (पृ.९१) ।"

माथिको उदाहरणमा विक्रमजस्ता सर्वशक्तिमान् पात्रले कसरी आफूखुशी काम गर्दछन् र मायादेवीका दाइ र विक्रमकी जेठी श्रीमती कसरी उनीहरूका अन्याय सहन बाध्य हुन्छन् भन्ने तथ्यलाई उजागर गर्दै उपन्यासमा निर्माण भएको दुई वर्गबीचको खाडलाई देखाउने कार्य गरिएको छ । एउटा सत्तासिन वा सत्ताले मात्तिएको व्यक्तिले गरिरहेको ज्यादति अर्को व्यक्तिले सत्ताको डरले सहनुपरेको अवस्था पनि उपन्यासमा चित्रित छ । सत्ताको आडमा विक्रम राईजस्ता पात्रले आफ्नै बहिनीलाई गिद्दे नजर लगाउँदा पनि सहन बाध्य भएको मायादेवीको परिवारको अवस्थाले उपन्यासमा वर्ग विभाजन भएको फेला पार्न सकिन्छ । सत्ताको आडमा नियम कानुनलाई समेत मिचेर आफ्नो प्रभुत्व जमाइरहेका हैकमवादी शोषकहरू र ती शोषण भोग्न बाध्य हुने विक्रमकी जेठी श्रीमती, मायादेवी र उसको परिवार शासित वर्ग बनी उपन्यासमा उपस्थित भएका छन् । जो समाजका शोषक भनिएका नरेन्द्रनाथ विक्रमजस्ता पात्रहरूबाट भएका दमन सहन बाध्य छन् ।

महिला भएकै कारणले गर्दा फरक वर्गको कोटीमा परेको प्रसङ्ग उपन्यासमा चित्रित छ । नारी भएकै कारण पीडा भोग्नुपर्ने, दमन सहनुपर्ने पुरुष वर्गले जे गर्दा पनि प्रतिवाद गर्न नसक्ने वर्गका रूपमा उपन्यासमा नारीलाई चित्रण गरिएको छ । पुरुष वर्गले महिला वर्गलाई गरेको

विभेदको प्रसङ्ग उपन्यासमा भएकाले महिला र पुरुष वर्ग भनी उपन्यासमा दुई वर्ग यसरी देखा परेका छन् :

> अधिकांश अभिभावकले छोराहरूलाई भर्खर भर्खर खुलेका निजी स्कुलमा भर्ना गर्ने प्रवृत्ति । अभिभावकहरू छोरीहरूको शिक्षामा त्यति मात्र ध्यान दिन्थे, जतिले उनीहरूको विवाहका लागि योग्यता पुग्थ्यो । त्यसैले अभिभावकहरू छोरीलाई कम शुल्क लाग्ने सरकारी स्कुलमा पढाउँथे । छोरा र छोरीका माझमा गरेको यस किसिमको विभेद धीरेन्द्रलाई मन पर्दैनथ्यो (पृ.१५९) ।

माथिको उदाहरणमा नारीले पढ्न नपाएको र पुरुषले पढ्न पाएको प्रसङ्गबाट नारीपुरुषबीच निर्माण भएको वर्गीय अवस्थालाई देखाइएको छ । अभिभावकहरू छोरीलाई कम शुल्क लाग्ने सरकारी स्कुलमा पढाउँथे र छोरालाई निजी तथा महङ्गो स्कुलमा पढाउँथे । यस्तो नारी र पुरुषबीचको विभेद धीरेन्द्रलाई पटक्कै मन पर्दैनथ्यो । लैङ्गिक र वर्गीय विभेदको विरुद्धमा धीरेन्द्रले आवज उठाएको प्रसङ्ग उपन्यासमा देख्न सकिन्छ । यसरी उपन्यासमा देखिएको धीरेन्द्रको व्यवहारले पनि उपन्यासमा शक्तिशाली र शक्तिहीन गरी दुई वर्ग भएको पुष्टि हुन्छ ।

> मलाई अरूका स्वास्नीहरू नाच्दा मनोरञ्जन भइरहेको थियो, तर आफ्नै पत्नी सावित्रीले नाचेको सहन सकिनँ । मैले सारा मानिसको अगाडि उनलाई जगल्ट्याएँ र भुइँमा पछारेँ । लात्तै लात्ताले भक्कुरेँ । त्यसपछि मैले उनलाई तथानाम गाली गर्दै घरतिर ल्याएँ । (पृ. २६७) ।

माथिको उदाहरणमा पुरुष भएकै कारणले नरेन्द्रनाथ र उनका पिताले नारीमाथि गरेको दमनलाई देखाएर नारी र पुरुषबीच निर्माण भएको वर्गीय खाडल देखाउने कार्य उपन्यासकारले गरेका छन् ।

> सावित्रीले आँगनमा टेक्नासाथ मेरा बा गजेन्द्रनाथले भने, "खबरदार रन्डी ! हाम्रो घरको दैलोमा टेक्लिस् ! जताबाट आइस्, उतै फर्केर जा !"
>
> "भविष्यमा नाचोस् कि मरोस् मलाई मतलब छैन । अहिले चाहिँ बजारमा गएर नाच्ने यस्ती रन्डीलाई म घरभित्र हुल्दिनँ । अब यो बुहारी मेरो निम्ति सदाका

लागि मरी । बुझ् नरेन्द्रे, यो इज्जतदार जिम्वालको घर हो, रन्डीखाना हैन (पृ. २६८) ।"

प्रस्तुत उदाहरणमा नारी पुरुषको अधीनमा बस्नुपर्ने पुरुषले परस्त्रीगमन गर्दा पनि महिलाले सहेर बस्नुपर्ने महिलाले तीजको समयमा नाचेकै भरमा श्रीमानबाट शारीरिक यातना र ससुराबाट गालीगलौजको सामना गरेकी सावित्रीले आत्महत्याको बाटो रोजेको प्रसङ्ग उपन्यासमा चित्रित छ । गजेन्द्रनाथले आफ्नो बुहारीमाथि गरेको व्यवहार, नरेन्द्रनाथले आफ्नै जेठी श्रीमती पवित्रा, ध्रुव विश्वकर्माकी श्रीमती सुन्तली र असनमा कोठा गरी राखिदिएको सञ्जना सिटौलाको जीवन तहसनहस पारेको प्रसङ्ग, विक्रम राईले मायादेवीलाई गरेका व्यवहारको घटनाले पुरुष मालिक भएको पुरुषसत्तात्मक समाजको परिचय दिएको छ ।

'पुरुष' पुरुष भएकै कारणले उपल्लो दर्जामा र 'नारी' नारी भएका कारणले तल्लो दर्जामा परेको अवस्थाले उपन्यास लिङ्गका दृष्टिले महिला र पुरुष गरी दुई वर्गमा विभाजित भएको कुरा स्पष्ट हुन्छ ।

नेपालमा विगतदेखि नै जातीय विभेद एक मूल समस्या हो । जातका आधारमा व्यक्ति व्यक्तिमाथि गरिने दमन पुस्तौँदेखि चलिआइरहेको सामाजिक समस्या हो । ढकालको उपन्यास *हजार माइलको बाटो*मा पनि समाजमा ठूला जात भनिएको वर्ग र साना जात भनिएको वर्गबीचको वर्गविभेदलाई देखाउने प्रयत्न गरिएको छ । त कमजोर छस्, तिमीहरू सधैँ अरूको अधीनमा बस्नुपर्छ भन्ने परम्परावादी कुसंस्कारबाट दलित समुदायसमेत माथि उठ्न सकेको छैन । हाम्रो भाग्यमा यति छ, हामी साना मान्छे हौँ । हाम्रो काम नै यत्ति हो । ठूलाले जे गरेपनि सहनुपर्छ भन्ने भाष्य तल्लो जात भनिएका अर्थात् दलित समुदायका व्यक्तिहरूले नै निर्माण गरिरहेको प्रसङ्ग समेत उपन्यासमा प्रस्तुत गरिएको छ । त्यसो हुनुमा लामो समयको दमन नै मुख्य कारण हो भन्न सकिन्छ । जातीय आधारमा उपन्यासमा देखा परेका वर्गीय अवस्था वा वर्गविभेदलाई निम्नानुसार देखाउन सकिन्छ ।

"हामी कामी हुम्, बाजे ! भित्र पस्न मिल्दैन (पृ. १८४) ।

प्रस्तुत उदाहरणमा स्वयम् कामी समुदायको व्यक्ति नै आफू कामी भएको र तपाइँहरूको घरभित्र हामी पस्न मिल्दैन बाजे भन्दै आफ्नो लघुताभास प्रकट गर्दछ । कामी

समुदायको व्यक्तिलाई यस्तो अवस्था र  विचारमा पुऱ्याउने काम अन्य समुदायको मस्तिष्कमा रहको वर्गीय विभेदको उपजका कारण भएको हो ।

> हाम्रो सामाजिक सन्दर्भमा वर्ग भनेकै जात हो । र जात भनेकै वर्ग हो (पृ. २१९) ।

माथिको उदाहरणमा हाम्रो समाजिक सन्दर्भ र वर्गको उल्लेख गर्दै वर्ग निर्माण गरेको र जात भनेकै वर्ग हो भन्ने भाष्य उल्लेख गरिएको छ । वर्ग भनेकै जात हो । जातका आधारमा भएको सामाजिक प्रतिबन्धका कारणले उच्च जात भनिएकाहरू धनी र शक्तिशाली वर्ग भएको र तल्लो जातका भनिएकाहरू शक्तिहीन वर्ग भएको प्रसङ्ग उपन्यासमा उद्धृत छ । त्यसैले वर्ग नै जात जात हो भन्ने अभिव्यक्ति माथिको अंशमा प्रकट प्रकट भएको छ र ठूलो जातको वर्ग र सानो जातको वर्ग गरी दुईवटा वर्ग निर्माण भएको स्पष्टरूपमा फेला पार्न सकिन्छ ।

स्कुलमा विभिन्न जातका विद्यार्थी भएको र तिजलाई जातका आधारमा छुट्टाछुट्टै राखिएको प्रसङ्गमा उपन्यासमा जातीय विभेदको विषय यसरी प्रस्तुत गरिएको छ ।

> स्कुलमा विभिन्न जातका विद्यार्थी थिए । बाहुन, क्षेत्री, वैश्य र शुद्र । बाहुन, क्षेत्री र वैश्यसम्मका विद्यार्थी एकै लहरमा सुकुलमा बस्थे । दमाई, सार्की र कामीका बच्चाहरूलाई भने अलग्गै सुकुलमा राखिन्थ्यो । अर्को कुरा सार्की, दमाई र कामी विद्यार्थीका लागि पानी खाने छुट्टै गाग्रो र लोटाको व्यवस्था गरिएको थियो (पृ.९३) ।

शिक्षालयमा पनि जातजातिका विद्यार्थीहरूलाई विभेद र विभाजित गरी पानी खाने गाग्रो र लोटा छुट्टै राखेको र बाहुन, क्षेत्री र वैश्यसम्मका विद्यार्थी एकै लहरमा सुकुलमा बसाइएको अनि दमाई, सार्की र कामीका बच्चाहरूलाई भने अलग्गै सुकुलमा राखेर गरिएको जातिभेद र वर्गभेदको चर्चा माथिको उपन्यासको अंशमा चर्चा गरिएको छ ।

माथिको उदाहरणहरूले हाम्रो सामाजिक सन्दर्भमा वर्ग भनेकै जात हो भनेजस्तै उपन्यासमा ठूला जातका वर्ग र साना जातका वर्ग गरी दुई भेदको निर्माण भएको छ । दलित भएर घरभित्र पस्न नपाएको र दलितका लागि छुट्टै पानी खाने भाँडो राखिएको कथानकले पनि उन्यासमा भएको जातिगत वर्गविभेदलाई स्पष्टसँग देख्न सकिन्छ । दलितलाई अभिजात्य भनिएका वर्गले हेयका दृष्टिकोणले हेर्ने, आफ्ना कुराहरू लाद्ने, अर्काकी श्रीमतीलाई यौन शोषण गरी धुर्वे कामीजस्ता पात्रहरूलाई पलायन हुन बाध्य बनाउने, गरिबीको चपेटामा परेका दलितहरूको बाध्यतालाई आफू अनुकूल प्रयोग गर्ने आदि कार्यहरू समाजका ठूला जात

भनिएका नरेन्द्रनाथजस्ता पात्रले उपन्यासमा गरेका छन् । त्यसैले उपन्यासका पात्रहरू ठूला जात र साना जात गरी दुई वर्गमा विभाजन भएको फेला पार्न सकिन्छ । उपन्यासमा देखापरेका यी विविध वर्गहरू र एउटा वर्गले अर्को वर्गमाथि गरेको वर्गीय विभेदले नारायण ढकालको *हजार माइलको बाटो* उपन्यासलाई वर्गसङ्घर्षको यात्रामा लैजानका निम्ति सघाउ पुऱ्याएको छ ।

## ३.७ निष्कर्ष

नारायण ढकालको *दुर्भिक्ष* उपन्यासले समाजमा व्याप्त वर्गीय विभाजन, आर्थिक असमानता, र शक्तिशाली शासकवर्गको शोषणलाई उजागर गरेको छ । विशेषगरी ग्रामीण समाजमा श्रमिक वर्ग र धनी वर्गबीचको गहिरो खाडललाई उपन्यासले चित्रण गरेको छ । धनी वर्गले आफ्नो शक्ति, सम्पत्ति, र राजनीतिक प्रभावको उपयोग गर्दै तल्लो वर्गलाई निरन्तर शोषण गरेको प्रसङ्ग उपन्यासमा आएको छ । गरिब वर्ग सधैँ जीविकोपार्जनको सङ्घर्षमा रहने बाध्यताले ग्रस्त छ । उपन्यासमा गरिब, महिला, दलित, तथा कमजोर वर्गको शोषणलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । समाजमा सीमान्तकृत समूहहरूले भोग्ने अन्याय, विभेद, तथा कठिनाइलाई उपन्यासले उजागर गरेको छ । प्रधानपञ्च तथा बोधराजजस्ता पात्रहरू शोषक वर्गका प्रतीकका रूपमा देखिएका छन्, जसले दलित, महिला, र निम्न वर्गका मानिसहरूलाई शोषण गर्ने प्रवृत्ति देखाउँछन् । *दुर्भिक्ष* उपन्यासले वर्गीय विभेदलाई समाजको प्रमुख समस्या ठहराउँदै सामाजिक असन्तुलनको चित्रण गरेको छ । *प्रेतकल्प* उपन्यास नेपाली समाजको सामाजिक, आर्थिक, र सांस्कृतिक यथार्थको गहिरो चित्रण हो । यस उपन्यासमा शक्तिशाली र शासक वर्ग तथा श्रमजीवी र गरिब वर्गबीचको स्पष्ट विभाजन देखिन्छ । धनाढ्य वर्ग समाजका नियम बनाउने, सम्पत्ति सञ्चय गर्ने, र श्रमिक वर्गलाई शोषण गर्ने भूमिकामा छ । श्रमजीवी वर्ग भने कडा परिश्रम गर्दा पनि न्यूनतम जीवनयापन गर्न सङ्घर्षरत देखिन्छन् । उपन्यासमा गरिब वर्गको श्रममाथिको शोषण, अवसरहरूको असमान वितरण र वर्गीय अन्यायलाई सशक्त रूपमा चित्रण गरिएको छ । धनी वर्गले गरिब वर्गलाई शारीरिक मात्र नभई मानसिक रूपमा पनि दबाउने प्रयास गरिएको कथानक उपन्यासमा छ । गरिब वर्गले आफ्नो श्रमको उचित मूल्य नपाउने, आधारभूत आवश्यकताहरू पूरा गर्न सङ्घर्ष गर्ने र सामाजिक तिरस्कार सहनुपर्ने अवस्थाले समाजमा गहिरो विभाजन देखाइएको छ ।

२०१७ पछिको पञ्चायती व्यवस्थाको पृष्ठभूमिमा आधारित *वृषभ वध* उपन्यासले शासक वर्गबाट शोषित वर्गको पीडालाई प्रस्तुत गरेको छ । राज्यपक्ष र सत्ताका प्रतिनिधिहरूले कमजोर वर्गलाई दमन गर्ने परिपाटीलाई उपन्यासले चित्रण गरेको छ । समाजमा वर्गीय विभाजनका कारण उत्पन्न अन्याय तथा असमानताविरुद्ध विद्रोहको आवश्यकता देखाउन उपन्यास सफल भएको छ । उपन्यासमा वर्गसङ्घर्ष, जातीय भेदभाव, लैङ्गिक असमानता, र निरङ्कुश सत्ताविरुद्धको सङ्घर्षलाई प्रभावकारी रूपमा उठाइएको छ । विभिन्न पात्र तथा घटनाक्रमहरू मार्क्सवादी विचारधाराबाट ओतप्रोत छन् । पात्रहरूले समाजमा व्याप्त अन्यायको विरोध गर्दै परिवर्तनको पक्षपोषण गर्छन् । २०१३/१४ को परिवेशमा आधारित *हजार माइलको बाटो* उपन्यासले वर्गीय विभेद, जातीय असमानता, र सामाजिक अन्यायको यथार्थ चित्रण गरेको छ । धनी वर्गले आरामदायक जीवन बिताइरहँदा गरिब वर्ग आफ्नो आधारभूत आवश्यकताहरू पूरा गर्न सङ्घर्षरत देखिन्छन् । मजदुर वर्गलाई न्यून पारिश्रमिकमा काम गराइने, कतिपय अवस्थामा त उनीहरूको श्रमको मूल्य नै नदिइने अवस्थालाई उपन्यासले उजागर गरेको छ । उपन्यासले समाजमा व्याप्त जातीय भेदभावलाई पनि देखाएको छ । दलित समुदायका बालबालिकाहरूलाई विद्यालयमा भेदभाव गरिनु, पानी खाने ठाउँ अलग गरिनु, तथा छोरालाई निजी विद्यालयमा पढाइने तर छोरीलाई नपढाइने जस्ता प्रवृत्तिहरू उपन्यासमा चित्रण गरिएका छन् । धनी वर्गले दलित समुदायलाई शोषण गर्ने र उनीहरूको बाध्यता तथा गरिबीलाई साधन बनाउने अवस्थालाई उपन्यासले उजागर गरेको छ । उपन्यासकार नारायण ढकालले वर्गीय विभेदलाई समाज परिवर्तनको अवरोधका रूपमा चित्रण गर्दै चेतना अभिवृद्धिको आवश्यकता देखाएका छन् । वर्गीय विभेदको अन्त्य समाजमा समानता स्थापनाका लागि अनिवार्य रहेको सन्देश उपन्यासले दिन सफल भएको छ । नारायण ढकालका *दुर्भिक्ष, प्रेतकल्प, वृषभ वध,* र *हजार माइलको बाटो* उपन्यासले वर्गीय विभेद, अन्याय र शोषणको यथार्थ चित्रण गर्दै समाजमा समानता र परिवर्तनको आवश्यकता औँलयाएका छन् । यी उपन्यासले वर्गीय विभेद, जातीय भेदभाव, तथा महिला र श्रमिकवर्गमाथि गरिने शोषणलाई उजागर गर्दै वर्गसङ्घर्ष तथा सामाजिक परिवर्तनको अपरिहार्यता दर्साएका छन् ।

# चौथो परिच्छेद

# नारायण ढकालका उपन्यासमा वर्गसङ्घर्ष

## ४.१ विषयप्रवेश

नारायण ढकालको उपन्यासमा वर्गसङ्घर्ष शीर्षकको यस परिच्छेदमा 'विषयप्रवेश', 'वर्गसङ्घर्षको सैद्धान्तिक परिचय' '*दुर्भिक्ष* उपन्यासमा वर्गसङ्घर्ष', '*प्रेतकल्प* उपन्यासमा वर्गसङ्घर्ष', '*वृषभ वध* उपन्यासमा वर्गसङ्घर्ष', '*हजार माइलको बाटो* उपन्यासमा वर्गसङ्घर्ष' र 'निष्कर्ष' गरी पाँचवटा उपशीर्षक रहेका छन् । उपन्यासमा तत्कालीन परिवेशको वर्गीय समाजको यथार्थ चित्र उतारेर शोषक र सामन्तवर्गले गरिब, सर्वहारावर्गप्रति गरेको निकृष्ट व्यवहार प्रस्तुत गर्दै सर्वहारावर्गले गरेको प्रतिरोधलाई देखाइएको छ । यस परिच्छेदमा नारायण ढकाल उपन्यासहरू *दुर्भिक्ष, प्रेतकल्प, वृषभ वध* र *हजार माइलको बाटो*मा समाविष्ट वर्ग वर्गबीचको द्वन्द्वलाई कार्ल मार्क्सको भौतिकवादी सिद्धान्त आधारमा अध्ययन-विश्लेषण गर्ने जमर्को गरिएको छ । पात्रहरूले बोल्ने भाषा र उत्पीडित जाति, समुदायमा आएको परिवर्तनलाई प्रगतिवादी दृष्टिकोणबाट अध्ययन-विश्लेषण यस परिच्छेदमा गरिएको छ । ढकालका उपन्यासहरूमा देखिएका पुँजीपति वर्ग, शक्ति सम्पन्न वर्ग, मालिक वर्ग, शासक वर्ग, शोषक वर्ग, ब्राह्मण वर्ग र सर्वहारा वर्ग, श्रमिक वर्ग, शक्तिहीन वर्ग, गरिब वर्ग, शासित वर्ग, दलित वर्ग, महिला वर्गबीचको वर्गीय खाडल देखिएपछि ती फरकफरक वर्गहरूबीच भएको वैचारिक द्वन्द्व, भौतिक द्वन्द्व र साङ्केतिक द्वन्द्वलाई उपन्यासका घटनाक्रम र पात्र बोलीहरूद्वारा सोदाहरण पुष्टि गर्ने कार्य यस परिच्छेदमा भएको छ । मार्क्सवादी साहित्य सिद्धान्तअन्तर्गत वर्गसङ्घर्षको सिद्धान्त प्रयोग गरी उपन्यासकार नारायण ढकालका उपन्यासहरूमा प्रयुक्त वर्ग वर्गबीचको द्वन्द्वलाई देखाएर उदाहरणसहित पुष्टि गर्ने कार्य यस परिच्छेदमा भएको छ ।

## ४.२ वर्गसङ्घर्षको सैद्धान्तिक परिचय

वर्गसङ्घर्षको अर्थ हुन्छ- समाजमा रहेका वर्ग वर्गबीच हुने द्वन्द्व, सङ्घर्ष वा अन्तर्विरोध । भिन्न सामाजिक वा आर्थिक अवस्थाका आधारमा एउटा समाजलाई विभाजन गरेर बनेको जनताको समूहमध्ये एउटालाई वर्ग भनिन्छ । हिन्दी शब्दकोशमा 'वर्ग र सङ्घर्ष'को बारेमा बाहरी भन्छन्- एउटा समाजमा समान विशेषता भएका मानिसहरूका समूहलाई वर्ग भनिन्छ ।

वर्गको शाब्दिक अर्थ श्रेणी समूह वा जमात भन्ने बुझिन्छ । सङ्घर्षको अर्थ टकराव स्पर्धा प्रयत्न द्वन्द्व वा द्वेष भन्ने हुन्छ (बाहरी, सन् २००७, पृ. ७८७) ।

मार्क्सवादको उदय हुनुपूर्व पनि वर्ग र वर्गसङ्घर्षको अस्तित्व नभएको होइन तर त्यसको अध्ययन र ज्ञान थिएन र वर्गीयताको आधार भौतिक उत्पादन हो भन्ने पनि थाहा थिएन । यस शब्दको अहिलेको विशिष्ट अर्थमा प्रयोग उन्नाइसौँ सदीमा सर्वप्रथम दोस्रो सहस्राब्दीकै महान् दार्शनिक कार्ल मार्क्सले गरेका हुन् । उनी वर्गसङ्घर्षको परिभाषा दिँदै भन्छन् - "वर्ग मानिसका ती ठूलाठूला समूह हुन् जो सामाजिक उत्पादन पद्धतिका इतिहासमा आआफ्ना दृष्टिले , श्रमका सामाजिक भूमिकाका दृष्टिले, आफ्ना भागमा रहेको सामाजिक सम्पत्तिको प्राप्तिका विधि र आकारका दृष्टिले एकअर्कासँग भिन्न छन् र ती एकअर्का समूहको श्रम हात पार्ने प्रयासमा हुन्छन् (चैतन्य, २०६७, पृ. २७७) ।

आफ्नो महान् दृष्टान्त नामक कृतिमा वर्गको परिभाषा लेनिन यसरी दिन्छन्- "मानिसका त्यस्ता ठूला समूहलाई वर्ग भनिन्छ जो सामाजिक विकासका निश्चित ऐतिहासिक क्रममा स्थानका दृष्टिले, उत्पादन साधनसँग सम्बन्धका दृष्टिले, श्रमिक सङ्गठनमा आफ्नो भूमिका र सामाजिक सम्पत्तिका जुन भागको तिनीहरू मालिक हुन्छन् त्यसको परिणाम र त्यसलाई प्राप्त गर्ने पद्धतिका दृष्टिले आपसमा भिन्न हुन्छन् (चैतन्य, २०६७, पृ. २७८) ।

आदिम साम्यवादी युगमा मानव समूह वर्गमा विभाजित थिएन । वैज्ञानिक साम्यवादमा वर्ग समाप्त भएर जान्छ रहँदैन मानिसको एउटै जाति र वर्ग हुन्छ भन्ने मार्क्सको विश्लेषण छ । समाजमा पीडित र पीडक वर्गका बीच हुने सङ्घर्षलाई वर्गसङ्घर्षका रूपमा लिइन्छ । वर्गीय समाजमा वैरभावपूर्ण वर्गहरूबाहेकका अरु पनि अनेक वर्गहरू हुन्छन् र तिनका बिचमा पनि सङ्घर्ष हुने गर्छ । वर्ग विभाजित समाजमा वर्गद्वन्द्व भनेको मुख्य तथा प्रमुख सामाजिक वर्गहरूका बिचको सङ्घर्ष नै हो किनभने गौण वर्ग र सामाजिक उप वर्गहरूले प्रायः यस सङ्घर्षमा आफ्नो बेग्लै कुनै मोर्चा खडा गरका हुँदैनन् । उनीहरूले प्रमुख विरोधी वर्गहरूमध्ये कुनै एउटाको पक्ष लिएका हुन्छन् (ज्ञवाली, २०६८, पृ. ४४) । वर्तमान साम्राज्यवादी/ पुँजीवादी युगमा उत्पादनका साधन र श्रमको प्रतिफल हात पार्ने उद्देश्यले श्रमिक र मालिकका दुई समूहबीच निरन्तर सङ्घर्ष भइरहन्छ । शोषक र शोषित, उत्पीडक र उत्पीडित वर्गका बीच

निरन्तर द्वन्द्व भइरहनु समाज विकासको नियमै हो । समाज विकासको क्रममा मार्क्सवादअनुसार दास समाज, सामन्ती समाज, पुँजीवादी समाज र समाजवादी समाजमा क्रमशः दास र मालिकका बीच जमिन्दार र मजदुर किसान वर्गका बीच, पुँजीपति र सर्वहारा श्रमिक वर्गका बीच तथा सर्वहारा श्रमिक वर्ग र पुँजीपति मनोवृत्तिका बीच सङ्घर्ष चलिरहन्छ । वर्ग विभाजित समाजमा परस्पर विरोधी वर्गका बीचको सङ्घर्ष नै समाज विकासको कारण हो (चैतन्य, २०६७, पृ. १५६) ।

वर्गसङ्घर्षको चरम अवस्था भनेकै समाजवाद वा सर्वहारा वर्गको अधीनायकत्व हो भने साम्यवाद त्यसको चरम प्राप्ति हो । समाजवाद स्थापित भएपछि वर्गसङ्घर्ष त्यति कठोर हुँदैन । प्रत्येक राज्यसत्ता एउटा वर्गको अर्कामाथि अधीनायकत्व हो । समाजवादमा पनि सत्तासीन सर्वहारा वर्गले प्रतिक्रान्तिकारी तत्त्वका विरुद्ध निर्मम सङ्घर्ष जारी राख्नुपर्छ । वर्गसङ्घर्ष आफैमा मार्क्सवाद नभए पनि पुँजीवादबाट समाजवाद हुँदै साम्यवादसम्म पुग्ने एउटा महत्वपूर्ण खुड्किलो हो, एउटा सशक्त हतियार हो, जसबिना मार्क्सवाद अधुरो हुन्छ । राज्य सत्ता कायम रहेसम्म वर्ग र वर्गसङ्घर्ष जारी नै रहन्छ । वर्गसङ्घर्षको प्रभाव समाजका हरेक पक्षमा समान रूपले पारेको हुन्छ । यस अध्ययनमा नारायण ढकालद्वारा लिखित उपन्यासहरूमा प्रयुक्त श्रमिक र मालिकका बीच, शोषक र शोषितका बीच, उत्पीडक र उत्पीडितका बीच, दास र मालिकका बीच, जमिनदार र मजदुर किसानका बीच, पुँजीपति र सर्वहाराका बीच, सत्तासीन र सत्ताविहीनका बीच भएको वर्गसङ्घर्षलाई यसरी देखाइएको छ ।

## ४.३ *दुर्भिक्ष* उपन्यासमा वर्गसङ्घर्ष

*दुर्भिक्ष* उपन्यास सुप्रिया नामक पात्रलाई केन्द्रबिन्दुमा राखेर रचना गरिएको उपन्यास हो । जहाँ नेपालको ग्रामीण परिवेशदेखि सहरिया परिवेशसम्मको अवस्थालाई देखाइएको छ । ५० को दशकदेखि ६० को दशकसम्मको कथावस्तु उपन्यासमा फेला पार्न सकिन्छ । अन्य उपन्यासका तुलनामा यस उपन्यासको कथन ढाँचा केही फरक तरिकाको छ । प्रथम पुरुषीय दृष्टिबिन्दमा लेखिएको यस उपन्यासका पात्रहरू आफ्ना कथा बताउनलाई म भनेर उपन्यासमा उपस्थित भएका छन् । कथन ढाँचाको यो प्रस्तुतिलाई उपन्यासमा गरिएको नवीन प्रयोगका रूपमा समेत बुझ्न सकिन्छ । उपन्यासमा सुप्रियाको गाउँ र काठमाडौं मुख्यगरी परिवेशको

रूपमा आएको छ । विद्रोही विचार भएको आलोकले प्रधानपञ्चको विरुद्ध आवाज उठाउँदा आलोक जेल चलान हुनु, आलोकले माफी मागेर जेलमुक्त हुन अस्वीकार गर्नु, आलोकको बुबालाई जागिरबाट निकालिदिनु, आलोकको परिवार गाउँमा बस्न नसक्ने अवस्था भई काठमाडौँ पलायन हुनु सुप्रियाले आफ्नो प्रेमीबाट बसेको गर्भलाई सन्तानका रूपमा जन्माउने योजना बनाउनु, आलोक २०४६ सालको आन्दोलनमा वीरगति प्राप्त गर्नु, आलोकको दाजुले पाएको जागिर पनि गुमाउनु र जँड्याहा बनेर हिँड्नु, सुप्रिया रेस्टुरेन्टमा काम गर्न थाल्नु, आफ्नो प्रेमी सशस्त्र युद्धमा लागेको कारणले राज्यबाट सुप्रियालाई पनि दुःख दिइनु, ६५ दिनसम्म निर्मम यातना दिई गर्भ तुहाइनु, पछि सुप्रिया पनि बोधराजको प्रेम प्रस्तावलाई अस्वीकार गरेर सशस्त्र युद्धमा होमिनु, भोजराजको पत्रिका राधाकृष्णले किन्नुजस्ता घटनाहरू उपन्यासका घटनाहरूले उपन्यासलाई वर्गसङ्घर्षको यात्रमा लगेको छ ।

उपन्यासमा प्रधानपञ्च, उसका वरपरका व्यक्तिहरू, प्रधानपञ्चको भतिजो बलराम उसले बनाएको सञ्जाल जस्ता व्यक्ति तथा अवस्थाहरू, बोधराज, पञ्चायका मतियारहरू, नेपाली सेना, राजकवि, राधाकृष्ण आदि पात्रहरू उपन्यासमा ठूला वर्ग अर्थात् मालिक वर्ग, शासक वर्ग, शोषक वर्ग, अभिजात्य वर्ग, धनी वर्ग बनेर उपन्यासमा देखा परेका छन् भने मास्टर नन्दप्रसादको परिवार सुप्रिया, आलोक, सुप्रियाकी आमा, सुप्रियाको दाइ, सुप्रियाकी भाउजु, कृष्णचन्द्र, हरि, विपिन विद्रोही, मुक्तिनारायण श्रेष्ठ, समिरा आदि पात्रहरू तल्लो वर्गका पात्र अर्थात् श्रमिक वर्ग, गरिब वर्ग, शोषित वर्ग, शक्तिहीन वर्ग, गरिब वर्ग बनेर उपन्यासमा देखापरेका छन् । उपन्यासमा देखिएका ती वर्गहरूबीच भएको वर्गसङ्घर्षलाई देखाउने कार्य पनि यस उपन्यासमा भएको छ ।

उपन्यासमा निर्माण भएको राज्यसत्ताको वर्ग र जनताको वर्गबीच भएको वर्गसङ्घर्षलाई निम्न अनुसार यसरी देखाइएको छ :

> "गोली ठोक्छ भने ठोकोस् । पछि चाहिँ हट्न हुन्न साथी हो ।"
>
> "हो हो हामी पछि हट्नुहुन्न ।" धेरै मुख एकैचोटि चिच्याए ।
>
> "इनकलाव- जिन्दावाद"
>
> "प्रजातन्त्र -जिन्दावाद"
>
> "निरङ्कुशतन्त्र -मुर्दावाद (पृ. ३०) ।"

प्रस्तुत हरफहरूमा राज्यसत्ताको विरुद्ध लागेका विद्रोहीहरू प्रजातन्त्र र इनकलाव जिन्दावाद भन्दै सत्तापक्षलाई हाँक दिँदै वर्गसङ्घर्षमा होमिएको विषय उद्धृत गरिएको छ । गाली ठोके पनि ठोकोस् तर पछि हट्नु हुन्न भन्दै विद्रोहीहरू एकवद्ध भएर नारा घन्काउँछन् । निरङ्कुशतन्त्रको विपक्षमा आवाज उठाएर वर्गसङ्र्षको अभियानको लागेको परिदृश्य माथिको उपन्यासको अंशमा देखाइएको छ ।

> फेरि त्यसपछि तानाशाही बन्दुकको मुखबाट निस्केको ऋुर आवाज धुवा र आगोका लप्काहरूमाझ मानिसहरू भकाभक ढल्न थाले जुलुस पहिलेभन्दा पनि बढी आतङ्कित भएर कुद्दै पछाडि फर्कियो (पृ. ३४) ।

माथिको गद्यांशमा सर्वशक्तिमान् राज्यसत्ता र सर्वहारा जनताबीच भएको सङ्घर्षलाई देखाइएको छ । राज्यसत्ताले गरेका कुकार्यका विरुद्धमा जनसङ्घर्ष भएको र उदाहरण प्रस्तुत गरिएको छ । राज्यसत्ताले आन्दोलनकारीविरुद्ध बल प्रयोग गरेको घटना आएको छ । आन्दोलनकारीहरू आफ्नो ज्यानको बाजी थापेर शक्तिमान् वर्गसँग लडिरहेको अवस्था छ ।

उपन्यासमा मुख्य गरी उपल्लो वर्गका विरुद्ध सङ्घर्ष गर्ने पात्र आलोक हो । जसले होस सम्हालेदेखि अन्याय र अत्याचारका विरुद्धमा आवाज उठाउने र सङ्घर्ष गर्ने काम गरेको छ, जस्तैः

> "यो पञ्चायतको दलाली हो । म यसको सदस्यता पनि लिन्न र दलाल पनि बन्दिन । मैले भनेँ पृ. ३४) ।"

माथिको दृष्टान्तमा आलोकले पञ्च निकट राजनैतिक संस्थाको सदस्याता लिन नमानेको प्रसङ्ग छ । सामान्य सदस्यता लिएको अवस्थाा उसको जीवन सहज बन्ने भए तापनि उसले पञ्चायती व्यवस्थाको विरोध गर्दै सर्वशक्तिमान् वर्गसँग लड्ने कार्य गरेको छ । आलोक पञ्चायतलाई दलाली व्यवस्था मान्छ र म त्यसको सदस्यता लिन्न र दलाल बन्दिन भन्ने विचार व्यक्त गरेर पञ्चायतसँग वर्गसङ्घर्षको आफ्नो प्रतिवद्धतामा टसमस हुँदैन ।
पञ्चायती व्यवस्था विरुद्ध आन्दोलनको मोर्चामा पञ्चायत विरोधी नाराहरू भित्तामा टाँसिरहँदा आलोकलाई उच्चताबोध भएको उदाहरण यहाँ प्रस्तुत गरिएको छः

मुर्दावादका नाराहरू टाँसिरहँदा म भित्रभित्रै उच्चताबोधले निकै चुलिन पुगेको थिएँ । म आफैँलाई भनिरहेको थिएँ स्याबास् । अब तँ पनि मुलुकको क्रान्तिकारी आन्दोलनमा गाँसिन पुगिस् । हाम्री नेपाल आमाको निम्ति यो अत्यन्तै गौरवको विषय हो (पृ. ४१) ।

प्रस्तुत हरफमा राज्यसत्ताको विरुद्धमा पोस्टर टाँसेर आएपछिको आलोकमा भरिएको उच्चताबोधको प्रसङ्ग आएको छ ।

ऊ उत्तेजित हुँदै मतर्फ आयो र एक लात्ती प्रहार गऱ्यो बुट सहितको प्रहारले म यति धेरै रन्थनिएँ कि त्यसपछि कुनै प्रतिवाद गरिन (पृ. ६२) ।

माथिको उदाहरणमा राज्यसत्ताका मतियारले आलोकमाथि गरेको अत्याचार र उक्त अत्याचारबाट आलोक अलिकति पनि विचलित नभएको प्रसङ्ग आएको छ । उक्त प्रसङ्गले आलोकको वर्गसङ्घर्षको प्रतिवद्धतालाई पुनः दोहोऱ्याएको छ

"त्यस्तो कागज किन गर्ने ? पञ्चायत मलाई मन पर्दैन ।

"त्यसो भए म छुट्दिन । हेरौँ, मलाई कति दिन थुन्न सक्दा रैछन् ?" ऊ उल्टै बटारियो (पृ. ७९) ।

प्रस्तुत दृष्टान्तमा आलोक बरु सजायँ भोग्न तयार भएको तर सामन्तवादीसँग झुक्न तयार नभएको घटनालाई देखाइएको छ । आलोकले राज्यसत्तासँग माफी मागेको अवस्थामा जेलमुक्त हुने भए पनि उसले जेल जीवन भोग्न तयार भएको तर सम्झौता गर्न तयार नभएको घटना उपन्यासमा उल्लेख गरिएको छ ।

जेल परेको केही दिनभित्र प्रधानपञ्च मलाई छुटाउन सदरमुकाम आएका थिए । माफी मागे म छुट्ने थिएँ, तर मैले केही गल्ती नै गरेको थिइनँ, किन माफी माग्ने ? बा रिसाएर फर्किए (पृ. ७५) ।

प्रस्तुत हरफमा पनि आलोक बरु सजायँ भोग्न तयार भएको तर सामन्तवादीसँग झुक्न तयार नभएको घटनालाई देखाइएको छ । आलोकले राज्यसत्तासँग माफी मागेको अवस्थामा जेलमुक्त हुने भए पनि उसले जेल जीवन भोग्न तयार भएको तर सम्झौता गर्न तयार नभएको घटना उपन्यासमा उल्लेख गरिएको छ ।

> हामी धोबीखोला पारिको सुकुम्बासी बस्तीमा बस्न थालेका छौँ । बाले गाउँका सबै चिज प्रधानलाई बेचे । हामी यहाँ आएको पनि एक हप्ता मात्र भयो । यो सबै तँलाई पुलिसले पक्रेर लगेपछि भएको थियो । अहिले हामी भोग्दै छौँ-जीवनमा दुःख भनेको के हो ?
>
> यो सुनेपछि मलाई पनि डाँको छोडेर रुन मन लाग्यो । तर मैले आफूलाई पूरै नियन्त्रण गरेँ । म आफैँलाई सोध्दै थिएँ । यो दुःखको परिणाम ल्याउन मैले के गल्ती गरेँ ? के स्वतन्त्रताको सपना देख्नु अपराध हो (पृ. ७७) ?

उपन्यासको एक प्रगतिवादी पात्र आलोकले माथि उल्लेख गरिएका उदाहरणहरूद्वारा पुँजीपति वर्ग, शक्तिशाली वर्गका विरुद्ध वर्गसङ्घर्ष गरेको छ । दृष्टान्त मा सामन्तवादसँगको युद्धमा आलोकले सबथोक गुमाएको घटना आएको छ । राज्यसत्तासँगको सङ्घर्षमा ऊ र उसको परिवार पलायन हुन बाध्य भएको प्रसङ्गसमेत माथिको अंशमा आएको छ ।

आलोकले २०४६-४७ को आन्दोलनमा सेनाद्वारा गिरफ्तार गरी मृत्युवरण गरेको छ । त्यसकारणले पनि ऊ कति क्रान्तिकारी थियो भन्ने कुरा प्रस्ट हुन्छ । पञ्चायत नजिकको सङ्गठनको सदस्य बन्न अस्वीकार गर्नु, पञ्चायतको खुलेर विरोध गर्नु, रातिको समयमा आफैँले बनाएको हस्तलिखित पञ्चायत विरोधी नाराहरू गाउँका भित्ताभरि टाँस्नु, पुलिसको निर्मम कुटाई खाँदासमेत विचलित नभई देशको निम्ति सङ्घर्ष गर्नु, बरु थुनिन तयार हुनु तर सम्झौता गर्न तयार नहुनु, नेपाल राष्ट्र पञ्चायती व्यवस्थाबाट स्वतन्त्र भएको हेर्न चाहनु र त्यसका निमित्त प्रयत्न गर्नु आलोकले उपन्यासभित्र गरेका कार्य व्यापारहरू हुन् । आफ्नो पारिवारिक विघटन हुने अवस्थासम्म पनि देशको निम्ति सम्झौता गर्न तयार नभएको आलोक एक देशभक्त र क्रान्तिकारी व्यक्ति हो जसले सामन्तवादी राज्य व्यवस्थासँगको वर्गसङ्घर्षमा सहादत प्राप्त गरेको छ ।

आलोकले मात्र नभई आलोकजस्तै अरू पात्रहरूले पनि शक्तिमान वर्गका रूपमा देखिएको प्रधानपञ्चका विरुद्ध सङ्घर्ष गर्ने काम गरेका छन् जसलाई उदाहरणसहित यसरी देखाइएको छ :

> "हामीले पनि सित्तैँ लाउने होइन । मजदुरी दिएर लाउने नै हो । यस्तो अन्याय त गर्न पाइँदैन नि (पृ. ६६) !"

माथिको दृष्टान्तमा प्रधानपञ्चले आलोकको खेतमा काम गर्न गएको आफ्नो रोपाइँमा नआएको बहानामा फुलमती नौकिनीलाई मरणासन्न हुनेगरी कुट्दा आलोककी आमाले प्रधानपञ्चले गरेको कार्यप्रति विरोधको भाव व्यक्त गरेकी छन् । प्रधानपञ्चले गरेका कुकार्यहरूको दलित तथा सीमान्तकृत वर्गले विरोधको स्वर निकालेको प्रसङ्ग माथि उल्लेख गरिएको छ ।

> मा... प्रधान, लौ आ ! आज म तँसित लड्चु । एक दिन मर्नैपर्ने चोला हो । यस शोषक ! ए हत्तेरा ! अँधेरोमा लुकीलुकी हाम्रा तरुनी चेलीहरूसित सुत्चस् । अनि फिरी आफूलाई कैँ नभेको बाउन हुम् भन्चस् ? लौ आ, एक्लैएक्लै लडौँ (पृ. ६२) ।

प्रस्तुत दृष्टान्तमा विसुराम सार्कीले प्रधानपञ्चलाई हाकाहाकी उसले गरेको कार्यप्रति असन्तुष्टि जनाउँदै गालीगलौज गरेको प्रसङ्ग उपन्यासमा आएको छ । एक दिन मर्नैपर्ने चोला हो । यस शोषक ! ए हत्तेरा ! अँधेरोमा लुकीलुकी हाम्रा तरुनी चेलीहरूसित सुत्चस् । अनि फिरी आफूलाई कैँ नभेको बाउन हुम् भन्चस् ? लौ आ, एक्लैएक्लै लडौ भन्दै ललकारेको विषय आएको छ । विसुराम सार्कीले प्रधानपञ्चको गलत नियत र दलितका छोरीचेलीप्रति गरेको व्यवहारको भण्डाफोर गर्दै सङ्घर्ष चर्काएको छ, जस्तैः

> "यो अधर्मीहरूको बस्ती हो । यो आत्महीन जनावरहरूको बस्ती हो । यो न्यायका हत्याराहरूको बस्ती हो । यो दास र चाकरहरूको बस्ती हो । आओ, ए हिजडाहरू हो । आज म एकएक गरेर तिमेरूसित कुश्ती खेल्न तयार छु । सबैभन्दा पहिले त्यो प्रधानपञ्च भनाउँदो पाताकीसँग म भिड्न चाहन्छु । आ, ए पातकी ज्यानमारा (पृ. १११-११२) ।"

प्रस्तुत दृष्टान्तमा कृष्णचन्द्रले प्रधानपञ्चबाट भएको थिचोमिचोको विरोधमा आवाज उठाएको छ । अर्काका छोरीहरू बलात्कार गर्ने, उसको विरुद्धमा आवाज उठाए विभिन्न हतकण्डा अपनाएर पलायन गर्न बाध्य बनाउनेजस्ता प्रवृत्तिहरूको विरोध गर्ने कार्य कृष्णचन्द्रले गरेको छ । यसरी सर्वहारा वर्ग र प्रधानपञ्चबीच भएको वर्गीय अवस्थामा दुई वर्गबीच विभिन्न तरिकाबाट सङ्घर्षको अवस्था उपन्यासमा देखाइएको छ ।

उपन्यासको अर्की प्रमुख पात्र सुप्रियाले आफ्नो जीवनमा गरेको सङ्घर्ष यस उपन्यासको मुख्य मेरुदण्ड हो । गाउँमा हुर्केकी एउटी सरल केटी कसरी रेस्टुरेन्टको वेट्रेस बन्न बाध्य हुन्छे

? कसरी आफ्नो शरीरलाई अर्थोपार्जनको साधन बनाउन बाध्य हुन्छे ? कसरी यो समाजसँग सङ्घर्ष गर्न पुग्दछे र कसरी आफूसँग भएको अन्यायको विरुद्धमा बदलाका लागि माओवादीमा होमिन्छे भन्ने कुरा क्रमै रूपले उपन्यासमा आएको पाइन्छ ।

सुप्रिया महिला भएर, गरिब भएर, शक्तिहीन भएर पुँजीपति र शक्ति सम्पन्न व्यक्ति र समाजबाट प्रताडीत भई उनीहरूले गरेको ज्यादतिका विरुद्धमा सङ्घर्षमा उत्रिएकी पात्र हुन् । उनले गरेका अभिजात्य वर्गसँगको वर्गसङ्घर्षलाई यसरी देखाउन देखाइएको छ ।

> "तिमी माओवादीमा जान लागेकी ?"
>
> "हो अब त्यो मात्रै एउटा बाटो हो ।" मेरो जीवनको विनाश, मेरो परिवार र ममाथि भएको अपमानको बदला लिने बाटो त्यही मात्र हो ।"
>
> "म त्यसको सिद्धान्त पक्षतिर जान चाहन्न । खाली म आफ्ना शत्रुहरूसित बदला लिन चाहन्छु ।"उसले क्रुद्ध भएर भनी (पृ.२३५-२३६) ।

आफ्नो परिवारको दुर्दशा गरिदिने शक्तिशाली वर्गलाई उनीहरूले गरेको कुकार्यको बदलामा सुप्रिया सङ्घर्षमा होमिएकी कुरा माथिको दृष्टान्तमा आएको छ । गाउँमा छँदा बलरामले कुदृष्टि लगाउँदा बलरामलाई झापड लगाएको, दयनीय आर्थिक अवस्थाबाट गुज्रिँदा बाँच्नका निम्ति सङ्घर्ष गरेको प्रसङ्गले पनि सुप्रिया एक सङ्घर्षशील नारी हुन् भन्न सकिन्छ । उपन्यासमा शक्तिशाली वर्ग बनेर देखापरेका पात्र तथा व्यवस्थाका विरुद्ध सङ्घर्ष गर्ने अन्य पात्रहरूमा सुप्रियाको प्रेमी विपिन विद्रोही, (जसले वर्गसङ्घर्षको युद्धमा वीरगति प्राप्त गर्छ ।), रञ्जु, (जसलाई बोधराजले पहिलो भेटमै यौनका लागि प्रस्ताव गरेको छ  र उसले तँ मेरो खुट्टामा राख्न पनि सुहाउँदैनस् भनी त्यस्तो प्रवृत्तिको विरोध गर्दछे) र मुक्तिनारायण श्रेष्ठ ( जसले सुप्रियाको गाउँमा गएर प्रधानपञ्चको विरोध गरी प्रधानपञ्चले गाउँबाट निकालिसकेपछि काठमाडौँ छिरी कम्युनिस्ट आन्दोलनमा होमिएको छ ।) आदि पर्दछन् ।

शक्तिशाली, मालिक वर्गको विरोध गरेको आरोपमा एउटा परिवार सक्न सिङ्गो राज्य नै लागेको प्रसङ्ग *दुर्भिक्ष* उपन्यासमा आएको छ । उपन्यासमा प्रधानपञ्च, उसका वरपरका व्यक्तिहरू, प्रधानपञ्चको भतिजो बलराम उसले बनाएको सञ्जालजस्ता व्यक्ति तथा अवस्थाहरू, बोधराज, पञ्चायतका मतियारहरू, नेपाली सेना, राजकवि, राधाकृष्णआदि जस्ता पात्रहरू उपन्यासमा ठूला वर्ग अर्थात् मालिक वर्ग, शासक वर्ग, शोषक वर्ग, अभिजात्य वर्ग,

धनी वर्ग बनेर उपन्यासमा देखा परेका छन् भने मास्टर नन्दप्रसादको परिवार सुप्रिया, आलोक, सुप्रियाकी आमा, सुप्रियाको दाइ, सुप्रियाकी भाउजु, कृष्णचन्द्र, हरि, विपिन विद्रोही, मुक्तिनारायण श्रेष्ठ, समिरा आदि पात्रहरू तल्लो वर्गका पात्र अर्थात् श्रमिक वर्ग, गरिब वर्ग, शोषित वर्ग, शक्तिहीन वर्ग, गरिब वर्ग बनेर उपन्यासमा देखापरेका छन् । उपन्यासमा देखिएका ती वर्गहरूबीच भएको वर्गसङ्घर्षले उपन्यासलाई प्रगतिवादतर्फ उन्मुख गरेको छ ।

## ४.४ *प्रेतकल्प* उपन्यासमा वर्गसङ्घर्ष

साहित्य समाजको दर्पण हो । समाजमा भएका यथार्थ कुराहरूको प्रकटीकरण साहित्यमा हुने गर्दछ । देश परिस्थिति घटनाक्रम राजनैतिक उथलपुथल अनुसार साहित्यिक लेखन पनि परिवर्तित भई नै रहन्छ । समाजमा पीडित र पीडकका बीच हुने सङ्घर्ष नै वर्गसङ्घर्ष हो । वर्गसङ्घर्ष आज पनि हाम्रो समाजमा कायमै रहेको पाउन सकिन्छ ।

*प्रेतकल्प* (२०६५) मा चन्द्रशमशेरको शासनकालमा भएकाको कुकार्य र सुकार्यहरूको अवस्थालाई यथार्थ किसिमले प्रस्तुत गरेर लेखिएको उपन्यास हो । यस उपन्यासको कथानक १९७० को दशकमा नेपालमा भएका इतिहासका घटनाको वर्णनमा आधारित रहेको छ । बाबु रामकृष्ण शर्मा र आमा मन्दोदरीको छोरो बालकृष्णको सुधारवादी सोच र त्यही सोचका कारण भोल्नु परेका आरोह अवरोहका शृङ्खला अनि त्यसबाट प्राप्त सङ्घर्षको शाश्वत प्रस्तुति यस उपन्यासमा रहेको छ । तत्कालीन न्याय व्यवस्था र हुकुमी शासनको तलुवामुनि दबिएर छटपटाइरहेको मानवीय मूल्य र संवेदनाको यथार्थ प्रस्तुति यस उपन्यासमा रहेको छ ।

लगभग १९७० को दशकको परिवेशबाट उपन्यासको सुरुवात हुन्छ । आजभन्दा १०० वर्ष पुरानो नेपाली समाजको वास्तविक अवस्था उपन्यासबाट थाहा पाउन सकिन्छ । सहरको नजिक भए पनि विकासका पूर्वाधारको पहुँचबाट टाढा रहेको तत्कालीन काँठक्षेत्र गरिबीबाट ग्रस्त र शिक्षाको पहुँचबाट टाढा नै थियो । आफ्नो अधिकार सम्बन्धी ज्ञान जनतालाई नभएपछि शोषक, सामन्ती पुँजीपति र गाउँका ठूलाबडा भनाउँदाहरूले सोभा जनतालाई दमन, शोषण गर्ने गरेको अवस्था उपन्यासमा वर्णन गरिएको छ साथै शोषण दमनका विरुद्ध सङ्घर्ष गर्दै समतामूलक समाज निर्माण गर्नुपर्छ भन्ने विचार समेत उपन्यासमा यसरी आएको छ :

> “लौ पण्डित । बिना स्वीकृति पाठशाला नचलाउनु भन्ने आदेश छ रे ! ऐलेलाई बन्द गरम् । सर्खारको मनसायको कदर गरम् । स्वीकृतिका लागि म माराजमा बिन्ती चढाउँला ।”
>
> “बन्द गर्छन् भने एकपल्टलाई ठिकै छ रे नत्र पक्रेर खुर्मुर्याएर ल्याउनु भन्ने आदेश छ ।” दुई मध्येका एक सिपाहीले थप्यो । केटाकेटीहरू धुलौटो बोकेर घरतिर लागे । पाठशाला बन्द भयो । पछिसम्म स्वीकृति आएन (पृ. ६२) ।

माथिको उदाहरणमा पण्डित बालकृष्ण र राज्यसत्ताका विरुद्धमा भएको सङ्घर्षलाई देखाइएको छ । समाज परिवर्तनको संवाहकका रूपमा शिक्षालाई बुझेको बालकृष्णले गाउँमा आफ्नै अगुवाइमा विद्यालय सञ्चालन गरको तर राज्यसत्ता उसको विरुद्धमा लागि उक्त विद्यालय बन्द गरेको घटानबाट ऊ र राज्यसत्ताबीच बनेको वर्गसँगको लडाइँ गर्ने काम बालकृष्णले गरेको छ ।

समाजमा जरा गाडेर बसेको छुवाछुतप्रथाको विरुद्धमा सङ्घर्ष गर्ने कार्यसमेत उपन्यासमा आचार्य बालकृष्णले गरेको छ । नयाँ परिवर्तन ल्याउनुपर्छ भन्ने धारणा पण्डित बालकृष्णको रहेको छ । उसले बालविवाह जातीय छुवाछुत र राजकीय शासनका विरुद्ध आवाज उठाउने काम यसरी गरेको छ :

> पिताश्री यसरी त्रसित भएको देखेपछि बालकृष्ण उत्तेजित भयो । उसले भन्यो “आमा पुरानो विचारकी हुनु स्वाभाविक हो तर तपाइँ ज्योतिषशास्त्र पढेको, काशी बुझेको र संसारमा भइरहेको परिवर्तन पनि सुनेको मानिस यस्तो हुनु अनौठो हो । यो पुस्तक सामाजिक सुधारको पक्षमा छ । अन्धविश्वास र रूढीग्रस्त चिन्तनको विरोधमा छ । समाजमा बालविवाह रोक्ने, विधवा विवाह गराउने र छुवाछुत हटाउने कुराले कसलाई नोक्सान पुग्छ ?” पण्डित युवा जोश निकालेर कड्कियो (पृ. ४५) ।

माथिको उदाहरणमा परम्परागत मान्यातप्रति विरोधको स्वर झिक्दै परम्परागत आदर्शविरुद्ध सङ्घर्ष गर्ने काम बालकृष्णले गरेको छ । विष्णुभक्त पण्डितको जिम्वाली रवाफ, उसको छोरो रामभक्तको अवसरवादी प्रवृत्ति, स्वामी दयानन्दको सुधारवादी सोचको प्रचारप्रसार,

चन्द्रशमशेरको चमकी शासन, बबरेको बर्बरता, शाम्बे सार्की जस्ता मिजारको एक छाक टार्ने समस्या दमयन्ती र उसकी पूर्वसासु सुभद्राको रामकहानीजस्ता कुराहरू देखाएर उपन्यासमा निर्माण भएका दुई वर्गहरूबीच भएको सङ्घर्षलाई देखाउने कार्य उपन्यासकारले गरेका छन् । तत्कालीन शासन व्यवस्थामा झेल्नुपरेका अन्यायका पराकाष्टहरू र निम्न वर्ग र उच्चवर्गबीचको वर्गसङ्घर्ष यस उपन्यासमा प्रस्तुत भएका छन् :

> "यो त सरासर ठगी नै भयो ठूल्बा । मोज गर्ने राणाजीहरू त्यसको खर्च बेहोर्ने दुःखपुरका जनता ? पण्डित बालकृष्णले प्रश्न उठायो । यो विषय उठाउँदा पण्डित बालकृष्णको मनमा केही भय पैदा नभएको होइन तर उसले भयलाई आफूले आर्जन गरेको न्यायबोध र ज्ञानले जित्यो (पृ. १३६) ।"

माथिको उदाहरणमा राजपरिवारका सदस्यको भोजमा लागेको खर्च सर्वहारा वर्गका मानिसलाई तिराउने भन्ने घटना बालकृष्णले सुनेपछि उसको मनमा विद्रोहको सञ्चार भएको छ र राज्यसत्ताका विरुद्धमा बोल्ने हिम्मत बालकृष्णले गरको छ । यसरी राज्यसत्ताका विरुद्धमा बोल्दा आफूले सर्वस्व गुमाउनु पर्नसक्ने जान्दाजान्दै पनि राज्यसत्ताका विरुद्ध विद्राह गर्ने काम पण्डित बालकृष्णले गरेको छ । उपन्यासकारले दुःखपुर भनेर काठमाडौँ उपत्यका र लाक्षणिक रूपमा सम्पूर्ण नेपाललाई बुझाउन खोजेका छन् । दुःखपुर नेपाल हो र त्यहाँका दुःखी बासिन्दा दुःखपुरबासी हुन् । यस उपन्यासमा चन्द्र शमशेर, विष्णुभक्त, उसको छोरो रामभक्त र बबर शमशेर जस्ता उच्च कुलघरान भएका पात्रहरू, शुभद्रा, दमयन्ती, बालकृष्ण शङ्खधर, रामजी भारद्वाज जस्ता मध्यमवर्गीय ग्रामीण पात्रहरू र शाम्बे सार्की, काले, चनमति बहादुरे, सन्ते धनवीरे आदि पात्रहरू निम्न वर्गीय पात्रका रूपमा उपन्यासमा उपस्थित भएका छन् । गरिब, निमुखा भएकै कारणले हेपिनुपर्ने, जस्तोसुकै अवस्था पनि सहनुपर्ने, बिना कसुर सजाय भोग्नुपर्ने जस्ता विभिन्न अवस्थाको चित्रण उपन्यासमा भएको छ ।

मध्यमवर्गीय पात्रहरूमा सुधार आवश्यक छ भन्ने चेतना आइसकेको छ भने निम्नवर्गीय पात्रहरूमा त्यो चेतना आउन सकेको छैन । मध्यमवर्गीय पात्रहरूले उच्चवर्गीय पात्रहरूद्वारा गरिएको अन्याय र अत्याचारका विरुद्धमा आवाज उठाउने कार्य उपन्यासमा भएको छ । गरिब

निमुखा भएकै कारणले हेपिनुपर्ने जस्तोसुकै अवस्थामा पनि सहनुपर्ने, बिना कसुर सजाय भोग्नुपर्नेजस्ता अवस्थाको चित्रण उपन्यासले गरेको छ, जस्तै :

> "पैसा दिन नसक्नेले दुई दिन बराबरको भारा दिनुपर्छ । सरकारलाई परेको बखत बोलावट हुन्छ । सार्की, दमाई, कामी र तल्लो जातसँग एक रूपियाँ बराबर असुल्नु भन्ने हुकुम छ (पृ. १३७) ।"

माथिको उदाहरणमा राज्यले आफ्ना जनतालई गरको दमनको अवस्थालाई देखाइएको छ । मानवलाई मानव सरह व्यवहार नगरिदिँदा त्यस कुराले समाजलाई नराम्रो अवस्थामा पुऱ्याउन सक्ने सङ्केत उपन्यासमा फेला पार्न सकिन्छ । धनी सधैँ धनी र गरिब कहिले पनि आफ्नो स्तरबाट माथि उठ्न नसक्ने कुरा पनि उपन्यासमा पाउन सकिन्छ । सोझा साझा जनतालाई नोकरझैँ काममा लगाउने, उनीहरूले शिक्षादीक्षा पाएको खण्डमा आफ्नो शासनसत्ता नै अप्ठ्यारोमा पर्ने, जनतालाई जसरी भए पनि मारमा नै पार्ने, ठूला बडाले गरेको मोजमस्तीको रकम असुल पनि गरिबहरूबाट गर्ने, पैसा तिर्न नसक्ने मानिसले गएर पैसा बराबरको ज्याला मजदुरी गर्नुपर्ने अवस्था उपन्यासमा चित्रित छ । ढकालको उपन्यास *प्रेतकल्प*मा हुने र नहुने सक्ने र नसक्ने शक्ति सम्पन्न र शक्तिहीन हुने सङ्घर्षको कथालाई देखाइएको छ ।

धनी गरिब उँचो जात निच जात हुने खाने र हुँदा खाने ठूलाठालु र कमजोर शक्तिहरूको असमानताको खाडलको स्थिति यस उपन्यासमा रहेको छ । त्यो बेलाका जनताहरू गरिब भएकै कारणले गर्दा उनीहरूले जस्तोसुकै अन्याय र अत्याचार सहेर बस्नुपरेको स्थिति बालकृष्णले देखेपछि बालकृष्णको मनमा राज्य सत्ताप्रति विद्रोहको भाव पैदा भएको छ । पैसा र शक्तिको घमण्ड, श्री ३ को आसेपासे भएकै आधारमा भएको व्यक्ति व्यक्तिबीचको विभेदले वर्गसङ्घर्ष हुने अवस्था उपन्यासमा आएको छ ।

सामाजिक रूपमा खाडल देखेका पण्डित बालकृष्णले अन्याय र अत्याचारका विरुद्धमा विद्रोहको स्वर निकाल्दछ । ऊ बालविवाहको विपक्षमा र स्त्री शिक्षा, विधवा विवाह, वेश्याको उद्धार गर्ने विषयमा वेद विपक्षमा नभएको तर्क गर्छ । आजभन्दा करिब १०० वर्ष अगाडिको त्यो समाजमा दलित बर्जित हुने समयमा पनि उसले हनुमाने (अश्विनी)लाई पुराण सुन्ने

व्यवस्था गर्न लगाउनु, उसलाई वेद पढ्न सिकाउनु, उसको व्रतबन्ध गरिदिनु जस्ता कार्यले पनि त्यतिबेलाको कट्टर धर्म मान्ने समाजसँग बालकृष्णको सङ्घर्ष नै देखिन्छ । तत्कालीन ऐन र धर्मले पनि छुवाछुत र जातीय विभेदलाई सुरक्षा गरेको थियो । दलितलाई उच्चजातले छोएमा छोइछिटो हाल्नुपर्ने कुरा ऐनमा किटान गरिएको थियो । पानी नचल्ने जातसँग बाहुन क्षेत्रीले सँगै बस्न हुन्न भन्ने नियम थियो तर त्यस्तो अवस्थामा पनि पण्डित बालकृष्णले पुराण भनेको समयमा अश्विनीलाई कथा सुन्ने व्यवस्था गरेको थियो । अश्विनीको कुरालाई लिएर पण्डित बालकृष्णले ठूलो निर्णय नै लिएका थिए । जुन निर्णय तत्कालीन समाजको लागि अपाच्य नै थियो । जसलाई पण्डित बालकृणले गरेको तत्कालीन समाजसँग गरिएको सङ्घर्ष हो भन्न सकिन्छ । छुवाछुतप्रथाका विरुद्धमा बालकृष्णले गरेको सङ्घर्षलाई निम्नानसार देखाइएको छ :

> पण्डित बर्बराउँदै नेपेटारमा पुग्यो र आफ्नो कुरा दोहोऱ्यायो । "तपाइँहरूले मेरो कुरा राम्ररी बुझ्नुपऱ्यो ऋग्वेदमा कतै पनि छुवाछुतको कुरा छैन । मानिस मानिस बीच श्रेणी विभाजन छैन । त्यहाँ बाहुन र सार्की अलग जाति हुन् भन्ने व्यवस्था छैन । जन्मले कोही पनि बाहुन र सार्की हुँदैन ब्रह्मज्ञान जसले जान्दछ त्यही बाहुन हुन्छ । हामी जानाजान वेद निन्दक भएका छौँ । मैले अश्विनीलाई मेरो ज्ञानकुञ्जमा ल्याएकोमा सबै विरोध गर्छन् तपाईहरू भन्नुहोस् के मैले बेठिक गरेँ ?"
> "खोई पण्डितज्यू हामी के नै भन्न सक्चम र ? तपैं लाई साह्रै अप्ठेरो पर्या भे त्यो मिजारको छाउरो मुलाई दिनोस् । म पाल्छु तपैंको टन्टै साफ ।" हिन्दुस्थाथानेले भन्यो । "अहँ म यसरी आत्मसमर्पण गर्दिन, बरु आफ्नो सर्वनाश होस् म हनुमानेलाई अश्विनी बनाएरै छाड्छु । यो मेरो सपना हो ।" ऊ गर्जियो । सार्कीहरू चुप लागे (पृ. ११६) ।

उपन्यासका प्रमुख पात्र बालकृष्णले परम्परागत आदर्शसँग नै सङ्घर्ष गर्ने कार्य गरेको छ । हनुमानेलाई अश्विनी बनाउन वेद पढाएको बालकृष्णले समाजका दलित समुदायबाट पनि सहयोग पाएका छैनन् । समाजबाट छुवाछुत प्रथा जरैदेखि उन्मुलन हुनुपर्छ भन्ने मान्यतासहित सम्भ्रान्तवादी समुदाय र दलित समुदायसँग नै सङ्घर्ष गरेको प्रसङ्ग माथिको दृष्टान्तमा आएको छ । कुनै पनि हालतमा अन्याय सहन नसक्ने, आत्मसमर्पण नगर्ने, बरु आफ्नो सर्वनाश

सहने तर सम्झौता नगर्ने बालकृष्णको अभिव्यक्तिले ऊ वर्तमान व्यवस्थासँग कति विद्रोही रहेछ भन्ने कुरा पुष्टि हुन्छ ।

सोझासाझा जनतालाई हेप्ने श्री ३ हरूको राजनीतिक आडमा गाउँमा मनपरी गर्ने, श्री ३ हरूको मोजमस्तीको खर्च पनि सर्वसाधारणले बेहोर्नुपर्ने कुरा बालकृष्णले सहन गर्न सकेको छैन र त्यस्ता कदम विरुद्ध आवाज उठाउने कार्य बालकृष्णले गरेको छ । यसरी सत्ताको विरोधमा आवाज उठाएको बालकृष्ण राज्यद्वारा समातिएको र दण्डको भागिदार भएको प्रसङ्ग उपन्यासमा आएको छ । बालकृष्ण, अश्विनीजस्ता शक्तिहीन वर्गको राज्यसँगको सङ्घर्ष उपन्यासमा यसरी आएको छ । उपन्यासमा आएको बालकृष्ण, अश्विनी नामक पात्र र राज्य व्यवस्थासँगको वर्गीय लडाइँलाई उपन्यासमा यसरी देखाइएको छ ।

> ... टहरो भित्र लगेपछि सिपाहीको हाकिमले पण्डितलाई फेरि लात्तीले हान्यो यसपटक उसको प्रहार अगाडिबाट भएकाले त्यो चोट पण्डितको पेटमा बज्रिन पुग्यो पण्डित रन्थनिएर थुचुक्क बस्यो (पृ. २६२) ।

माथिको दृष्टान्तमा राज्यसत्ताको सिपाहीले बालकृष्णलाई दिएको चरम यातनाको चर्चा छ । वर्गसङ्घर्ष गर्नेहरूलाई यातना दिएर तत्कालीन व्यवस्थाले कसरी तर्साउँथ्यो । सजाय दिन्थ्यो र ज्यानैसम्म लिन्थ्यो भन्ने विषय प्रस्तुत हरफमा आएको छ । व्यवस्था विरोधीहरूले गरेको वर्गसङ्घर्षको उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

> "यो चमारे त याँ पो रेछ ।" त्यसपछि उसले चितुवाझैँ उफ्रेर गएर अश्विनीमाथि लात्ती प्रहार गऱ्यो । अश्विनी ढुनमुनिँदै आँगनमा पछारियो । उसको नाक भुइँमा ठोक्कियो र नाथ्री फुटेर रगतको भेल बग्न थाल्यो ।
>
> "लौ खा ! गाईको सास । चमार भेर आर्जेसमजी राजनीति गर्ने ?" उसले फेरि अर्को लात्ती बजार्यो, लडेकै बेला (पृ. २६७) ।

दलित समुदायको अश्विनीमाथि लात्ती प्रहार यसरी अपशब्द प्रयोग गरिएको छ । यो कुराले जातीय विभेद भएको समाजमा वर्गसङ्घर्ष कसरी भएको थियो भन्ने ऐतिहासिक तथ्यलाई स्पष्ट पार्दछ । राजनीति गर्ने इतर पक्षलाई व्यवस्था विरोधीका रूपमा चित्रित गर्दै गालीगलौजसहित लात्ती बजारेको उदाहरणले पञ्चायत व्यवस्थाको क्रुरता देखाएको छ ।

> ...अश्विनी चट्याङ झैँ गर्जियो । उसको आवाज यति धारिलो र चोटिलो थियो, नजिकैका भित्ताहरूसमेत थर्किएझैँ भयो । उसले भन्यो, "वेद पढ्ने अधिकार सबै मानिसलाई बराबर छ । यथेमां वाचं कल्याणीमावदानी जनेभ्यः ।" उसले यसरी कड्किएर जवाफ दिएपछि खिलनरसिंह छक्क पऱ्यो (पृ. २८९) ।

हनुमानेबाट वेद पढेर अश्विनीमा रूपान्तरण भएको दलितको सन्तान अश्विनीले राज्यसत्तको क्रुर यतनाविरुद्ध गरेको सङ्घर्षलाई देखाइएको छ । राज्यसत्ता र बालकृष्णसँगको सङ्घर्षले बालकृष्णले निर्वासन भोग्नुपरेको छ । वेद पढेको आरोपमा अश्विनीले निर्मम यातना सहन गर्नुपरेको छ । वेद पढ्ने अधिकार सबै मानिसलाई भएको कुरा गर्दै सिपाहीसँग सङ्घर्ष गरेको प्रसङ्ग उपन्यासमा आएको छ । उपन्यासमा शक्तिशाली वर्ग र शक्तिहीन वर्गबीचको वर्गसङ्घर्षमा शक्तिहीन वर्गको हार भएको देखाइएको छ ।

उपन्यासको प्रमुख पात्रको रूपमा आएको बालकृष्ण एक प्रगतिवादी, समाज सुधारक व्यक्तिका रूपमा उपन्यासमा उपस्थित भएको छ । बालकृष्णलाई बारम्बार बोलाउँदा पनि दरबार नजानु, सार्कीको छोरो हनुमानेलाई वेद पढाई अश्विनी बनाउनु, राणा खानदानका पद्मशमशेर, बबर शमशेर, मोहन शमशेर गाउँमा पानी हाँसको शिकार गर्न जाँदाको खर्च गाउँलेले उठाउनुपर्ने भन्ने उर्दीमा बालकृष्णले विरोध जनाउनु, कसैलाई पनि उक्त पैसा नतिर्न भन्नु, बालकृष्णले विधवा विवाहको समर्थन र बालविवाहको विरोध गर्नु, बालकृष्णले विधवा दमयन्तीसँग विवाह गर्नु, अश्विनीको वैदिक परम्परा अनुसार व्रतबन्ध गराउनु, सरकारले जनताप्रति उत्तरदायी नभएको भन्दै चन्द्रशमशेरको खुलेर विरोध गर्नुजस्ता कार्यहरू बालकृष्णले गरेको अभिजात्य वर्गसँगको सङ्घर्षहरू हुन् । सरकार, शङ्खधर, सरकारका सिपाहीहरू, रूढीग्रस्त समाज आदिसँग बालकृष्णको जीवनभर नै सङ्घर्ष भइरहन्छ । बालकृष्णले चाहेको भए जीवनभरि नै धनसम्पत्ति प्राप्त गर्ने गरी नामी पण्डित भएर उसको जीवन निर्वाह गर्न सक्थ्यो तर नेपाली समाजलाई दूषितरहित बनाउनका निम्ति छुवाछुतको विरोध गर्नु, शिक्षामा समान अधिकार स्थापित गर्नुपर्ने, विधवा विवाहलाई मान्यता दिनुपर्ने, जनताले स्वतन्त्र भएर बाँच्न पाउनुपर्ने माग राख्दै राज्यसँग एकल रूपमा युद्ध गर्दै परिवारसहित निर्वासित जीवन भोग्न बाध्य भएको बालकृष्ण नामक चरित्रले मालिक वर्गसँगको सङ्घर्षबाट उपन्यासलाई प्रगतिवादी मार्गमा डोऱ्याउने कार्य गरको छ।

## ४.५ *वृषभ वध* उपन्यासमा वर्गसङ्घर्ष

*वृषभ वध* उपन्यासको विषयवस्तु राजा महेन्द्रले सुरु गरेको पञ्चायती व्यवस्थाबाट सुरु हुन्छ । आजभन्दा पचास/पचपन्न वर्षअघिको नेपाली समाजको वास्तविक अवस्था उपन्यास पढ्दै गर्दा छर्लङ्ग थाहा पाउन सकिन्छ । सहरको नजिक भएर पनि विकासका पूर्वाधारहरूको पहुँचबाट टाढा रहेको तत्कालीन काँठक्षेत्र गरिबीबाट ग्रस्त नै थियो । गुइँठा बालेर गुजारा गर्नुपर्ने, खाली खुट्टा हिड्नुपर्ने, आवास, खानेपानीको उपयुक्त व्यवस्था नभएको, याातायात तथा सञ्चारको पूर्णतः अभाव रहेको अवस्थामा बस्न बाध्य काँठबासी जनताको दयनीय अवस्थाको चित्रण उपन्यासमा भएको छ । उपन्यासमा लेखकले काँठबासी नागरिक मात्र नभई सारा नेपालीहरूको अवस्थालाई समेत देखाउने प्रयास गरेका छन् । जनता शिक्षा, आवास, स्वास्थ्य तथा खानाजस्ता अनिवार्य आवश्यकताबाट समेत वञ्चित थिए । यस्तो अवस्थामा राज्यले वा राज्यका मतियारहरूले जे भन्यो त्यही मान्नुपर्ने बाध्यता सर्वसाधारण जनताको रहेको थियो ।

आफ्नो अधिकारसम्बन्धी ज्ञान जनतालाई नभएपछि शोषक, सामन्ति, पुँजीपति र राजनीतिकर्मीहरूले सोझा जनतालाई दमन, शोषण गर्ने गरेको अवस्था उपन्यासमा चित्रित छ । धनी र गरिबका आधारमा, नातावाद र कृपावादका आधारमा विभेद हुनेगरेका कुराहरू उपन्यासमा उल्लेख गरिएको छ । गरिब भएकै कारणले बिनाकसुर निर्दोषले सजाय भोग्नुपर्ने, पुँजीपतिको दास बन्नुपर्ने, हेपिनुपर्ने, जातका आधारमा अपहेलित हुनुपर्ने अवस्थाहरू उपन्यासमा आएका छन् । यसरी मानवलाई मानवसरह व्यवहार नगरिदिँदा युद्ध वा क्रान्तिको अवस्था आउन सक्ने सङ्केत यस उपन्यासमा फेला पार्न सकिन्छ ।

धनी सधैँ धनी र गरिब सधैँ गरिब नै भई दयनीय हुनुपर्ने अवस्था उपन्यासमा रहेको छ । प्रधानपञ्च हरिभक्त, परमेश्वर, श्रीधर पुडासैनी, शशिधर, चन्द्रधर आदि पात्रहरू सम्भ्रान्त पात्रका रूपमा उपन्यासमा आएका छन् । जनतालााई नोकरझैँ कज्याउने, आफू भने राजाझैँ ठाँटबाँटमा बस्ने, सोझा जनतालाई ऋण दिई साँवाभन्दा व्याज धेरै बनाई सोझा जनताका घरखेत आफ्नो बनाउने, सत्ताका निम्ति जतिसुकै गिर्नसमेत तयार हुने, आफ्नो फाइदाका लागि फुटाउने र जोड्ने सामर्थ्य भएका भएका मानिसहरूको चर्चा उपन्यासमा भएको छ । हुने र

नहुने, सक्ने र नसक्ने, शक्तिसम्पन्न र शक्तिहीनबीचमा वर्गविभेदको अवस्था उपन्याासमा रहेको छ । शक्तिसम्पन्नको ज्यादतिका विरुद्धमा विरोधको स्वर निस्किएको प्रसङ्ग उपन्यासमा आएको छ । शोषित र शाषित वर्गबीचको सङ्घर्षले उपन्यासलाई मार्क्सवादी उपन्यास बनाउन उपन्यासकार ढकाल सफल देखिन्छन् । हुनेले नहुनेलाई हेप्ने, सक्नेले नसक्नेमाथि दमन गर्ने, शक्तिसम्पन्नले शक्तिहीनमाथि निरङ्कुशता लाद्न खोज्ने जस्ता कार्यले उपन्यासमा आम नेपाली जनताको उकुसमुकुस बढेको देखिन्छ र वर्गसङ्घर्षको सङ्केत उपन्यासमा देखा पर्दछ । उपन्यासमा देखा परेका साामाजिक, साँस्कृतिक र आर्थिक विभेदहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

धनी गरिबबीचको असमानताको खाडलको स्थिति उपन्यासमा रहेको छ । गरिब भएकै कारण उनीहरूले दुःख पाउनुपर्ने अवस्था उपन्यासमा छ । यसरी पुँजीका आाधारमा भएको व्यक्ति व्यक्तिबीचको विभेदले वर्गसङ्घर्षको सम्भावनाको सङ्केत समेत उपन्यासमा देखा परेको छ । धनसम्पत्ति कम भएकै कारण रामप्रसादकी आमा दिलमाया अपहेलित भई बाँच्नुपर्ने अवस्थाको चित्रण उपन्यासमा भएको छ । दिलमायालाई गाउँलेहरूले मेलापात, ऐँचो, पैँचोसमेत बन्द गरेर अछुत सरह व्यवहार गरेको अवस्था उपन्यासमा यसरी देखाइएको छ :

> समाजले दिलमायालाई छुत र अछुतको डिलमा राखेको थियो । उनको बाहुन समूदायसँग सम्बन्धबिच्छेद भएको थियो, पर्मपात रोकिएको थायो । दूध, दही, मही, सागपात, तरकारी र फलफूलको निःशूल्क आदानप्रदान बन्द भएको थियो । सबै घरमा सलाई हुन्नथ्यो, तसर्थ छिमेकीमा आगो लिन जाने परिपाटी थियो । त्यो पनि बन्द भएको थियो । यी सबै बन्दहरूको बोक्नै नसक्ने पीडाले दिलमाया थिचिएकी थिइन् (पृ. ३७-३८) ।

यसरी गरिब भएकै कारण दिलमायाले समाजबाट हेपिनुपर्ने बाध्यता उपन्यासमा देखिएको छ । यस्तो विभेद नजिकबाट देखेको रामप्रसादमा समाजप्रति शत्रुताको भावना देखा पर्दछ भने यसको प्रभाव उसको नाति देवेन्द्रमा समेत देखा पर्दछ । धनी र गरिबबीचको खाडलका रूपमा प्रधानपञ्च हरिभक्त र जनताबीचको सम्बन्धलाई समेत लिन सकिन्छ । आफू धन र शक्तिले सम्पन्न भएकै कारण हरिभक्तले सोझा जनतामाथि दमन गरेको छ । आफू

महाराजझैँ ठाँटबाँटका साथमा आउने र सोझा जनतालाई हप्काउँदै निःशुल्क रूपमा काम लगाउने अनि त्यसको श्रेय भने आफू लिने सामन्तवादी व्यवहार हरिभक्तले यसरी देखाएको छ : "हरिभक्त खड्का सधैँ ठाँटिएर आउँथे र सोझा जनतालाई काम गराउन हुकुम चलाउँथे (पृ. ६) ।"

यसरी हुकुम चलाउने र दमन गर्ने कार्यशैली त छँदै छ; त्यतिमात्र नभएर जनता धेरै कुरामा पुँजीपति र शक्तिसम्पन्नहरूबाट प्रताडित रहेको कुरा उपन्यासमा उल्लेख भएको छ । पुँजीपतिले भूमिहीनहरूलाई झुक्याउने, छल्ने र षड्यन्त्र गर्ने अवस्थासमेत उपन्यासमा देखिएको छ । तलसिनको खेत कमाइरहेका मोहीहरूलाई जसको जोत उसकै पोत अन्तर्गत जग्गा दिने क्रममा धेरै घोल, गफला गरी सोझा जनता झुक्याएको प्रसङ्गहरू उपन्यासमा आएका छन् :

> मेरो गाउँमा मैले जे चाह्यो त्यही हुन्छ भन्ने त भूमिसुधारको कुराबाट बुझ्न सक्छौं । जोगवीर मसँग मिल्यो । उसको जमिन हदबन्दीमा पनि परेन । धेरै मोहीहरूले मोहियानी हकसमेत लेखाएनन् । मसित द्रोह गर्नेहरूको कुरा बेग्लै ।
> हो त, जोगवीरको जग्गा नाप्ने समयमा काकाले कति मोहीलाई तमाखु किन्न असन पठाउनुभयो, अनि कतिलाई पैसा दिएर भुलैयाको भट्टीमा जाँड खान पठाउनुभयो । आखिर वर्ग समन्वय भनेको पनि त यही हो नि । परमेश्वर स्वादले हाँस्यो (पृ. २५४) ।

यसरी जनताले पाउनुपर्ने मोहियानी हक पाउनबाट वञ्चित गराउने सामन्तवादी पुँजीपतिका रूपमा हरिभक्त उपन्यासमा देखा पेरको छ । सोझा जनतालाई हेप्ने, षड्यन्त्रकारी, राजनैतिक आडमा शक्तिको दुरूपयोग गर्ने, सामन्ती बुर्जुवा परिपाटी र वर्गविभेदको अवस्था उपन्यासमा देखा परेको छ । नेपालमा भइरहेको यस्तो निरङ्कुशवादी परिपाटी हटाउन र वर्गविभेदको विरुद्धमा सङ्घर्षका निम्ति देश र देशबाहिरबाट कम्युनिष्ट आन्दोलन भइरहेको चर्चा पनि उपन्यासमा गरिएको छ । यसरी वर्गका आधारमा मानिस मानिसबीच भइरहेको विविध असमान अवस्थाहरूलाई उपन्यासमा देखाइएको छ । गरिबलाई मार्ने, शोषकले जनतालाई आफूखुशी प्रयोग गर्ने, आफ्नो प्रतिकूल भए गरिबको जिन्दगी तहसनहस पारिदिने, आफूले गरेका काला कर्तुतहरू सम्पत्तिको आडमा लुकाएर सोझा जनतालाई सजायको

भागिदार बनाउने तत्कालीन समाजको यथार्थ चित्रण उपन्यासमा उल्लेख गरिएको छ । यस्ता घटनाले जनताको मानसपटलमा क्रान्तिको विजारोपण भएको छ र युद्धको सङ्केतबाट उपन्यासको अन्त्य भएको छ । उपन्यासमा जातका आधारमा गरिने विभेदको पनि चर्चा गरिएको छ । हेपिएर बस्नुपरेका अछुतहरूको बाध्यतासमेत उपन्यासमा प्रस्तुत भएको छ ।

समाजका ठूला जात अर्थात् धनीवर्गले पशुसरह व्यवहार गर्दा पनि टुलुटुलु हेरेर बस्नुपर्ने पीडित जनताको वास्तविक अवस्थाको चित्रण उपन्यासमा भएको छ । उनीहरूलाई चमारे, दमाईं, कामी, पोडे, च्यामे आदि शब्दले सम्बोधन गर्ने गरिएको छ र तिनीहरूलाई मानवसरह व्यवहार नै गरिएको छैन । गिद्धको आहरा, डुम भनी गरिएको सम्बोधनसमेत सहन उनीहरू बाध्य रहेका छन् । यस्ता असमानताहरूले उनीहरूका मनभित्र विद्रोहको ज्वाला बली विद्रोहको उद्घोष उपन्यासमा फेला पार्न सकिन्छ :

> दोस्रो लहरमा रामप्रससँगै पुरोहित लक्ष्मीनन्दन उपाध्याय, भूतपूर्व जिम्वाल श्रीधर पुडासैनी, नेवार समुदायको भद्रभलाद्मी बिकुलाल श्रेष्ठ, इतिहासकार वल्लभमणि ढकाल र शिक्षक देवदत्त खनाल थिए । सार्की समुदायको काले सार्कीचाहिँ मञ्चको मुन्तिर घाँस मरेको भुइँमा पलेटी मारेर बसेका थिए (पृ. १४) ।

सर्वहारा र दलित वर्गलाई मानिससरह व्यवहार नगर्ने तत्कालीन समाजको कालो चित्र उपन्यासमा उपन्याकारले उतारेका छन् । अरू सबै मञ्चको कुर्सीमा अडेस लागेर बसेको अवस्थामा काले सार्की भुइँमा बस्न बाध्य छ । यसरी एउटा दलितको छोरालाई भुइँमा बस्न बाध्य पर्ने र असमान व्यवहारमा वर्गभेद र जातीय विभेद प्रकट भएको छ । वर्गसङ्घर्षका लागि परिस्थिति निर्माण भएको छ ।

> साँढे अथवा गाई जिउँदो रहन्जेल मात्र भगवान् हुन् । मरेपछि सिनोमा परिवर्तन भइसकेकाले खाल्डो खनेर गाडे पनि हुन्छ र सिनो खाने जातलाई दिए पनि हुन्छ ( पृ. २४३) ।

माथिको उदाहरणमा मानव मानवबीचमै भिन्नता कायम भएको छ । मरिसकेको लास खाने जात भनेर दलित वर्गलाई हेप्ने गरेको यथार्थ पनि उपन्यासमा आएको छ । जातकै कारणले हेपिनुपर्ने, पशुसरहको व्यवहार भोग्नुपर्ने तत्कालीन समाजले जातको आधारमा पनि

वर्ग छुट्याएर त्यस्ता वर्गमाथि विभेद गर्ने कार्य गरेको छ । यसरी जातका आधारमा सानो, ठूलो भनी छुट्याउने कार्यले समाजमा मानवता र आफ्नो अस्तित्वको बोध नहुँदा दलित समूदायका मानिसहरू विद्रोही बन्न सक्ने सम्भावनालाई उपन्यासकारले उपन्यासमा देखाएका छन् । *वृषभ वध* उपन्यासमा धन सम्पत्तिका आधारमा, जातजातिका आधारमा, लिङ्गका आधारमा र शक्तिका आधारमा भएका वर्गगत विभेदहरूलाई देखाइएको छ । र त्यही वर्गले सर्वशक्तिमान् वर्गका विरुद्ध भौतिक र साङ्केतिक वर्गयुद्ध गरेको प्रसङ्ग उपन्यासमा उद्धृत छ ।

कोही दिनभरि मिहिनेत गरेपनि बेलुकाको छाक टार्न धौ धौ पर्ने कोही भने खुट्टा हल्लाएकै भरमा अरूलाई दास बनाएर आफू रजाइँ गर्ने परिपाटीको चित्रण उपन्यासका पात्रहरूद्वारा उपन्यासकारले गरेका छन् । २०२०को हाराहारीमा महिला शिक्षा र महिला सशक्तीकरणको मुद्दा विश्वमा नै उठी नसकेको बेलामा पनि आफ्नो परिवार र समाजसँग सङ्घर्ष गरी आफ्नो अस्तित्व रक्षाका निम्ति कमरेड अञ्जुले उठाएको कदम पनि क्रान्तिकारी नै छ तर आफ्नो पतिले रक्सी खाएर मरणासन्न हुनेगरी करङ नै भाँचिने गरी कुट्दा पनि भऱ्याङबाट लडेको भनी ढाँट्नुपर्ने हरिभक्तकी श्रीमतीको अवस्था हेर्ने हो भने त्यो बेलाको पुरुष वर्गले नारीहरूलाई कति विभेद गरेका रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ ।

हरिभक्त, श्रीधर, परमेश्वर र शशिधरजस्ता पात्रहरू उपन्यासमा सम्भ्रान्त र अभिजात्य वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा उभिएका छन् भने नरेन्द्र, गायत्री, मोहनसिं कठायत, हरितीर्थ गाउँका अन्य जनताहरू ती सम्भ्रान्त वर्गले खेलाउने चेसका गोट्टीझैँ यताउति जानुपर्ने बाध्यतामा छन् । त्यस्ता पात्रहरूले आफ्ना लागि भन्दा पनि ठूलाबडाका लागि आफ्नो जिन्दगी समर्पण गर्नुपरेको अवस्था उपन्यासमा चित्रित छ । जब जनतालाई त्यसरी थिचोमिचोमा राखिन्छ तब सङ्घर्ष र क्रान्तिको आगो सल्कन पुग्दछ । यस्ता तानाशाहीबाट जनताको हक खोस्नका निम्ति लवप्रसादले अराष्ट्रिय तत्त्वमा लाग्ने निर्णय गर्दछ । देवेन्द्र माचकाजी महर्जन, दुर्गाप्रसाद, सूर्यवीर बस्नेत आदि मानिसहरू राज्यविरुद्धको सङ्घर्षका लागि हतियार लिएर फरार हुन्छन् ।

*वृषभ वध* उपन्यासमा आएका घटनाक्रमहरूले आगामी भविष्य क्रान्तितिर लम्किरहेको भान पाठकलाई हुन्छ । जनतालाई डर देखाउने, धम्की दिने, सत्य बोल्दा पनि दण्डित हुनुपर्ने,

बाबुबाजेले गरेको कार्यको सजाय उसका छोरा नातिले भोग्नुपर्ने, शक्तिका लागि मानिसहरू जुनसुकै हदसम्म जानसक्ने आदि घटनाले उपन्यासमा वर्गका नाममा हुनेगरेका विभेदका विरुद्ध सङ्घर्ष हुनसक्ने सङ्केत प्राप्त गर्न सकिन्छ । अरूले नै बोकाएको भुँडी भए पनि झुक्याएर गरिब केटोसँग आफ्नो नातिनीको विवाह गरिदिने श्रीधर पुडासैनी, आफ्नो व्यक्तिगत रिसिबीका कारण अबोध, निर्दोष बालक देवेन्द्रलाई राजनीतिक मुद्दामा घचेड्ने प्रधानपञ्च हरिभक्त खड्का, सोह्र वर्ष पनि नपुगेको देवेन्द्रलाई नियमविपरीत राजनीतिक मुद्दा लगाएर मरणासन्न हुनेगरी कुट्ने ठानेदार र राज्यव्यवस्था, आफ्नो आफन्तलाई पास बनाएर शम्भुलाई अनुतीर्ण बनाउने पशुपति हाइ स्कुलका नातावादी कृपावादी प्रधानाध्यापक जस्ता पात्रहरू शोषक पात्रका रूपमा उपन्यासमा आएका छन् । ती शोषक पात्रहरूबाट शोषित हुनेहरूमा देवेन्द्र, देवेन्द्रको परिवार, हरितीर्थका जनताहरू, मोहनसिं कठायत, माचकाजी महर्जन, सूर्यवीर बस्नेत, कृष्ण शेरचन र दुर्गाप्रसाद दहालजस्ता पात्रहरू रहेका छन् । जसले राज्यले गरेको शोषणको विरुद्ध आवाज उठाई सङ्घर्षको घोषणासमेत गरेका छन् । समग्रमा भन्नुपर्दा उपन्यासमा व्यक्ति र राज्यले पुँजीका आधारमा, शक्तिका आधारमा, पद र प्रतिष्ठाका आधारमा, लिङ्गका आधारमा, जातीयताका आधारमा वर्गवर्ग अनुसार विभेद गर्ने कार्यलाई देखाइएको छ र ती विभेदका विरुद्धमा आवज उठाई भौतिक, तार्किक तथा व्यवहहारिकरूपमा दुईवर्गबीचको द्वन्द्वको विश्लेषण उपन्यासमा भएको छ । उपन्यसमा देखा परेका त्यस्ता विभेदको विरुद्धमा हतियार उठाउने सङ्केतपछि उपन्यासको अन्त्य भएको छ । उपन्यासमा आएका माथि उल्लिखत पात्र र विभिन्न घटनाक्रमहरूले यस उपन्यासलाई प्रगतिवादी उपन्यास बनाउन यस उपन्यासमा देखा परेको वर्गवर्गबीचको सङ्घर्षले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

## ४.६ *हजार माइलको बाटो* उपन्यासमा वर्गसङ्घर्ष

उन्यासकार नारायण ढकालद्वारा लिखित *हजार माइलको बाटो* उपन्यासमा पूर्वी काठमाडौँको जोरपाटीदेखि हालको मूलपानी, गागलफेदी बज्रयोगिनी, घुमारचोक, साँखु, जहरसिंह पौवा, सिन्धुपाल्चोक र नुवाकोटको सिमाना चिसापानी क्षेत्र, सिन्धुपाल्चोकका केही क्षेत्रहरू, भक्तपुरका केही क्षेत्रहरू, काठमाडौँको सहरी क्षेत्र डिल्लीबजार, पुतली सडक, असन र वरपरका क्षेत्रहरू परिवेश बनेर देखा परेका छन् । पूर्व परच्छेदमा विश्लेषण गरेअनुसार नै यस

उपन्यासका पात्रहरू विभिन्न वर्गमा वर्गीकरण भएका छन् । शक्तिशाली र शक्तिहीन वर्ग, मालिक र श्रमिक वर्ग, शोषक र शोषित वर्ग, धनी र गरिब वर्ग, ठूला जाति र साना जातिको वर्ग, पुरुष र महिला वर्ग आदि उपन्यासमा देखा परेका वर्गहरू हुन् । माथि उल्लेख गरिएका उपल्लो वर्गका रूपमा धेरैजस्तो स्थानमा प्रधानपञ्च नरेन्द्रनाथ अधिकारी देखापरेका छन् । उनीलगायत गजेन्द्रनाथ अधिकारी, विक्रम राई, नेपाल आर्मी, श्री ५ को सरकार र तत्कालीन व्यवस्था पनि उपल्लो वर्गका रूपमा देखापरेका छन् भने नरेन्द्रनाथका छोरा धीरेन्द्र उपन्यासभरि तल्लो वर्गका रूपमा उपस्थित भई बारम्बार आफ्ना पिता नरेन्द्रनाथसँग वर्गसङ्घर्ष गरेको कथा उपन्यासमा उल्लेख छ । नरेन्द्र सँगसँगै दिलबहादुर विश्वकर्मा, सुन्तली विश्वकर्मा, ध्रुव विश्वकर्मा, माओवादी पार्टी, पवित्रा अधिकारी, मायादेवी र उसको परिवार आदि पात्रहरू शोषित तथा पीडित वर्गका रूपमा उपस्थित भएका छन् । ती वर्गहरूमध्ये विशेषगरी नरेन्द्रनाथ र धीरेन्द्रबीचको सङ्घर्षमा उपन्यासको कथानक ढाँचा अगाडि बढेको छ । उपन्यासमा उपर्युक्त वर्गहरूबीचको वर्गसङ्घर्षलाई क्रमैरूपले तल देखाइएको छ :

> ह्या नडरा ! म तँलाई मद्दत गरिहाल्छु नि ! म बाको काण्डलाई सानीआमाको कानमा पुऱ्याउँछु र घरमा मारामार भ'को मजा लुट्छु । त्यसपछि मात्र मेरो मन शान्त हुन्छ । अनि सँगै मिलेर पढम्ला (पृ. ६६) ।

आफ्नो बाबुसँगको सङ्घर्षमा बाबुलाई हराउनका निम्ति बाबुले लुकाएर राखेको केटीको प्रसङ्गलाई सानी आमालाई भनिदिएर आफ्नो बुबालाई हराउने प्रयत्न धीरेन्द्रले माथिको दृष्टान्तमा गरेको छ ।

> ... नरेन्द्रनाथ छोरालाई अलि पर पुऱ्याएपछि जङ्गिए, "तँ मेरो छोरो, मेरो आफ्नै रगत भन्या त शत्रु पो परिछस् (पृ. ७२) ।"

आफ्ना बाबुको पोल खोल्न आफ्नै सन्तान लागेको जानकारी पिताले पाइसकेपछि छोरालाई तँ मेरो छोरा भनेको शत्रुको परिछस् भनेको प्रसङ्ग माथिको दृष्टान्तमा आएको छ । बाबु र छोराबीचको निर्माण भएको वर्ग विभाजनपछि *हजार माइलको बाटो* उपन्यासमा वर्गसङ्घर्षको यात्रा सुरुवात भएको छ ।

छुवाछुत प्रथाले जरो गाडेर बसेको नेपाली समाजमा धीरेन्द्रले कलिलै उमेरमा त्यस्तो कार्य ठीक छैन छुवाछुत गर्न हुँदैन भनी परम्परागत मान्यतामाथि प्रहार गर्ने कार्य उपन्यासमा

गरेको छ । आफू स्वयम्सेवक शिक्षक भएर पढाउन गएको विद्यालयमा गैरदलित र दलित बस्ने ठाउँ फरक खानेपानीको भाँडो फरक भएको देख्दा उसमा विद्रोहको सञ्चार हुन्छ । परम्परागत मान्यतामाथि सङ्घर्ष गर्दै उसले त्यसो नगर्नका निम्ति नियम बसाल्छ । धीरेन्द्रले गरेको पुरातन आदर्शका रूपमा रहेको जातीय विभेदविरुद्धको सङ्घर्षलाई यसरी देखिइएको छ :

> सार्की, दमाई र कामी विद्यार्थीका लागि पानी खान छुट्टै गाग्रो र लोटाको व्यवस्था गरिएको थियो । यो भेदभाव धीरेन्द्रलाई मन परेन । भेदभाव विरोधी यस्तो प्रेरणा उसलाई कहाँबाट प्राप्त भयो, भन्न सकिन्न (पृ. ९३) ।

माथिको उदाहरणमा धीरेन्द्र स्वयंसेवक शिक्षक भएर विद्यालय छिरेपछि जातीय आधारमा बसेको र खानेपानीको व्यवस्थासमेत सोहीअनुसार भएको पाएपछि पुरातन मान्यता भत्काउनका लागि उसले प्रयत्न गरेको छ । उसलाई जातीय विभेद मन परेको छैन र त्यसो गर्नु मानवीय हिसाबले पनि अनुचित हुने उसको बुझाइ छ । तसर्थ उसले त्यस्तो विभेदी मान्यता भत्काउन आफैले आफ्नै कार्यस्थलमा सुरु गरेको छ।

> कुकुर बाहुनको घरभित्र पस्छ तर दमाई, सार्की कामी मानिस भएर पनि बाहुनको घरभित्र पस्न पाउँदैनन् । बिरालोले बाहुन क्षेत्रीका घरको कुँडेको दूध चोर्छ र जुठो खान्छ । त्यो दूध हामी घिन नमानी खान्छौँ तर दमाई कामी सार्कीलाई छोएपछि सुनपानीको छिटो हाल्छौँ ।...यो ज्यादै दुःखको कुरा हो (पृ. ९४) ।

माथिको उदाहरणमा आफूजस्तै मान्छेलाई पशुपक्षी जस्तो स्तरमा पनि नराखेर दुर्व्यवहार र अपमान गरिएको प्रसङ्ग यहाँ उल्लेख गरिएको छ । कुकुर घरभित्र बस्न र पस्न पाउने बिरालोले जुठो हालेको दुध खान घीन नलाग्ने तर कामी दमाई सार्कीले छोए भने पनि सुनपानी छर्केर चोख्याउने जस्तो गलत कर्म गर्ने र मानवीय मर्यादालाई अपमान गर्ने कार्य गरेर जातीय छुवाछुत र भेदभावको परम्परा यहाँ प्रस्तुत गरिएको छ । जसले वर्ग भेद र वर्गसङ्घर्ष निम्त्याउन भूमिका खेल्दछ ।

> धीरेन्द्रको यस्तो करामत सुनेपछि नरेन्द्रनाथ रिसले राखिए उनी दुर्वासा बनेर राँकिदा धीरेन्द्र भान्सामा बसेर भात दिइरहेको थियो । उसले दाल भात मुछेर तरकारीसँग गाँस निल्दै गर्दा उनी डुक्रिँदै भित्र पसे (पृ. ९५) ।

जातीय विभेदविरुद्धको अभियानमा आफ्नै पितासँग पनि सङ्घर्ष गरेको प्रसङ्ग आएको छ । आफ्ना पिता नरेन्द्रनाथसँग छुवाछुतकै विषयमा धीरेन्द्रको मतभेद हुन्छ । नरेन्द्रले यहाँ आफ्ना पिता नरेन्द्रनाथसँग मात्र होइन परम्परागत रूढीग्रस्त समाजसँग नै सङ्घर्ष गरेको

अवस्था छ । दलितमाथि गर्ने व्यवहार परिवर्तन हुनुपर्छ, मानवलाई मानव जसरी व्यवहार हुनुपर्छ, पशुसमेत स्वीकार्य भएको स्थानमा दलित स्वीकार्य नहुनुले मानवको मानवीयतामा प्रश्न चिह्न खडा गर्ने काम धीरेन्द्रले गर्छ । ऊ परम्परागत कुसंस्काररूपी धागोलाई चुडाउनका निम्ति बारम्बार प्रयत्न गरिरहन्छ । धीरेन्द्रले दलितका पक्षमा बोल्नेदेखि लिएर दलितको घरमा गई चिया खानुजस्ता कार्य परम्परागत रूढीग्रस्त समाजसँगको लडाइँ नै हो, जस्तै -

> "तैपनी मुन्छेहेरु हाम्लाई नै पाप लाग्च भन्चन् । तेसैले हामी बाउनलाई पानीसम्म दिन्नम् ।"
>
> " त्यो गलत सोचाइ हो बरु पापी त हामी हौँ, जसले यस्तो भेदभाव चलायौं ।"
>
> ...."हाम्रो टोलका जैसीहेरूले था पाए भने नराम्रो पर्च । भित्र बसेर खानोस् ।"
>
> "हैन, सबै कुरामा मिलाउँछु । तपाईं फिक्री नमान्नोस् ।"
>
> आँगनमा बसीबसी उसले चिया सक्यो दिलबहादुर र उसका बहिनीहरू यो सबै भित्रबाट हेरिरहेका थिए (पृ.१९२) ।

माथिको उदाहरणमा धीरेन्द्रले छुवाछुत प्रथा हटाउन आफैँले दलितको घरमा गई चिया खाएको छ । यद्यपि दलित समुदायका मानिसहरू ब्रह्मणहरूलाई पानी दियो भने हामीलाई नै पाप लाग्छ भन्ने भ्रममा छन् । उक्त भ्रम निवारण गर्न धीरेन्द्रले दलितको घरभित्र छिरेर चिया खाएको छ । गलत सोचाइ हामी गैरदलितको हो । यस्तो सोच राख्ने हामी पो पापी हौँ । हामीले भेदभाव गरेका छौँ भनेर सहने होइन । भेदभाव गर्ने पापी हो भन्दै धीरेन्द्र निस्फिक्री दलितको घरभित्र छिरेर खान्छ र दलित समुदायलाई आफ्नो प्रभावमा पार्छ । दिलबादुरलाई आफ्नो शिष्य बनाई जातीय र वर्गीय युद्धमा होम्ने कार्य धीरेन्द्रले गरेको छ ।

> धीरेन्द्र केही बोलेन । उसले फेरि भन्यो, "म दलित किन भए यसमा मेरो के दोष छ ( पृ.२००) ।"

माथिको उदाहरणमा दिलबहादुरले जातीय प्रथाका विरुद्धमा निकालेको आवाजलाई देखाइएको छ । धीरेन्द्रले आफूमात्र नभई आफ्ना विद्यार्थीहरूलाईसमेत पुरातन आदर्शको विरुद्धमा लड्न उत्प्रेरित गर्ने कार्य गरेको छ । धीरेन्द्रले छुवाछुतमुक्त समाज निर्माणका निम्ति आफूमात्र लड्ने नभई आफ्ना विद्यार्थी, स्वयम् छुवाछुतको विभेदमा परेका दलित समुदायलाईसमेत सुसुचित पार्ने काम गरेको छ । लक्ष्मीप्रसाद देवकोटाको मुनामदन

खण्डकाव्यमा उद्धृत मानिस 'ठूलो दिलले हुन्छ जातले हुँदैन ।' भन्ने प्रसङ्गदेखि लिएर मुलुकी ऐनविरोधी हुने भन्ने कुरा बताएर छुवाछुत गर्न नहुने तर्क राख्छ । आफ्ना शिष्यको रूपमा रहेको दिलबहादुरलाई पनि उसले छुवाछुतको विरुद्ध लड्नुपर्ने कुरा बताउँछ । ऊ गुरुले देखाएको बाटोमा सदैव हिँड्ने प्रयत्न गर्छ । आफ्नो गुरु धीरेन्द्र र आफू संलग्न भएको एमाले पार्टी भ्रष्ट हुँदै गएपछि म दलित हुनु मेरो गल्ती हो ? भन्ने प्रश्नको उत्तर आफ्नो पार्टीले नखोज्ने तर्क राख्दै जनवादी क्रान्तिमा होमिने विचार प्रस्तुत गर्नु पनि दिलबहादुरको पुरातन मान्यता र प्रवृत्ति विरुद्धको यात्रा नै हो ।

अशिक्षारूपी अन्धकारबाट भर्खरमात्र बाहिर निस्कन खोजेको तत्कालीन त्यो समाजमा धीरेन्द्रद्वारा गरिएको त्यो प्रयत्न प्रगतिवादी कदम हो भन्न सकिन्छ । धर्मको आडमा सधैं आफू माथि बसेर तल्ला जातिका मानिसलाई कज्याउने ब्राह्मणवादी धारणाको विरोध गर्ने कार्य धीरेन्द्रबाट भएको हुनाले जातका आधारमा बनेको वर्ग भत्काउनुपर्छ भनी सङ्घर्ष गर्ने कार्य धीरेन्द्रनामक पात्रमार्फत् उपन्यासकार ढकालले गरेका छन् ।

दिलबहादुर विश्वकर्मा प्रधानपञ्च नरेन्द्रनाथ अधिकारी र उसैको घरमा काम गर्न बसेकी सुन्तली विश्वकर्माको नाजायज छोरो हो । दिलबहादुर पढ्ने विद्यालयमा नरेन्द्रनाथका छोरा धीरेन्द्र प्रधानाध्यापक बनेर जान्छ । आफ्ना बाबुको सन्तानका रूपमा दिलबहादुरलाई पाएपछि आफ्नो बाबुसँगको दुरीका कारणले दिलबहादुरसँग नजिक बन्न पुग्छ । दिलबहादुरको बाटो देखाउने गुरु धीरेन्द्र रहेको हुन्छ । समाजबाट अपहेलित, दुई छाक जोड्न पनि कठिन, बाबुले घर छोडी हिँडेको, चरम गरिबी र जातीय विभेद सहन नसकी दिलबहादुर सशस्त्र माओवादी युद्धमा होमिन्छ । ऊ माओवादी छापामार भइरहँदा उसको लडाइँ सामन्तवादहरूसँग हुन्छ । ऊ माओवादीमा छिर्नुले उसका परिवारले हरेक दिन तारिखमा गएर हाजिर गर्नुपर्ने, शारीरिक तथा मानसिक यातना भोग्नुपर्ने अवस्था रहेको छ । वर्षौंपछि फर्किएका पिता पनि युद्धको सन्त्रासले बेपत्ता भएका छन् । आमा पति वियोग र असह्य पीडाले मृत्युवरण गर्न पुगेकी छिन् । पारिवारिक बिछोड, आमाको मृत्यु जस्ता घटनाबाट पनि ऊ विचलित नभई राष्ट्रको नवीन भविष्यका निम्ति ऊ युद्धमा होमिएको छ । आफ्ना जीव वैज्ञानिक पिता नरेन्द्रलाई अपहरण गर्न समेत ऊ स्वयम् गएको छ र अन्त्यमा सशस्त्र युद्धमा मृत्युवरण गर्न पुगेको छ । समग्रमा भन्नुपर्दा जन्मदेखि मृत्युसम्म नै बाँच्नकै लागि मात्र पनि सङ्घर्ष गरेको दिलबहादुरले

आफ्ना जैविक पिता नरेन्द्र, कुसंस्कारको जालोमा बुनिएको नेपाली समाज, समाजका ठालु मानिएका धनी वर्ग, नेपाली सेना, राजनीतिज्ञ, भ्रष्टाचारी, दलाल आदि उपल्लो भनिएको वर्गसँग सङ्घर्ष गर्दागर्दै सहादत प्राप्त गरेको छ ।

आफू होसमा आएदेखि वर्गशत्रुको रूपमा सदैव आफ्ना बाबु नरेन्द्रलाई मान्दै आएको वीरेन्द्र आफ्नो जीवनको अन्तिम अवधिसम्म पनि आफ्नो पितालाई वर्गशत्रु मान्दै सङ्घर्ष गर्दै पितालाई हराउन हिँडेको प्रसङ्ग उपन्यासमा आएको छ । विभिन्न समयमा भएका हरेक सङ्घर्षहरूमा पितासँग सधैँ धीरेन्द्रको पराजय भएको छ । पितासँगको सङ्घर्षमा आफ्नो पुरा जीवन नै समर्पण गर्ने काम धीरेन्द्रले गरेको छ । विवाह समेत नगरी आफ्नो एकपक्षीय लक्ष्य नरेन्द्रनाथको समाप्ति हो भनी सङ्घर्ष गर्ने धीरेन्द्रको जीवन सङ्घर्षै सङ्घर्षमा समाप्त भएको छ ।

घरमा श्रीमती हुँदाहुँदै बाहिर रखैल राख्ने असल चरित्र हुन सक्दैन भनी आफ्नो पिताको भण्डाफोर गरी उनलाई चुनाव हराउन धीरेन्द्रले निकै प्रयास गर्छ । बुबालाई थुनाउन समेत खोज्छ (पृ. १०४) । तर नरेन्द्रले पहिलै सजग भई उक्त केटीको व्यवस्थापन गरिसकेकाले यहाँ पनि नराम्रोसँग हारेको महसुस धीरेन्द्रले गरेको छ (पृ. १०८-१०९) । बुबा प्रधानपञ्च भएकाले आफू कम्युनिस्ट आन्दोलनमा लाग्नु (पृ. १४९-१५०), २०३५/३६ सालको विद्यार्थी आन्दोलनमा विद्यार्थीलाई उक्साएको भनी धीरेन्द्र केही दिन जेल पर्नु (पृ. १५१), विद्यालय गएमा समातिने डरले विद्यालय नै जान नसक्ने अवस्था समेत सिर्जना हुनु (पृ. १९५), आदि घटनाले बाबु र समग्र राज्यसँगको लडाइँमा लागेको कुरा पुष्टि हुन्छ ।

> जिन्दगीको हरेक मोडमा प्रधानपञ्च नरेन्द्रनाथ अधिकारी र धीरेन्द्र विपरीत ध्रुवमा हुन्छन् । त्यस अवधिभर धीरेन्द्रका बा नरेन्द्रनाथ प्रतिकार समिति बनाएर आन्दोलनको विपक्षमा उभिए । अनि होशहवाश गुमेको अवस्थामा थिए । उनको अनुहारमा पहिलेको कान्ति थिएन । उनले धीरेन्द्रलाई पक्राउन सकिन्छ कि भनेर धेरै प्रयत्न गरे भन्ने हल्ला चल्यो । तर, ऊ घर जाँदै गएन (पृ. १९६) ।

संयुक्त जनान्दोलन २०४६ सालको आन्दोलनमा धीरेन्द्र कट्टर रूपमा आन्दोलनको पक्षधर थियो भने नरेन्द्रनाथ विपक्षमा । आफ्नै छोरालाई थुनाउन नरेन्द्रनाथले निकै प्रयत्न गरेको प्रसङ्ग माथिको उदाहरणमा उद्धृत छ । यहाँ आन्दोलनका पक्षधर र दमनकारी दुई विपरीत

स्वार्थ भएका दुई वर्ग परिवारभित्र नै देखाएर बाबुछोराबीचको वर्गसङ्घर्षलाई उपन्यासमा देखाइएको छ ।

> त्यो दिन पत्याउन नसकिने त्यो घटना भयो । कुरा के भने, धीरेन्द्रका बा नरेन्द्रनाथ पनि विजय जुलुसमा निस्केर नारा लगाउन थाले । उनको हातमा हँसिया - हथौडा अङ्कित झण्डा थियो (पृ. १९७) ।

जब आन्दोलन सफल बन्छ तब नरेन्द्रनाथ आफ्नै सफलता भनी हँसिया हथौडा अङ्कित झण्डा बोकेर विजय ऱ्यालीमा आएको देखेपछि धीरेन्द्रले पुनः एकपटक आफूले पराजय भोगेको महसुस गरेको छ । धीरेन्द्र रन्थनिएको छ । अवसरवादी आफ्नो बाबुको चरित्र देखेर झन् घृणाको भाव पैदा भएको छ ।

आफ्नो पितासँगको लडाइँमा धीरेन्द्र त्यतिबेला छाँगाबाट खसे झैँ हुन्छ जतिबेला उनका बाबु माओवादीमा प्रवेश गर्ने तामझाम गर्छन् । प्रधानपञ्च बनेरा दशकौँ शक्तिमा रहेका नरेन्द्रनाथ अचानक माओवादी प्रवेशको खबर सुनेपछि धीरेन्द्र छट्पटिन्छ र कुनै पनि हालतमा युद्धमा नहोमिने विचार राख्ने धीरेन्द्र आफ्नो बाबसँगको सङ्घर्षका निम्ति सशस्त्र युद्धमा होमिन्छ । उपन्यासमा बाबुछोराको सङ्घर्ष देखाउन यस्ता शब्दहरू आएका छन्:

> धीरेन्द्रका निम्ति जीवनको अर्थ यति सङ्कुचित भइसकेको थियो, उनका बा र ऊ एउटै संसारमा रहनु भनेको उसको अस्तित्वको भयानक विघटन हो । जीवनको दौडमा बाउछोराबीच चलेको उछिन् पाछिन् निकै घातक थियो । उनी पञ्च थिए ऊ वाम भयो फेरि ऊ वाम भएर शक्ति र प्रतिष्ठा आर्जन गरिरहेको बेला उनले अझ बढी वाम भएर उसको ठाउँ खोसे (पृ.२१२) ।

यसरी आफ्नो बाबुको सत्तामुखी प्रवृत्ति देखेर कुनै पनि हालतमा जित्नै पर्ने दाउ कसी पहिले कुनै पनि हालतमा नजाने निर्णय गरेको माओवादी पार्टीमा नरेन्द्रले प्रवेश गर्छ । सशस्त्र युद्धमा होमिन्छ । त्यहाँ पनि उसको दाउ कसरी आफ्नो पितालाई सिध्याउने भन्ने नै हुन्छ । जब धीरेन्द्र माओवादीमा प्रवेश गर्छ तब नरेन्द्रनाथले केही वर्षदेखि नवीकरण नगरेको एमालेको सक्रिय सदस्यता नवीकरण गर्छन् । आफूले वर्गसङ्घर्षमा बाबुलाई जित्न सकेको भान धीरेन्द्रलाई हुन्छ (पृ.२२१) । धीरेन्द्रले हरेक भाषणमा आफू र नरेन्द्र फरकफरक वर्ग भएको कुरा

बताउने र आफ्नो पिता नरेन्द्रनाथलाई चन्दा माग्ने र कारबाही गर्ने जस्ता मागहरू राख्न थाले । धीरेन्द्र र नरेन्द्रनाथबीचको भएको वर्गसङ्घर्षलाई तल यसरी देखाइएको छ :

> पुरानो परिवार व्यवस्थाको हिसाबमा म उनको छोरा हुँ । तर, क्रान्तिको दृष्टिमा उनी अर्कै वर्गका प्रतिनिधि हुन् (पृ.२२४) ।

माथिको उदाहरणमा धीरेन्द्रले बाबु र छोरा एउटै घरको भए पनि आफ्नो वर्गशत्रु घोषणा गर्ने काम गरेको छ । आफ्ना बा पूर्णरूपमा अपराधी हुन् हत्यारा हुन् शोषक हुन् भन्दै जन अदालतमार्फत् उनलाई कारबाही हुनुपर्ने माग धीरेन्द्रले राखेको छ । यसरी यस अवधिमा धीरेन्द्र उम्दा क्रान्तिकारी आशावादी बनेर निस्क्यो । हरेक राजनीतिक बैठकमा उसले एउटै मन्त्र दोहोऱ्याइरह्यो बा नरेन्द्रनाथ अपराधी हुन् । जनवादी क्रान्तिका वर्ग दुश्मन हुन् । उपल्लो काँटका अवसरवादी हुन् । हत्यारा हुन् । बलात्कारी हुन् । उनलाई जन अदालतको कठघरामा उभ्याएर प्राणदण्ड नदिएसम्म क्रान्तिकारी मिसन पूरा हुन सक्दैन (ढकाल, २०७४, पृ.२३०) ।

नरेन्द्रनाथलाई रातको समयमा दिलबहादुर धीरेन्द्रसहितको टोलीले अपहरण गर्छ र जनअदालतमा पेश गर्छ । जनअदालतमा पेश गरिसकेपछि आफ्ना कुराहरू राख्नका निम्ति चौबीस घण्टाको समय दिइन्छ । सो समयमा नरेन्द्रनाथले आफ्नो आत्मस्वीकृति लेख्छन् र त्यसको एउटा कपी धीरेन्द्रलाई पनि दिन्छन् । आफ्नो बुबाको आत्मा स्वीकृति पढिसकेपछि जीवनभरि वर्ग दुश्मन मानेको पिताबाट पुनः एकपटक हारेको महसुस गर्छ र नेपाली सेनाको फन्दामा परी मृत्युवरण गर्न पुग्छ । यसरी आफ्नो जीवनभर वर्ग दुश्मनका रूपमा लिएको नरेन्द्रनाथ मृत्युको भयले क्षमा याचना गरेमा सायद धीरेन्द्रको मनमा हर्षको आभास हुन्थ्यो होला । मृत्युदेखि डर नभएको र आफूले जीवनमा गरेका कार्यहरू स्वविवेकमा गरेको, छोराले आफूलाई दुश्मनको रूपमा लिए पनि सदैव छोराको कल्याणका निम्ति काम गरेको आत्मस्वीकृति पढेपछि जीवनभरको दुश्मनीमा पुनः एकपटक हार भएको ठानी धीरेन्द्र विक्षिप्त बन्दै प्रहरीको फन्दामा पुगेको देखिन्छ । धीरेन्द्रले होस सम्हालेदेखि लगभग जीवनको अन्तिम विन्दुसम्म एउटै व्यक्तिलाई वर्ग दुश्मनको रूपमा राखी सधैँ हराउनका निम्ति तत्पर रहने धीरेन्द्र र उसको वर्गशत्रु नरेन्द्रनाथ बीचको वर्गसङ्घर्षलाई देखाउने प्रयास गरिएकाले *हजार माइलको बाटो* उपन्यास वर्गविभेद र सफल हुन नसकेको वर्गसङ्घर्ष देखाइएको प्रगतिवादी उपन्यास हो ।

*हजार माइलको बाटो* उपन्यासमा पञ्चहरूको पनि जित शीर्षकको परिच्छेद पृष्ठ १९५ बाट पूर्णरूपमा वर्गसङ्घर्ष फेला पार्न सकिन्छ । मिराको कृष्ण प्रेम, अर्को महाभारत, हुरीचराको गीत र स्पष्टीकरण शीर्षकका परिच्छेदहरूमा वर्गसङ्घर्षका छापहरू फेला पार्न सकिन्छ । २०२० को दशकदेखि माओवादी सशस्त्र द्वन्दसम्मको परिघटनामा रचिएको यस उपन्यासको कथावस्तुमा वर्गसङ्घर्षका घटनाहरू स्पष्ट रूपमा फेला पार्न सकिन्छ ।

## ४.७ निष्कर्ष

नारायण ढकालका उपन्यासहरूमा वर्गसङ्घर्षको चित्रण प्रमुख रूपमा देख्न पाइन्छ । उनका उपन्यासहरू समाजमा व्याप्त आर्थिक, सामाजिक, तथा राजनीतिक असमानताको यथार्थ प्रस्तुति हुन् । *दुर्भिक्ष* उपन्यासमा ग्रामीण तथा सहरी परिवेशको द्वन्द्व देखाइएको छ, जहाँ सुप्रिया र आलोकले अन्यायका विरुद्ध लड्छन् । समाजमा धनी तथा सत्तासीन वर्गको प्रभाव न्याय प्रणालीमै परेकाले तल्लो वर्ग शोषणमा परेको छ । वर्गीय अन्यायविरुद्ध सङ्घर्ष गर्दै समाज रूपान्तरणको सङ्केत उपन्यासले दिएको छ । *प्रेतकल्प* उपन्यासमा सय वर्षअघिको नेपाली समाज चित्रित छ, जहाँ धनी वर्गले गरिब वर्गलाई शोषण गरी शक्ति कायम रादख्छ । धर्म र परम्परालाई अन्यायको औजार बनाई गरिब वर्गलाई शोषण गरिएपछि पण्डित बालकृष्णले यस अन्यायको विरोध गर्दै गरिब वर्गलाई चेतना दिलाउँछन् । धनी वर्गको निरन्तर शोषणले गरिब वर्गलाई विद्रोहतर्फ धकेल्छ, जसबाट वर्गसङ्घर्षको अवस्था उत्पन्न भएको छ ।

*वृषभ वध* उपन्यासमा विभिन्न पात्रहरूको सङ्घर्ष चित्रण गरिएको छ । देवेन्द्रको विद्रोही चरित्र, पवित्राको पुरुषसत्तात्मक समाजप्रतिको विरोध, लवप्रसादको क्रान्तिकारी चेतना, रामप्रसादको सम्मानका लागि सङ्घर्ष र अञ्जुको स्वतन्त्रताका निम्ति परिवारसँगको टकराव उपन्यासलाई प्रगतिवादी धारमा अघि बढाउँछन् । उपन्यासले सामन्ती, पुँजीपति तथा भूमिपतिहरूको विरोध गर्दै सर्वहारा वर्गको पक्षपोषण गर्छ । *हजार माइलको बाटो* उपन्यासले ग्रामीण र सहरी परिवेश समेट्दै नेपाली समाजमा रहेको सामाजिक, आर्थिक तथा राजनीतिक असमानतालाई उजागर गरेको छ । धनी वर्गले गरिबको श्रम शोषण गर्दै आफ्नो शक्ति र सम्पत्ति विस्तार गर्ने विषयलाई उपन्यासले चित्रण गर्छ । धीरेन्द्र, दिलबहादुरलगायतका पात्रहरूद्वारा उपल्लो वर्गसँग गरिएको वर्गसङ्घर्षलाई उपन्यासमा देखाइएको छ । यी उपन्यासहरूमा वर्गसङ्घर्ष केवल आर्थिक मात्र नभई सामाजिक तथा सांस्कृतिक रूपान्तरणको

प्रयास पनि हो । नारी अधिकार, जातीय विभेदको अन्त्य, शिक्षा तथा समान अवसरका लागि गरिएको सङ्घर्ष, र पुँजीवादी शोषणको विरोध यी कृतिहरूको प्रमुख विषयवस्तु हो । ढकालका उपन्यासले समाजमा व्याप्त अन्याय, शोषण, तथा विभेदलाई औँल्याउँदै ती वर्गबीचको सङ्घर्षलाई देखाएका छन् ।

# पाचौँ परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

*नारायण ढकालका उपन्यासमा प्रगतिवाद* शीर्षकको यस शोधप्रबन्धलाई पाँचवटा मूल परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदको नाम 'शोधपरिचय' राखिएको छ । यस परिच्छेदमा 'विषयपरिचय', 'समस्या कथन', 'शोधकार्यका उद्देश्यहरू', 'पूर्वकार्यको समीक्षा', 'अध्ययनको औचित्य वा महत्त्व', 'शोधकार्यको सीमा', 'शोधविधि' र 'शोधपत्रको सम्भावित रूपरेखा' गरी आठ उपशीर्षकबाट शोधको परिचय गराई उपसंहार गरिएको छ ।

शोधप्रबन्धको दोस्रो परिच्छेद 'नारायण ढकालका उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद' शीर्षकमा रहेको छ । यस परिच्छेदलाई 'विषयप्रवेश', 'भौतिवादको सैद्धान्तिक परिचय', '*दुर्भिक्ष* उपन्यासमा भौतिवाद', '*प्रेतकल्प* उपन्यासमा भौतिवाद', '*वृषभ वध* उपन्यासमा भौतिवाद', '*हजार माइलको बाटो* उपन्यासमा भौतिवाद' र निष्कर्ष गरी सातवटा उपशीर्षकमा विभाजन गरिएको छ । यस परिच्छेदमा समाजमा आर्थिक सामाजिक सांस्कृतिक मूल्यहरूको बदलिँदो स्वरूपलाई उजागर गर्दै भौतिकवादको प्रभाव र त्यसले निम्त्याएको परिणामहरू, भौतिकवादी मान्यता, नवनिर्माण, विश्वबन्धुत्वको भावना, समाजमा हुने द्वन्द्व र मूल्यहरूको पतन भौतिकवादी सोचले समाजमा गरिब र धनीबीचको खाडल गहिरो बनाएको यस परिच्छेदमा चित्रित छ । उपन्यासमा भेटिएको ईश्वरप्रतिको अनास्था, प्रगतिवादी दृष्टि, स्वतन्त्रता आदि कुराहरूलाई मार्क्सवादी भौतिकवादको दृष्टिबाट हेर्ने कार्य यस परिच्छेदमा गरिएको छ ।

शोधप्रबन्धको तेस्रो परिच्छेद 'नारायण ढकालको उपन्यासमा वर्गविभेद' रहेको छ । यस परिच्छेदलाई 'विषयप्रवेश', 'वर्गविभेदको सैद्धान्तिक परिचय', '*दुर्भिक्ष* उपन्यासमा वर्गविभेद', '*प्रेतकल्प* उपन्यासमा वर्गविभेद', '*वृषभ वध* उपन्यासमा वर्गविभेद', '*हजार माइलको बाटो* उपन्यासमा वर्गविभेद' र 'निष्कर्ष' गरी सातवटा उपशीर्षकमा विभाजन गरिएको छ । यस परिच्छेदमा नारायण ढकालका उपन्यासमा देखिएको मार्क्सवादी सिद्धान्त अनुसारको वर्गीय अवस्थालाई देखाएर उपन्यासमा देखिएका वर्गहरूको विश्लेषण गर्दै उपसंहार गरिएको छ ।

शोधप्रबन्धको चौथो अध्याय 'नारायण ढकालका उपन्यासमा वर्गसङ्घर्ष' शीर्षकमा रहेको छ । यस परिच्छेदलाई 'विषयप्रवेश', 'वर्गसङ्घर्षको सैद्धान्तिक परिचय', '*दुर्भिक्ष*

उपन्यासमा वर्गसङ्घर्ष', '*प्रेतकल्प* उपन्यासमा वर्गसङ्घर्ष', '*वृषभ वध* उपन्यासमा वर्गसङ्घर्ष', '*हजार माइलको बाटो* उपन्यासमा वर्गसङ्घर्ष' र 'निष्कर्ष' गरी सातवटा उपशीर्षकमा विभाजन गरिएको छ । यस परिच्छेदमा ढकालका उपन्यासका आधारमा उनका उपन्यासिक प्रवृत्तिहरूलाई क्रान्तिकारी चेतना, वर्गसङ्घर्ष, सङ्कीर्णता र रूढीवादको विरोध, श्रमजीवी वर्ग र सम्पन्न वर्गबीचको आर्थिक, सामाजिक र सांस्कृतिक अन्तरले पार्ने प्रभाव, जमिन्दार र निमुखा वर्गबीचको वर्गसङ्घर्ष, निम्न वर्गले सहनशक्ति गुमाएर शोषण विरुद्ध आवाज उठाई सङ्घर्ष गरेको सामाजिक व्यवस्थालाई यस परिच्छेदमा व्याख्या विश्लेषण गरिएको छ ।

शोधप्रबन्धको पाँचौं अर्थात् अन्तिम परिच्छेदको शीर्षक सारांश तथा निष्कर्ष राखिएको छ यस परिच्छेदमा शोधभित्रका अध्यायहरूको अध्यायगत सारांश र सिङ्गो शोधको निष्कर्षसमेत प्रस्तुत गरिएको छ र अन्त्यमा सन्दर्भ सामग्री राखिएको छ ।

## ५.२ निष्कर्ष

*नारायण ढकालको उपन्यासमा प्रगतिवाद* शीर्षकको यस शोधप्रबन्धको समस्याकथनमा प्रस्तुत तीनवटा समस्यालाई प्राज्ञिक समाधान गर्न उपन्यासको विश्लेषणबाट प्राप्त निष्कर्षलाई तल प्रस्तुत गरिएको छ ।

(१) नारायण ढकालको उपन्यासमा द्वन्द्वात्मक भौतिकवादी दृष्टि के कसरी प्रस्तुत भएको छ भन्ने प्रश्न यस अध्ययनको पहिलो समस्याका रूपमा रहेको छ । दोस्रो परिच्छेदमा यस समस्याको समाधान पहिल्याउने काम गरिएको छ । प्रस्तुत शोध समस्याको समाधानका क्रममा उत्तरस्वरूप निम्नलिखित निष्कर्षहरू प्राप्त भएका छन् :

(क) *दुर्भिक्ष* उपन्यासमा देखिएको भौतिकवादी मान्यताको खोजी गरिएको छ । उपन्यासमा आलोक, सुप्रिया, प्रधानपञ्च राधाकृष्ण, भोजराज, हरि, कृष्णचन्द्रआदि पात्रहरू सिर्जना गरेर भौतिकवादी मान्यताअनुरूप परम्परागत आदर्शको विरोध गरेको, ईश्वरीय शक्तिलाई अस्वीकार गरेको, विकास निर्माण, व्यक्तिगत स्वतन्त्रता आदि अभिलक्षणहरूका साथ भौतिकवादी मान्यताको निरूपण गरिएको छ ।

(ख) *प्रेतकल्प* उपन्यासमा देखिएको भौतिकवादी दृष्टिको खोजी गरिएको छ । बालकृष्ण, अश्विनी लगायतका पात्रहरूद्वारा विधवासँगको विवाह, दलितलाई वेद पढाएको, मूर्ति पूजाको विरोध गरेको, बालविवाहको विरोध गरेको, पुरातन सोचलाई अस्वीकार गरेको, अन्धविश्वासको

विरोध गरेको, वैज्ञानिक चमत्कारलाई स्थान दिइएको, पूर्वाधार विकासमा जोड दिएको आदि अभिलक्षणहरूका साथ उपन्यासमा प्रयुक्त भौतिकवादी दृष्टिको निरूपण गरिएको छ ।

(ग) *वृषभ वध* उपन्यासमा देखिएको भौतिकवादी दृष्टिको खोजी गरिएको छ । प्रधानपञ्च हरिभक्त, देवेन्द्र आदि पात्रहरूद्वारा तथ्य र तर्कलाई प्राथमिकता दिइएको, कुसंस्कारको विरोध गरेको, वैज्ञानिक आविष्कारलाई जोड दिइएको, ईश्वरीय शक्तिलाई अस्वीकार गरिएको आदि अभिलक्षणहरूका साथ उपन्यासमा प्रयुक्त भौतिकवादी दृष्टिको निरूपण गरिएको छ ।

(घ) *हजार माइलको बाटो* उपन्यासमा देखिएको भौतिकवादी दृष्टिको खोजी गरिएको छ । नरेन्द्रनाथ अधिकारी, धीरेन्द्र अधिकारी, वसन्तराज खनाल आदि पात्रहरूद्वारा अध्यात्मवादको विरोध, तर्कमा विश्वास गर्नु, ईश्वरनिन्दा, सहरीकरण आधुनिकताको प्रभावआदि अभिलक्षणहरूका साथ उपन्यासमा प्रयुक्त भौतिकवादी दृष्टिको निरूपण गरिएको छ ।

(२) नारायण ढकालका उपन्यासमा वर्गविभेदको अवस्था केकस्तो रहेको छ भन्ने प्रस्तुत अध्ययनको दोस्रो समस्या रहेको छ । यस समस्याको समाधान शोधपत्रको तेस्रो परिच्छेदमा गरिएको छ । यस समस्याको समाधानका रूपमा निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् ।

(क) *दुर्भिक्ष* उपन्यासमा देखिएको वर्गविभेदको अवस्था खोजी गरिएको छ । दुर्भिक्ष उपन्यासमा मालिक र श्रमिक वर्ग, ठूला जातको र साना जातको वर्ग, शक्तिशाली र शक्तिहीन वर्ग, पुँजीपति र सर्वहारा वर्ग, शोषक र शासित वर्ग, दमक र दमित वर्ग गरी वर्गीय विभेदको अवस्था देखिएको छ ।  राज्यसत्ता, प्रधानपञ्च, बोधराज, नेपाली सेना, राजकवि, राधाकृष्णजस्ता पात्रहरू शक्तिशाली वर्ग र आलोक, सुप्रिया, विपिन विद्रोही, समिरा, मुक्तिनारायण श्रेष्ठ आदि शक्तिहीन वर्गका रूपमा उपन्यासमा देखापरेका छन् ।

(ख) *प्रेतकल्प* उपन्यासमा मालिक र श्रमिक वर्ग, धनी र गरिब वर्ग, शक्तिशाली र शक्तिहीन वर्ग, पुँजीपति र सर्वहारा वर्ग, शोषक र शासित वर्ग, दमक र दमित वर्ग, महिला र पुरुष वर्ग, उपल्लो जाति र तल्लो जातिको वर्ग निर्माण भएको छ ।  बालकृष्ण, हनुमाने, ( अश्विनी), दमयन्ती,  सुभद्राआदि पात्रहरू निम्न वर्गका पात्रका रूपमा र जिम्वाल विष्णुभक्त, दीर्घ नरसिंह, रामभक्त, चन्द्रशमशेर र बबर शमशेरआदि पात्रहरू उच्चवर्गीय पात्रका रूपमा उपन्यासमा देखापरेका छन् ।

(ग) *वृषभ वध* उपन्यासमा ठूला जातको र साना जातको वर्ग, शक्तिशाली र शक्तिहीन वर्ग, पुँजीपति र सर्वहारा वर्ग, शोषक र शासित वर्ग, दमक र दमित वर्ग गरी वर्गीय विभेदको अवस्था देखाइएको छ । प्रधानपञ्च हरिभक्त, परमेश्वर, श्रीधर पुडासैनी, शशिधर, चन्द्रधर शोषक पात्रका रूपमा र देवेन्द्र, रामप्रसाद, काले सार्कीआदि पात्रहरू शासित पात्रका रूपमा उपन्यासमा देखा परेका छन् ।

(घ) *हजार माइलको बाटो* उपन्यासमा मालिक र श्रमिक वर्ग, ठूला जातको र साना जातको वर्ग, शक्तिशाली र शक्तिहीन वर्ग, पुँजीपति र सर्वहारा वर्ग, शोषक र शासित वर्ग, दमक र दमित वर्ग, महिला र पुरुषको वर्ग, अभिभावक र सन्तानको वर्ग, सम्भ्रान्त र निमुखा वर्ग गरी वर्गीय विभेदको अवस्था देखाइएको छ । उपन्यासमा नरेन्द्रनाथ, विक्रम र गजेन्द्रनाथआदि पात्रहरू उच्च वर्ग धीरेन्द्र, ब्रजेश, सुन्तली, दिलबहादुर, धीरेन्द्रकी वास्तविक आमा सावित्रीआदि निम्न वर्गका रूपमा उपन्यासमा देखापरेका छन् ।

(३) नारायण ढकालका उपन्यासमा प्रयुक्त वर्गसङ्घर्षको के कसरी भएको छ भन्ने प्रस्तुत अध्ययनको तेस्रो समस्या रहेको छ । यस समस्याको समाधान शोधपत्रको चौथो परिच्छेदमा गरिएको छ । यस समस्याको समाधानका रूपमा निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् ।

(क) *दुर्भिक्ष* उपन्यासमा देखिएको वर्गसङ्घर्षलाई देखाइएको छ । प्रधानपञ्च र आलोक, नेपाली सेना र आलोक, नेपाली सेना र सुप्रिया, राज्यसत्ता र विपिन विद्रोहीबीच वर्गसङ्घर्ष भएको छ र वर्गसङ्घर्षमा आलोकको मृत्यु भएको छ । सुप्रिया युद्धमा होमिएकी छिन् र विपिन विद्रही सशस्त्र युद्धमा बेपत्ता भएको छ । उपन्यासमा दुई वर्गबीचको सङ्घर्षमा सर्वहारा वर्गको पराजय भएको छ ।

(ख) *प्रेतकल्प* उपन्यासमा देखिएको वर्गसङ्घर्षलाई देखाइएको छ । बालकृष्ण र जिम्वाल विष्णुभक्त, हनुमाने (अश्विनी) र जिम्वाल विष्णुभक्त, बालकृष्ण र राज्य व्यवस्थाबीचको वर्गसङ्घर्षमा बालकृष्णले निर्वासित हुनुपरेको छ । हनुमाने (अश्विनी)ले चरम यातना भोग्नु परेको छ । उपन्यासमा दुई वर्गबीचको सङ्घर्षमा सर्वहारा वर्गको पराजय भएको छ ।

(ग) *वृषभ वध* उपन्यासमा देखिएको वर्गसङ्घर्षलाई देखाइएको छ । देवेन्द्र र प्रधानपञ्च हरिभक्त, देवेन्द्र र राज्यसत्ताबीचको सङ्घर्ष भएको छ । वर्गसङ्घर्षका क्रममा देवेन्द्रले जेलबाट भागेको प्रसङ्गले वर्गसङ्घर्ष थप चर्केने सम्भावना देखिन्छ ।

(ग) *हजार माइलको बाटो* उपन्यासमा देखिएको वर्गसङ्घर्षलाई देखाइएको छ । धीरेन्द्र र नरेन्द्रनाथ, धीरेन्द्र र राज्यव्यवस्था, दिलबहादुर र राज्यव्यवस्थाबीच सङ्घर्ष भएको छ । वर्गसङ्घर्षमा धीरेन्द्रले जीवनमा हरेकपटक आफ्नो वर्ग शत्रुसँग हारेको छ र अन्यमा सेनाको घेरामा परी मृत्युवरण गरेको छ । वर्गसङ्घर्षमा दिलबहादुरले आमाबाबु र गुरु गुमाएको छ । उपन्यासमा दुई वर्गबीचको सङ्घर्षमा सर्वहारा वर्गको पराजय भएको छ ।

अन्त्यमा नारायण ढकालका उपन्यासहरूमा प्रगतिवादी साहित्य सिद्धान्तअनुसारको विशेषताहरू भेटिएको छ । मार्क्सवादी भौतिकवादको प्रस्तुति ढकालको उपन्यासमा फेला पारिएको छ । ग्रमीण तथा सहरी दुवै परिवेशको प्रस्तुतीकरण गरी उपन्यासहरूमा वर्गविभेदको अवस्था देखाइएको छ । विभिन्न वर्गमा विभाजित वर्गहरूबीचको सङ्घर्षलाई देखइएको छ । समग्रमा नारायण ढकालको *दुर्भिक्ष, प्रेतकल्प, वृषभ वध* र *हजार माइलको बाटो* उपन्यासमा देखा परेका वर्गीय विभेद, वर्गसङ्घर्ष र भौतिकवादी दृष्टिको प्रस्तुति पाइन्छ । उनका उपन्यासका माथि उल्लिखित विषेशषताहरूका आधारमा नारायण ढकाल प्रगतिवादी उपन्यासकार र उनका उपन्यासहरू प्रगतिवादी उपन्यासकार हुन् भन्ने कुरा प्रमाणित हुन्छ ।

# सन्दर्भ सामग्रीसूची


आप्टे, वामन शिवराम (सन् १९६९), *संस्कृत हिन्दी कोश,* दिल्ली : मोतीलाल वनारसीदास पब्लिसर्स ।

उपाध्याय, टोलराज, (२०७७ वैशाख १), 'हजार माइलको बाटो पढेपछि', https://dhorpatannews.com/2020/04/25413/

उप्रेती, सञ्जीव (२०७८), *सिद्धान्तका कुरा,* काठमाडौँ : बुकहिल प्रकाशन ।

कड्वेल, क्रिस्टफोर (सन् १९९०), *विभ्रम और यथार्थ,* नयाँ दिल्ली : राजकमल प्रकाशन ।

कोइराला, कुमारप्रसाद (२०७२, वैशाख ३१),'समकालीन उपन्यासका प्रमुख प्रवृत्तिहरू, कार्यपत्र, नेपाल प्रज्ञा प्रतिष्ठान र महाकाली साहित्य सङ्गमद्वारा आयोजित गोष्ठी, कञ्चनपुर, महेन्द्रनगर ।

खरेल, शेखर (२०७२, जेठ २३), उपन्यासको वृषभ अवतार, *नागरिक,* पृ.११ ।

गिरी, अमर (२०६९), *मार्क्सवादी साहित्य सिद्धान्त,* काठमाडौँ : *भृकुटी,* पू. १५, पृ. १३-४९ । भृकुटी एकेडेमिक पब्लिकेशन ।

गौतम, देवीप्रसाद (२०४९), *प्रगतिवाद, परम्परा र मान्यता,* काठमाडौँ : मुना गौतम ।

चापागाईं, निनु (२०६४), *मार्क्सवादी चिन्तनमा सौन्दर्य,* ललितपुर : साझा प्रकाशन ।

चापागाईं, निनु (२०६७), *मार्क्सवादी साहित्य चिन्तन,* ललितपुर : साझा प्रकाशन ।

चैतन्य, (२०६७ क) *क्रान्ति र सौन्दर्य,* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

चैतन्य, (२०६७ ख) *मार्क्सवादी सौन्दर्यशास्त्र,* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

जोशी, कुमारबहादुर (२०५४), *पाश्चात्य साहित्यका प्रमुख वाद,* काठमाडौँ : साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद (२०६८), *नेपाली महाकाव्यमा वर्गीयता र वर्गद्वन्द्व,* काठमाडौँ : सुजल अफसेट प्रेस ।

ढकाल, नारायण (२०५५), *पीत संवाद,* ललितपुर : साझा प्रकाशन ।

ढकाल, नारायण (२०६५), *प्रेतकल्प,* ललितपुर : साझा प्रकाशन ।

ढकाल, नारायण (२०६९), *दुर्भिक्ष* (दोस्रो संस्क.), काठमाडौँ : साङ्ग्रिला बुक्स ।

ढकाल, नारायण (२०७१), *वृषभ वध,* काठमाडौँ : फाइन प्रिन्ट ।

ढकाल, नारायण (२०७४), *हजार माइलको बाटो,* काठमाडौँ : फाइन प्रिन्ट ।

ढकाल, नारायण (२०७५), *प्रेतकल्प,* काठमाडौँ : बुकहिल प्रकाशन ।

ढकाल, नारायण (२०७६), *तमस,* काठमाडौँ : बुकहिल प्रकाशन ।

ढकाल, नारायण (२०७८), *तीन संवत्सर* (दोस्रो संस्क.), काठमाडौँ : शिखा बुक्स ।

ढकाल, सम्झना (२०६८), *नारायण ढकालको उपन्यासकारिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

धिताल, सरोज (२०७७), *वृषभ वध उपन्यासमा प्रगतिवादी चेतना,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

न्यौपाने, श्रीराम (सन् २०२०), ऐतिहासिक भौतिकवादको कसीमा प्रेतकल्प, *प्रज्ञा पाटन,* वर्ष ६, अङ्क १, पृ. २३९-२५० ।

पाण्डे, नयनराज (२०७२), वृषभ वध अर्थात् राष्ट्रिय रूपक, *कान्तिपुर,* वर्ष २३, अङ्क ६२, पृ. ८ ।

पाण्डेय, ताराकान्त (२०७८), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

पोखरेल, गुरूप्रसाद (२०६९), परिचयात्मक सन्दर्भमा प्रगतिवाद, *भृकुटी,* पू. १५, पृ. ८०-८५ ।

पोखरेल, भानुभक्त (२०५९), *सिद्धान्त र साहित्य* (दोस्रो संस्क), ललितपुर : साझा प्रकाशन ।

पोखरेल, भोलानाथ (२०६९), नेपाली प्रगतिवादी साहित्य, *भृकुटी,* पू. १५, पृ. २७३-२८८ ।

पौडेल, गोपिन्द्र र ज्ञवाली, विष्णु(सम्पा.) (२०७८), *मार्क्सवादी सौन्दर्य चिन्तन,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

फक्स, राल्फ (सन् १९८०), *उपन्यास और लोकजीवन,* नरोत्तम नागर (अनु.), (तेस्रो संस्क.) नयाँ दिल्ली ।

बराल, ऋषिराज (२०४८), *कामरेड हुतराज राजधानी प्रस्थान,* चितवन : चितवन प्रकाशन ।

बराल, ऋषिराज (२०४९), *प्रगतिवाद,* विराटनगर : हाम्रो साहित्य सदन ।

बराल, ऋषिराज (२०६७), *मार्क्सवाद र उत्तरआधुनिक वाद,* काठमाडौँ : साझा प्रकाशन ।

बाहरी, हरदेव (सन् २००७), *राजपाल हिन्दी शब्दकोश,* दिल्ली : राजपाल एण्ड सन्स ।

भट्टराई, दिवसमणि (२०७५), *नारायण ढकालका कथाहरूमा वर्ग संस्कृति,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

माओत्सेतुङ (२०५७), *सङ्कलित रचना भाग-३,* खगेन्द्र सङ्ग्रौला (अनु.) (दोस्रो संस्क.), काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

मार्क्स, कार्ल र फ्रेडरिक एङ्गेल्स (सन् १९५६), *लिट्रेचर एण्ड आर्ट,* बम्बई (अनु.) : करेन्ट बुक हाउस ।

मार्क्स, कार्ल र फ्रेडरिक एङ्गेल्स (२०६३), *साहित्य र कला,* राजेन्द्र मास्के र सूर्य पौडेल (अनु.) (दोस्रो.संस्क.), काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

लुकास, जर्ज (२०३१), *जर्ज लुकासको साहित्य सिद्धान्त,* लीलाप्रसाद शर्मा (अनु.), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लेनिन, भि.आई. (२०६४), *मार्क्सवादको रूपरेखा* (अनु.), काठमाडौँ : मार्क्सवाद अध्ययन अनुसन्धान प्रतिष्ठान ।

वैद्य, मोहन (२०६७), *मार्क्सवादी दर्शन,* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

वैद्य, मोहन (२०७७), *मार्क्सवादी समालोचना,* काठमाडौँ : शमी साहित्य प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *शोधविधि* (पाँचौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौथो संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास : परम्परा प्रवृत्ति,* काठमाडौँ : भूमिका प्रकाशन ।

Lelin, V.I. (1977). *A Grate Beginning: Heroism of the Workers in the Rear. Communist Subbotniks*. Peking: Foreign Language Press.